# कैकेयी महाकाव्यमा रसविधान

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
चिरञ्जीवी खतिवडा
शैक्षिक सत्र : २०७३–२०७४
त्रि.वि.दर्ता नं. ६-२-१९-१०५८-२०१६
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन
२०७८/सन् २०२१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्रसङ्काय

# वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

त्रिभुवन विश्वविद्यालयअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, एम.ए. तह द्वितीय वर्ष, नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि यसै क्याम्पसको एम.ए तहको द्वितीय वर्षमा अध्ययनरत छात्र चिरञ्जीवी खतिवडाद्वारा प्रस्तुत 'कैकेयी महाकाव्यमा रसविधान' शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कनसहित स्वीकृत गरिएको छ।

मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| .......................... | ............................ | ......................... |
| दामोदर रिजाल | भवनाथ सडौला | डा. धनेश्वर भट्टराई |
| बाह्य परीक्षक | विभागीय प्रमुख | शोधनिर्देशक |

मिति- २०७८/०४/२७
सन्- २०२१-अगस्ट-११

# शोधनिर्देशकको सिफारिस

'कैकेयी महाकाव्यमा रसविधान' शीर्षकको प्रस्तुत शोधपत्र शोधार्थी चिरञ्जीवी खतिवडाले मेरा निर्देशनमा त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गर्नुभएको हो। शोधपत्र तयार गर्न शोधार्थीको प्रशस्त लगन र परिश्रम परेको छ। म उक्त शोधकार्यबाट पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मिति- २०७६/०४/२५
सन्- २०२१-अगस्ट- ०९

........................
डा. धनेश्वर भट्टराई
सह-प्राध्यापक
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता-ज्ञापन

'कैकेयी महाकाव्यमा रसविधान' शीर्षकको शोधपत्र स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि तयार गरेको हुँ। यस शोधकार्यमा कुशलतापूर्वक निर्देशन गर्नुहुने गुरु सहप्राध्यापक डा. धनेश्वर भट्टराईज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

त्यसैगरी अनुसन्धानका लागि आफ्नो ग्रन्थलाई स्वीकृति दिई तत्सम्बद्ध विभिन्न पत्रपत्रिका तथा आवश्यक सामग्री उपलब्ध गराउनुहुने तथा आशीर्वादसहित सत्प्रेरणा दिनुहुने शोधनायक गोविन्दराज विनोदी गुरुज्यूप्रति धन्यवाद ज्ञापन गर्दछु।

हृदयमा रहेर सधैँ सन्मार्गमा प्रेरित गर्नुहुने पितृकल्प परमपूज्य गुरुदेव ब्रह्मलीन डा. स्वामी रामानन्द गिरिजी महाराजप्रति अत्यन्त कृतज्ञ छु । त्यसैगरी प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न आवश्यक सुझाव एवं सल्लाह प्रदान गर्नुहुने आदरणीय गुरु सहप्राध्यापक दामोदर रिजालज्यूप्रति पनि हृदयदेखि आभारी छु। यस शोधकार्यका लागि आवश्यक पुस्तक तथा पत्रिकाहरूको व्यवस्था गर्ने महेश संस्कृत गुरुकुल परिवारप्रति पनि हार्दिक कृतज्ञ छु। मेरो शैक्षिक प्रगति र उन्नतिका लागि सहयोग र प्रेरणा प्रदान गर्नुहुने माता, पिता र गुरुजनप्रति वन्दना गर्दछु।

शोधपत्र तयारीकै सन्दर्भमा सुझाव एवम् अपेक्षित सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु नीराजन पन्तज्यूप्रति हार्दिक आभारी छु। शोधरत रहँदा परोक्ष र अपरोक्ष रूपमा सहयोग पुऱ्याउने सबैमा पनि आभार प्रकट गर्दछु।

अन्त्यमा 'कैकेयी महाकाव्यमा रसविधान' शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग समक्ष पेश गर्दछु।

मिति- २०७८/०४/१५
सन्- २०२१-जुलाई-३०

.......................
चिरञ्जीवी खतिवडा
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरू यसप्रकार छन्–

| सङ्क्षेपीकृत रूप | पूर्ण शब्द |
|---|---|
| अनु. | अनुवादक |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| वि.सं. | विक्रम संवत् |
| श्लो. | श्लोक |
| सं. | सम्पादक |
| संस्क. | संस्करण |

# शोधसार

*'कैकेयी महाकाव्यमा रसविधान'* शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवनको एम.ए. तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तु गरिएको हो । पूर्वीय रससिद्धान्तअनुसार जुनसुकै साहित्यिक सिर्जनामा पनि कुनै न कुनै रस अवश्य नै भएकै हुन्छ । गोविन्दराज विनोदीद्वारा लिखित *'कैकेयी'*मा पनि विविध स्थान र परिवेशमा विविध रसहरूको प्रयोग भएको पाइन्छ । हास्य, शृङ्गार जस्ता केही रसहरूको प्रयोग करुणकाव्यमा त्यत्ति नसुहाउने हुनाले पनि यसको प्रयोग अलि कम भएको छ तर पनि अन्य रसको प्रयोगको दृष्टिले *'कैकेयी'* रसप्रयोगमा सफल काव्य साबित भएको देखिन्छ । *'कैकेयी'* महाकाव्य वाल्मीकि रामायण, उत्तररामचरित नाटक, प्रतिमा नाटक आदि संस्कृत साहित्यका ग्रन्थहरूको अध्ययनबाट प्राप्त हुने प्रभावलाई ग्रहण गर्दै लेखिएको महाकाव्य भएको हुँदा यहाँ विशेषतः करुण रसकै प्रमुखता पाइन्छ । अन्य वीर, शृङ्गार, रौद्र, भयानक, हास्य आदि रसहरू भने यही करुणरसका परिधिमा प्रयुक्त भएका देखिन्छन् । रामको राज्याभिषेकमा विघ्न आउनु, वनवास जानु, दशरथको मृत्यु हुनु, भरतले शोक गर्नु आदि घटनाहरूद्वारा पनि करुणरस नै प्रवाहित भएको देखिन्छ । पूर्वीय काव्यशास्त्रमा प्रतिपादित रससिद्धान्तका आधारमा समग्र *'कैकेयी'* महाकाव्यमा समायोजन गरिएको रसको अन्वेषण र विश्लेषण गर्नु नै यस शोध प्रबन्धको प्रमुख उद्देश्य हो । यस महाकाव्यका सम्बन्धमा अन्य अध्येताहरूले सूक्ष्मरूपमा अध्ययन नगर्नुले यस शोधकार्यको उपयोगिता सिद्ध गर्दछ ।

यस शोधपत्रको व्यवस्थित संरचनाका निम्ति पाँच परिच्छेद र एक सन्दर्भसामग्रीभाग गरी जम्मा ६ खण्डमा विभाजन गरिएको छ । त्यसमध्ये प्रथम परिच्छेदमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । त्यसमा शोधशीर्षक, शोधको परिचय, उद्देश्य, पूर्वकार्यको समीक्षा आदि विविध विषयहरू र शोधपत्रको रूपरेखासमेत प्रस्तुत गरिएको छ । त्यसैगरी द्वितीय परिच्छेदमा रसको सैद्धान्तिक आधारसम्बन्धी चर्चा गरिएको छ । त्यसमा पनि रसको परिचय, रससिद्धान्तका प्रथम व्याख्याता भरतमुनि र उनको नाट्यशास्त्रको परिचय, रससामग्रीहरू, नवरसको विवेचन आदि प्रस्तुत गरिएको छ । त्यसैगरी तृतीय परिच्छेदमा कैकेयी महाकाव्यमा रससिद्धान्तका आधारमा कुन-कुन परिवेशमा कुन-कुन रसको प्रयोग भएको छ भन्ने विषयमा अध्ययन गरिएको छ । चौथो परिच्छेदमा रसविधानका दृष्टिले कैकेयी महाकाव्यले दिएको योगदानको चर्चा गरिएको छ र पञ्चम परिच्छेदमा उपसंहार तथा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ । यसैगरी अन्तिममा सन्दर्भसामग्री प्रस्तुत गरिएको छ ।

# विषयसूची


प्रथम परिच्छेद १

शोधपत्रको परिचय १

१.१ विषयपरिचय २

१.२ शोधसमस्या ३

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधको औचित्य, महत्त्व र उपयोगिता ७

१.६ शोधको क्षेत्र र सीमाङ्कन ७

१.७ शोधविधि ८

१.८ शोधपत्रको रूपरेखा ८

द्वितीय परिच्छेद १०

रसको सैद्धान्तिक आधार १०

२.१ परिचय ११

२.२ भरतमुनिको नाट्यशास्त्रमा रसको चर्चा १३

२.३ रससामग्रीहरू १४

२.३.१ स्थायीभाव १६

२.३.२ विभाव १८

२.३.३ अनुभाव १९

२.३.४ सञ्चारी भाव २०

२.४ रस २२

२.४.१ शृङ्गाररस २३

२.४.२ वीररस २५

२.४.३ करुणरस २५

२.४.४ अद्भुतरस २६

२.४.५ हास्यरस २६

२.४.६ भयानकरस २९

२.४.७ बीभत्सरस ३०
२.४.८ रौद्ररस ३१
२.४.९ शान्तरस ३१
२.४.१० अतिरिक्त रस ३१
२.५ निष्कर्ष ३३
तृतीय परिच्छेद ३५
कैकेयी महाकाव्यमा रसविधान ३५
३.१ परिचय ३६
३.२ कैकेयी महाकाव्यमा रसप्रयोग ३६
३.३ शृङ्गाररस ३८
३.४ वीररस ४१
३.५ करुणरस ४४
३.६ अद्भुतरस ४८
३.७ हास्यरस ५०
३.८ भयानकरस ५१
३.९ बीभत्सरस ५२
३.१० रौद्ररस ५३
३.११ शान्तरस ५४
३.१२ निष्कर्ष ५८
चतुर्थ परिच्छेद ६०
कैकेयी महाकाव्यको योगदान ६०
४.१ परिचय ६१
४.२ कैकेयी महाकाव्यको योगदान ६१
पञ्चम परिच्छेद ६५
सारांश तथा निष्कर्ष ६५
५.१ विषयपरिचय ६६
५.२ सारांश तथा उपसंहार ६६

५.२.१ प्रथम परिच्छेद ६६

५.२.२ द्वितीय परिच्छेद ६६

५.२.३ तृतीय परिच्छेद ६७

५.२.४ चतुर्थ परिच्छेद ६७

२.२.५ पञ्चम परिच्छेद ६७

२.२.६ उपसंहार ६८

५.३ समग्र निष्कर्ष ६९

सन्दर्भग्रन्थसूची ७१

# प्रथम परिच्छेद
# शोधपत्रको परिचय

# प्रथम परिच्छेद
# शोधपत्रको परिचय

## १.१ विषयपरिचय

नेपाली वाङ्मयको अथाह सागरमा छन्दोमय काव्यात्मक प्रवाह बोकेर उदाएका रसिक कवि हुन् गोविन्दराज विनोदी (वि.सं. २००९)। साहित्यक्षेत्रका साथै चित्रकलामा पनि अब्बल रहेका बहुमुखी प्रतिभाका धनी कवि विनोदी केवल छन्दवादी कविमात्र होइनन् उनी मुक्तक, हाइकु, फुटकर रचना, खण्डकाव्य र महाकाव्यका समेत सर्जक हुन्। पूर्वीय साहित्यसिद्धान्तका धरातलमा टेकेर रसमय, सुललित, सहृदयीहरूको हृदयलाई आनन्दित गराउने कविता पस्कनु कवि विनोदीको काव्यात्मक साधना हो। उनका काव्यमा प्राकृतिक चित्रण, सत्यं शिवं सुन्दरम्को भाव बोकेको सौन्दर्यमय भावाभिव्यक्ति, नारीवादी आदर्शमय चेतना, युगीन समस्या, समाजसुधार आदि कुराहरू व्यक्त भएका छन्। नेपाली काव्य जगत्लाई युगयुगान्तरसम्म परिचित र अमर बनाउने विनोदीको योगदानको कीर्तिपताका रसिकहरूको हृदयसम्म फहराइरहेको छ। जीवनको कठिनतम घडी र उत्साहमय क्षणहरूका अपरोक्ष साक्षी बनेका विनोदीमा काव्यलेखनको उचाइ भने अत्यन्त सबल र सक्षम देखिन्छ। यस कुरालाई उनका करिब एक दर्जन पुस्तकाकार कृतिले भरपुर समर्थन गरेका छन्। उनका *'मेरो वर्तमानता'* (वि.सं २०४७), *'निर्मम घडीहरू'* (वि.सं २०५६), *'आँखाका नानी'* (वि.सं २०५७), *'छन्दविनोद'* (वि.सं २०५९), *'अविश्रान्त'* (वि.सं २०५९), *'हिमस्पर्श'* (वि.सं २०५७), *'सृष्टिमाथिका दृष्टि'* (वि.सं २०६६), *'अनुपमा धर्ती'* (वि.सं २०६६), *'नानीका गीत'* (वि.सं २०६९), *'शूर्पणखा'* (वि.सं २०७१), *'कैकेयी'* (वि.सं २०७४), *'अशोकवाटिका'* (वि.सं २०७८) जस्ता कृतिहरू प्रकाशित छन्। प्रकाशित कृतिहरूको सङ्ख्यात्मकता र गुणात्मकतालाई दृष्टि लगाउँदा विनोदीमा प्रशस्त काव्यात्मक गुणहरू भेटिन्छन् । विशेषतः भावकको मनमुटुलाई छुने कविता रच्नु नै विनोदीको कविजीवनको महत्त्वपूर्ण उपलब्धि हो। *'कैकेयी'* कवि विनोदीको उत्तरार्ध जीवनमा रचना भएको रामायणमा आधारित महत्त्वपूर्ण महाकाव्य हो। *'रामायण'* महाकाव्य आफैँमा एउटा युगको नै प्रतिनिधित्व गर्ने महाकाव्य हो। *'रामायण'*ले कैकेयीलाई एउटा खलनायिका तथा प्रतिकूल पात्रका रूपमा चित्रण गरेको छ र कैकेयीबाट नै नारीको क्रूरता तथा निर्दयिताको उदाहरण प्रस्तुत गरेको छ तर यसका विपरीत *'कैकेयी'* महाकाव्यमा विनोदीले कैकेयीलाई वात्सल्यमयी नारीका रूपमा चित्रण गरेका छन्। रामायणकालीन समयमा अपहेलित नारीपात्र कैकेयीको वात्सल्यता, नारीसुलभ कोमलता आदिका विषयमा महाकाव्य केन्द्रित

छ भन्ने कुरा शीर्षकले नै प्रष्ट पारेको छ। तात्कालिक पितृसत्तात्मक राज्यमा एउटा नारीको इच्छा र आकाङ्क्षाको मूल्यको इतिवृत्त उल्लेख गर्दै कैकेयीलाई नै न्याय दिलाउने हिसाबले महाकाव्यको रचना भएको देखिन्छ। विनोदीले यस महाकाव्यमा इतिहासमा कलङ्कित बनेकी नारी पात्र कैकेयीको चरित्र उजागर गरेका छन्। आधुनिक समाजले कलङ्कित ठानेको कैकेयीको दुष्टता तथा सौतेनी आमाको प्रवृत्तिलाई इतिहासकै आँखाबाट हेरी कैकेयीको निर्दोषी प्रवृत्तिप्रति सकारात्मक आँखाले हेर्नुपर्ने सङ्केत कविले यसै काव्यमा दिएका छन्। नारीका इच्छा, आकाङ्क्षा, अधिकार र कर्तव्यको कसीमा राखेर हेर्दा कैकेयीमा कविले भावनामय मातृत्व नै प्राप्त गरेको कुरा महाकाव्यबाट नै थाहा हुन्छ। एउटी पत्नीले पतिसँग राखेका सर्त पूरा गर्न पाउनु नारीको अधिकार हो, त्यसमा पनि पुत्रप्रतिको स्नेह देखाउनु कोमल मातृताको उत्कृष्ट नमूना हो। वस्तुतः यो महाकाव्य आफ्नो अधिकार लिँदा कलङ्कित बन्नु परेकी कैकेयीले आफ्ना सफाइमा समाजप्रति बोलेको प्रत्युत्तर हो भन्न सकिन्छ। यही आधारमा कविले कैकेयीमा केवल मातृता, भावुकता र दोषमुक्त नारीहृदय प्राप्त गरेका छन्, जुन काव्य पढ्दा सहृदयी भावकहरू पनि भावविभोर नभई रहन सक्दैनन्। यही नै महाकाव्य *'कैकेयी'* र कवि गोविन्दराज विनोदीको महत्त्वपूर्ण सफलता हो र यिनै कुरालाई ध्यानमा राखेर *'कैकेयी'* महाकाव्यको रसविधान शीर्षकमा शोधकार्य गरिएको छ।

## १.२ शोधसमस्या

कवि गोविन्दराज विनोदीको *'कैकेयी'* महाकाव्यको रसविधानसम्बन्धी अध्ययन गर्नु नै प्रस्तावित शोधपत्रको प्रमुख समस्या रहेको छ। प्रस्तुत शोधपत्रका समस्याहरूलाई निम्नलिखितरूपमा देखाउन सकिन्छ :

क) रसविधानको सैद्धान्तिक पर्याधार के कस्तो छ ?

ख) *'कैकेयी'* महाकाव्यमा रसविधान के–कस्तो रहेको छ ?

ग) रसविधानका दृष्टिले *'कैकेयी'* महाकाव्यको योगदान के कस्तो छ ?

माथि उल्लिखित समस्याहरूमा नै शोधपत्र केन्द्रित रहेको छ।

## १.३ शोधको उद्देश्य

प्रस्तुत *'कैकेयी'* महाकाव्यको अध्ययनसम्बन्धी समस्याहरूको समाधान गर्नु नै यस शोधको मुख्य उद्देश्य हो। ती उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) रसविधानको सैद्धान्तिक पर्याधारको निर्क्योल गर्नु,

ख) रसविधानका दृष्टिले कैकेयी महाकाव्यको विश्लेषण गर्नु,

ग) रसविधानका दृष्टिकोणबाट कैकेयी महाकाव्यको योगदान स्पष्ट पार्नु,

यी नै उद्देश्यहरूमा केन्द्रित रही शोधपत्र तयार पारिएको छ।

## १.४ पूर्वकार्यको समीक्षा

*'कैकेयी'* महाकाव्य पौराणिक तथा ऐतिहासिक विषयवस्तुलाई आधार मानी रचना गरिएको चरित्रप्रधान महाकाव्य हो। जहाँ घटनालाई भन्दा बढी कैकेयीको चरित्रलाई विशेष प्रकाश पार्न खोजिएको छ। यस महाकाव्यका सम्बन्धमा अध्येताहरूबाट केही चर्चापरिचर्चा भएको पाइन्छ। त्यसमा पनि विशेषतः लेख, रचना तथा कृतिसमीक्षाहरू भएका देखिन्छन्। शोधमूलक अनुसन्धानका सन्दर्भमा भने सीमित रूपमा मात्र अध्ययन भएको पाइन्छ। आजसम्म आइपुग्दा यस *'कैकेयी'* महाकाव्यको विषयमा जे–जति अध्ययन–अनुसन्धान, चिन्तन तथा विमर्श भएका छन् तिनीहरूका विवरण निम्नानुसार छन् :

गोविन्दराज विनोदीले *'कैकेयी'* महाकाव्यमा "अभिवादन" शीर्षक दिएर लयात्मक छन्दद्वारा पुराण-इतिहासमा अनादृत भएकी नारीपात्र कैकेयीको व्यथालाई एकालापीय शैलीमा व्याख्यान गरेको कुरा व्यक्त गरेका छन्। (विनोदी, २०७४, पृ. ६)

गोविन्दराज विनोदीले महाकाव्यको अन्तिम भागमा "हार्दिक कृतज्ञता" शीर्षक दिएर यस *'कैकेयी'* महाकाव्यलाई नाट्यधारा अन्तर्गतको सूत्रधारद्वारा आरम्भ गरिएको महाकाव्य, कैकेयीमाथि भएको अन्यायमाथि दृष्टि दिने महाकाव्य र रामायणको कथालाई उपजीव्य बनाएर लेखिएको महाकाव्य भनेका छन्। कसैद्वारा पनि दृष्टि नलगाइएकी उपेक्षिता नारीका रूपमा कैकेयीलाई  चित्रण गर्दै कैकेयीमाथि पुरुषप्रधान समाजले लगाएको दाग धुनको लागि लेखिएको काव्य हो भनेका छन्  (विनोदी, २०७४, पृ. २१३-२१५)।

भुवनहरि सिग्देलले *'कैकेयी'* महाकाव्यमा शिखरिणी छन्दका तीन श्लोकहरूद्वारा कैकेयी महाकाव्यलाई अमृत घडासँग तुलना गर्दै हठीका निम्ति यो विषघडा हो भनी यसको पान गर्न नसक्ने कुरा व्यक्त गरेका छन्। साथै कवि विनोदीको नामी लेखनशैलीको सराहना र विनोदीद्वारा रामायणकी उपेक्षित पात्र कैकेयीमाथि भएको सौहार्दताको गुणगान गरेका छन्। (सिग्देल, २०७४, आवरणपृष्ठ)

दीपककुमार सिग्देलले *'कैकेयी' महाकाव्यको विधातात्त्विक अध्ययन* शीर्षकमार्फत् कवि गोविन्दराज विनोदीको कविता–काव्य यात्रा तथा कैकेयी महाकाव्यको विधागत र तत्त्वगत अध्ययन गरेका छन्। यस महाकाव्यमा भएका महाकाव्यात्मक तत्त्वहरूको चर्चा गर्दै महाकाव्यको परम्परामा कैकेयी महाकाव्यको स्थानसमेत निर्धारण गरेका छन्। शोधकर्ताले उक्त शोधपत्रमा *'कैकेयी'* महाकाव्य पौराणिक विषयवस्तुलाई आधार बनाएर लेखिएको हुनाले छुट्टै अस्तित्व राख्न सफल भएको र विधागत रूपमा पनि समृद्ध महाकाव्य हो भनी अध्ययनको निष्कर्ष निकालेका छन्। (सिग्देल, २०७४)

वेणीमाधव ढकालले “शुभाशीर्वादका शब्दावली” शीर्षक दिएर विनोदीको कैकेयी महाकाव्यसम्बन्धी धारणा राखेका छन् । यहाँ कैकेयी महाकाव्यमा त्रेतायुगीय रामायणकालीन उपेक्षित नारी पात्रलाई वर्तमानकालिक नारी अधिकारले सम्पन्न गराउने सफलता कवि विनोदीलाई मिलेको कुरा ढकालले अभिव्यक्त गरेका छन् (ढकाल, २०७५, पृ. ३)।

एकनारायण पौड्यालले “कैकेयी महाकाव्यमा रसविधान” शीर्षक दिएर कैकेयीमा प्रयुक्त प्रमुख रसहरूको संक्षिप्त चर्चा गरेका छन् । पौड्यालले कैकेयी महाकाव्यमा अन्य रसहरूको अपेक्षामा हास्य र बीभत्सरस अत्यन्त न्यून रहेको कुरा उल्लेख गरेका छन् । अन्य रसहरू भने यथोचितरूपमा प्रयोग भएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी उनको अध्ययनले महाकाव्यमा प्रयुक्त सबै रसहरूलाई अङ्गित्वकै कोटिमा राखेको देखिन्छ (पौड्याल, २०७५, पृ. ५३)।

कपिल अज्ञातले “काव्यिक उत्कर्षका रूपमा कैकेयी” शीर्षक दिइएको आलेखमा कैकेयी महाकाव्यलाई करुणरसको परिपाक भएको महाकाव्यका रूपमा वर्णन गरेका छन् । उनले यस काव्यमा करुणरसको आडमा शान्तरस पनि विशेषरूपमा प्रवाहित भएको कुरा उल्लेख गरेका छन् (अज्ञात, २०७५, पृ. ६१)।

केशवराज आमोदीले “कविवर गोविन्दराज विनोदी र महाकाव्यको सन्दर्भ” शीर्षक दिएर कैकेयी महाकाव्यको कैकेयी पात्रलाई सुकोमल मातृहृदय भएकी सहनशीला पात्रको रूपमा कवि विनोदीद्वारा वर्णन गरेको कुरा उल्लेख गरेका छन् । त्यसैगरी महाकाव्यलाई पनि विनोदीको कर्मवादी जीवनको सुन्दर धरोहरसहितको उच्चतम काव्यकृतिको रूपमा यहाँ उल्लेख गरिएको छ । (आमोदी, २०७५, पृ. ९०,९२)।

कृष्णादेवी शर्मा (श्रेष्ठ)ले “कैकेयी महाकाव्यमा नारीवाद” शीर्षकमा लेखिएको आलेखद्वारा कैकेयी महाकाव्यलाई नारीवादी काव्यका साथै विनोदीको आलङ्कारिक भाषाद्वारा लेखिएको रसमय काव्यका रूपमा पनि उल्लेख गरेकी छिन् । (श्रेष्ठ, २०७५, पृ. १०८)।

घनश्याम न्यौपाने परिश्रमीले “कैकेयी महाकाव्यको अनुगमनात्मक अध्ययन” शीर्षकमा महाकाव्यको प्रत्येक सर्गको संक्षिप्त विश्लेषण गरेका छन् जसमा अलङ्कारादिको चर्चा गरेका छन् तर रसको चर्चा गरेको देखिँदैन । (परिश्रमी, २०७५)।

धनपति कोइरालाले “कैकेयी अलङ्कारका दृष्टिले पनि कालजयी” शीर्षक आलेखद्वारा कैकेयी महाकाव्यलाई अलङ्कारको प्रयोगभूमिको रूपमा चिनाएका छन् । (कोइराला, २०७५)।

नारायणप्रसाद खनालले “कवि गोविन्दराज विनोदी : व्यक्ति र कृति” शीर्षक लेखमा कैकेयी महाकाव्यको सर्गविधान, श्लोकसंख्या जस्ता बाह्य संरचना सामान्य परिचय प्रस्तुत गरेका छन्। (खनाल, २०७५, पृ. २५७-२५९)।

पूर्णप्रसाद अधिकारीले “श्री गोविन्दराज विनोदी र कैकेयी महाकाव्य संक्षिप्त अवलोकन” शीर्षक लेखमा कैकेयी महाकाव्यको प्रत्येक सर्गको सारसङ्क्षेप प्रस्तुत गरेका छन्। यहाँ रसभावादि आन्तरिक तत्त्वको भने चर्चा गरिएको देखिँदैन। (अधिकारी, २०७५)।

रमेश प्रभातले “चितवनको महाकाव्य यात्रामा कैकेयी महाकाव्यको योगदान” शीर्षक आलेखमा कैकेयी महाकाव्यको अध्ययन गर्ने सन्दर्भमा रसको बारेमा पनि सङ्क्षिप्त रूपमा विचार प्रस्तुत गरेका छन्। उनले कैकेयी महाकाव्यको अङ्गी रसको रूपमा शान्त रसलाई लिए तापनि त्यो परिपाकावस्थामा नपुगेको कुरा उल्लेख गरेका छन्। त्यसैगरी अङ्गरस पनि राम्ररी विकास हुन नसकेको कुरा प्रस्तुत गर्दै वात्सल्य र करुणरसको उदाहरण प्रस्तुत गरेका छन्। यसैगरी अन्त्यमा रसविधानका दृष्टिमा महाकाव्यले पूर्णता नपाएको कुरा उल्लेख गरेका छन्। (प्रभात, २०७५, पृ. ४०२)।

सदानन्द अभागीले “शूर्पणखा खण्डकाव्य र कैकेयी महाकाव्यका गोविन्दराज विनोदी” शीर्षकको लेखमा कैकेयी महाकाव्यसम्बन्धी सामान्य विवेचना गरेका छन्। यहाँ रससम्बन्धी विचारहरू भने प्रस्तुत भएको देखिँदैन। (अभागी, २०७५)।

यसप्रकार अनुसन्धाता तथा विद्वान्हरूले *'कैकेयी'* महाकाव्यलाई विभिन्न पक्ष र कोणबाट अध्ययन गरेको पाइन्छ। केवल *'कैकेयी'* महाकाव्यलाई मात्र नभएर कवि गोविन्द विनोदी र उनका अन्य कृतिहरूका सन्दर्भमा पनि अनुसन्धाताहरूले कलम चलाएको देखिन्छ। यी वस्तुतथ्यलाई नजिकिएर हेर्दा *'कैकेयी'* महाकाव्यमा हालसम्म एउटा शोधमात्र उपलब्ध भएको देखिन्छ। अन्यप्रकारका विश्लेषण भने विद्वान्हरूले आ-आफ्ना बौद्धिकताका आधारमा गरिसकेको देखिन्छ। यसरी चर्चित बनेको महाकाव्य *'कैकेयी'* अझै अन्य कोणहरूबाट पनि अनुसन्धेय छ, भन्न सकिन्छ। माथि चर्चा गरिएका विभिन्न विद्वान्हरूका मतलाई मध्यनजर गरी हेर्दा रामायणकी उपेक्षिता पात्र कैकेयीको जीवन-कथासँग सम्बन्धित काव्यका रूपमा *'कैकेयी'*लाई बुझ्न सकिन्छ। वाल्मीकिद्वारा रचित रामायणले प्रतिकूल पात्रका रूपमा स्वीकार गरेकी कैकेयीको कथालाई यस महाकाव्यले आधार बनाएको कुरा विद्वान्हरूका मतबाट प्रष्ट रूपमा व्यक्त भएको देखिन्छ। उपेक्षिता नारी पात्र कैकेयीलाई केन्द्रमा राखी सिर्जना गर्नुले नै यो काव्य नारीवादी हो भन्ने आधार प्रष्ट हुन्छ। यसरी विभिन्न विद्वान्हरूले यस महाकाव्यका सम्बन्धमा केही उल्लेख गरेका भए पनि यसका सम्बन्धमा सम्पूर्ण तबरले व्याख्या एवं विश्लेषण भएको पाइँदैन तसर्थ यस

महाकाव्यमा रसविधानसम्बन्धी अध्ययन गर्नु विषयसान्दर्भिक हुन्छ। विभिन्न रसका मिश्रणबाट नै महाकाव्यमा रोचकता तथा रसिकता आउने पूर्वीय महाकाव्यसिद्धान्तका आधारमा *'कैकेयी'* महाकाव्यको रसविधानको अध्ययन आफैँमा अनुसन्धान तथा जिज्ञासाको विषय बन्न पुग्दछ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

कवि गोविन्दराज विनोदी गजल, मुक्तक, गीत, खण्डकाव्य, समालोचना, एवं पत्रकारिता, कलाकारिता आदि क्षेत्रमा कलम चलाउने प्रखर बहुमुखी प्रतिभाका धनी व्यक्तित्त्व हुन्। जीवनको सुरूवातीदेखि नै नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर साधनारत विनोदी महाकाव्यका क्षेत्रमा पनि अग्रगण्य बन्न पुगेका छन्। साहित्यको प्रमुख उपविधाका रूपमा रहेको महाकाव्यको रचना गर्नु एक उत्कृष्ट कार्य हो। त्यसमा पनि पूर्वीय साहित्यसिद्धान्तका आधारमा रचिएको महाकाव्य *'कैकेयी'* विद्वान्हरूको र रसिकहरूको प्रिय विषय बन्न पुगेको छ। अतः यस महाकाव्यको रसविधानसम्बन्धी अध्ययन गर्नु अत्यन्त औचित्यपूर्ण रहेको देखिन्छ। वास्तवमा आनन्दको प्राप्ति नै साहित्यको प्रयोजन हो भनी पूर्वीय साहित्यसिद्धान्तका आचार्यहरूले भनेका छन्। रस नै आनन्दको अनुभूति गराउने साधन हो। अतः महाकाव्यमा रस हुनु अत्यन्त आवश्यक मानिन्छ। रससिद्धान्तका आधारमा पूर्वीय आचार्यहरूद्वारा परिचित कुन कुन रस यस महाकाव्यमा छन् र यो महाकाव्य रसका आधारमा कत्तिको समृद्ध महाकाव्य हो भन्ने प्रश्नको समाधानका लागि पनि रसविधानको अध्ययन गर्नु औचित्यपूर्ण रहेको पाइन्छ। *'कैकेयी'* महाकाव्यको अध्ययन गर्न चाहने विद्यार्थी, पाठक र समालोचकका लागि यो शोध अत्यन्त उपयोगी छ। त्यसकारण *'कैकेयी' महाकाव्यमा रसविधान* शीर्षकको प्रस्तुत शोधको विशेष महत्त्व र उपयोगिता रहेको छ।

## १.६ शोधको क्षेत्र र सीमाङ्कन

प्रस्तुत शोधपत्रको अध्ययनक्षेत्र *'कैकेयी'* महाकाव्य हो। रसविधानको सैद्धान्तिक पर्याधारको अन्वेषण गर्नु, रसविधान र प्रवृत्तिका दृष्टिले कैकेयी महाकाव्यको योगदान पत्ता लगाउनु र पूर्वीय रससिद्धान्तका आधारमा कैकेयी महाकाव्यमा रसविधान के–कस्तो छ ? भन्ने विषयमा केन्द्रित भई अध्ययन गर्नु यस शोधकार्यको क्षेत्र हो भने अन्य पक्षको अध्ययन नगर्नु यसको सीमा हो।

## १.७ शोधविधि

यस शोधकार्यका निम्ति सामग्रीका स्रोतहरू विशेषतः प्रचलित एपिए पद्धतिअनुसार प्रस्तुत गरिएको छ तर शीर्षक, पृष्ठ आदि स्थापनामा भने फरक प्रविधि प्रयोग गरिएको छ । अन्य पक्षहरू भने निम्नलिखित रूपमा अपनाइएका छन्-

सामग्रीसङ्कलनविधि-

प्रस्तुत शोधपत्रका निम्ति आवश्यक मुख्य र सहायक सामग्री सङ्कलन गर्दा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । त्यसका अतिरिक्त शोधनायकको विचारहरूलाई पनि यसमा उपयोग गरिएको छ ।

विश्लेषणविधि-

सङ्कलित सामग्रीलाई परिचयात्मक, वर्णनात्मक एवं विश्लेषणात्मक पद्धति अँगालेर '*कैकेयी*' महाकाव्यको अध्ययन गरिएको छ । पूर्वीय रससिद्धान्तमा आधारित रहेर महाकाव्यको रसविधानसम्बन्धी अध्ययन एवं विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको बाह्य तथा आन्तरिक संरचनालाई सुगठित एवं सुव्यवस्थित बनाउनका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ –

*प्रथम परिच्छेद* : शोधपत्रको परिचय

यस परिच्छेदमा विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, शोधको क्षेत्र र सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखाजस्ता उपशीर्षकहरू समेटिएका छन् ।

*द्वितीय परिच्छेद* : रसको सैद्धान्तिक आधार

यस परिच्छेदमा रसको परिचय, रसका प्रकारहरू, रसका सामग्रीहरू र रसका लक्षणहरू प्रस्तुत गरिएका छन् ।

*तृतीय परिच्छेद* : कैकेयी महाकाव्यमा रसविधान

यस परिच्छेदमा पूर्वीय रससिद्धान्तका आधारमा रसविधानका दृष्टिकोणले '*कैकेयी*' महाकाव्यको विश्लेषण गरिएको छ । यी विषयमा आधारित रहेर यस परिच्छेदमा व्याख्या विश्लेषण गरिएको छ ।

*चतुर्थ परिच्छेद : 'कैकेयी '* महाकाव्यको योगदान

यस परिच्छेदमा रसविधानका दृष्टिकोणले *'कैकेयी '* महाकाव्यको योगदानको चर्चा गरिएको छ ।

*पञ्चम परिच्छेद* : सारांश तथा निष्कर्ष

यस परिच्छेदमा शोधप्रबन्धको उपसंहार तथा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

*सन्दर्भसामग्रीभाग*

यस भागमा समग्र शोधप्रबन्धमा प्रयोग भएका शोधसामग्रीहरूको स्रोत प्रस्तुत गरिएको छ ।

यसरी यी शीर्षकहरूद्वारा शोधपत्रको अग्र, मध्य र अन्त्य भाग र सन्दर्भग्रन्थसूची पनि उल्लेख गरिएको छ । यिनै शीर्षक र विषयहरूद्वारा शोधपत्रले पूर्णता लिएको छ ।

# द्वितीय परिच्छेद
# रसको सैद्धान्तिक आधार

# द्वितीय परिच्छेद

# रसको सैद्धान्तिक आधार

## २.१ परिचय

रस शब्द संस्कृत भाषाअनुसार आस्वादन गर्नु वा स्वाद लिनु भन्ने अर्थको *रस आस्वादनस्नेहनयोः* भन्ने धातुबाट *रस्यते आस्वाद्यते* भन्ने विग्रहमा *'अच्'* प्रत्यय लागेर निष्पन्न भएको हो, जसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर्न मिल्ने पदार्थ वा वस्तु भन्ने हुन्छ। कुनै पनि वस्तुको सारतत्त्व नै रस हो, जसरी तोरी, तिल आदि पेलेर तेल निकालिन्छ । रस निकालिसकेपछि कुनै पनि वस्तुको अर्थ रहँदैन। यस अर्थमा पनि जुनसकै वस्तुको पनि रस आत्मतत्त्व नै हो भन्दा अत्युक्ति हुँदैन। रसको प्रायोगिक क्षेत्र विविध छन्, दार्शनिक क्षेत्रमा पनि विविध अर्थमा रसशब्द प्रयुक्त हुन्छ। *"रसनाग्राह्यो गुणो रसः"* (अन्नम्भट्ट, सन् १९८९, पृ. २०) भनी दर्शनहरूमा यसलाई पदार्थको गुणका रूपमा प्रयोग गरिएको पाइन्छ। वेदान्तदर्शनको प्रमाण रूपमा ग्रहण गरिने उपनिषद्हरूमध्ये तैत्तिरीय उपनिषद्मा *"रसो वै सः । रसं ह्येवायं लब्ध्वानन्दी भवति ।"* (ईशादि दश उपनिषद्, २०७३, पृ. ३९५) भनी साक्षात् ब्रह्मलाई नै रसशब्दले बुझाइएको छ र जसलाई पाएपछि मानिस आनन्दित हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ। त्यसैगरी *"एषां भूतानां पृथिवी रसः। पृथिव्या आपो रसोऽपामोषधयो रसः । ओषधीनां पुरुषो रसः । पुरुषस्य वाग्रसो वाचामृग्रसः। ऋचः साम रसः। साम्न उद्गीथो रसः। स एष रसानां रसतमः। परमः पराध्योऽष्टमो यदुद्गीथः ।"* (छा.उ. १/१/२) भनी छान्दोग्योपनिषद्मा रसलाई विविध अर्थमा प्रयोग गरिएको छ। आयुर्वेदमा रसलाई अमिलो, पिरो, तितो, टर्रो, गुलियो नुनिलो आदि छ किसिमका स्वादका रूपमा चर्चा गरिन्छ, त्यसैगरी रसशब्द गन्ध, स्वाद, विष, रोग, शृङ्गारादि, झोलिलो पदार्थ, वीर्य, शरीर, धातु, पानी पारो आदि अर्थमा पनि प्रयोग गरिन्छ। जसलाई यसरी बताइएको पाइन्छ –

*रसः स्वादे जले वीर्ये शृङ्गारादौ विषे द्रवे।*

*चोले रागे देहधातौ तिक्तादौ पारदेऽपि च ॥* (हेमचन्द्राचार्य, १९८५, श्लो. ५७३)

यी विविध प्रायोगिक क्षेत्रमा रसको सामान्यतः प्रयोग भए पनि साहित्यिक क्षेत्रमा यसको विशेष प्रयोग भएको पाइन्छ। रसना शब्द पनि रस्धातुबाटै बनेको रूप हो, जो रसको ग्राहक इन्द्रिय हो। रसना शब्दको अर्थ जिब्रो हुन्छ। लोकव्यवहारमा सामान्यतया पानी, झोलिलो अन्य पदार्थ, गुलियो पिरो आदि रसहरूको जिब्रोद्वारा नै ग्रहण हुन्छ, तर

साहित्यिक क्षेत्रको रसको ग्रहण सहृदयीहरूको हृदयद्वारा मात्र हुन सक्छ। जसको माध्यमबाट भावकले अलौकिक आनन्दको अनुभव गर्दछ।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनिलाई मानिन्छ। उनले काव्यको अपरिहार्य तत्त्वका रूपमा रसलाई प्रतिष्ठापन गर्दै शृङ्गार, वीर, करुण, अद्भुत, हास्य, भयानक आदि आठवटा भेदलाई स्पष्टतः उल्लेख गरेका छन् तथा केही विद्वान्हरू उनैले आफ्नो शान्त नामक नवौं रसलाई पनि अंशतः उल्लेख गरेको कुरा बताउँदछन्। तर यो तथ्य त्यति प्रामाणिक भने छैन। भरतमुनिको नाट्यशास्त्रमा प्रयुक्त क्षेपकश्लोकको आधारमा नै यसलाई अग्रसारित गरिएको हुनाले प्रायःजसो विद्वान्हरूले यसलाई स्वीकार गरेको पाइँदैन। यद्यपि शास्त्रीय रूपमा उपलब्ध भएअनुसार रससिद्धान्तका प्रथम व्याख्याता एवं रसशब्दका चिन्तक भरतमुनि नै हुन् तथापि भरतमुनिभन्दा अगाडि नै रसको चर्चा भएको थियो भन्ने कुरा स्वयं भरतमुनिले आफ्नो नाट्यशास्त्र ग्रन्थको छैठौँ अध्यायमा यसरी उल्लेख गरेका छन् –

*शृङ्गारहास्यकरुणा रौद्रवीरभयानकाः।*

*बीभत्साद्भुतसञ्ज्ञौ चेत्यष्टौ नाट्ये रसाः स्मृताः॥*

*एते ह्यष्टौ रसाः प्रोक्ता द्रुहिणेन महात्मना।* (भरतमुनि , सन् १९४३, पृ. ९१)

यसरी भरतले द्रुहिण नामक महात्माको उल्लेख गरेका छन्। अतः साहित्यसम्मत रसका प्रथम प्रयोक्ता महात्मा द्रुहिण हुन् भन्ने कुरा प्रमाणित हुन्छ। यसरी द्रुहिणको उल्लेख गर्दै मुख्यतः भरतमुनिले आठ रसहरूलाई मात्र स्वीकृति दिएका छन् भने, "*नव नाट्ये रसाः स्मृताः।*" (नगेन्द्र, सन् १९६९, पृ. २३८) भनी सर्वप्रथम शान्तरसलाई रसको मान्यता दिने आचार्य उद्भट नै हुन्। उनले भरतले स्वीकार गरेका आठ रसहरूमा शान्त रस पनि स्वीकार गरी नौ रसको चर्चा गरेको पाइन्छ। त्यसपछि नै रसहरूलाई साहित्यशास्त्रमा नवरसको संज्ञा दिइन्छ। भरतमुनिले आफ्नो '*नाट्यशास्त्र*'मा रसोत्पत्ति विषयको चर्चालाई सूत्रबद्ध गरी प्रस्तुत गरेका छन्। जसलाई भरतको रससूत्र भन्ने गरिन्छ जुन सूत्र यसप्रकारको छ –

*विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः।* (भरतमुनि, सन् १९५६, पृ. २७२)

अर्थात् विभाव, अनुभाव र सञ्चारीभावको *संयोग*ले रसको *निष्पत्ति* हुन्छ। अतः रस निष्पत्तिका लागि विभाव, अनुभाव र व्यभिचारी भावको आवश्यकता रहन्छ। यिनीहरूको उपयुक्त संयोगबाट नै परिपुष्ट भनेको स्थायीभाव नै रस हुन्छ। यस विषयमा आचार्यहरूले यसरी उल्लेख गरेका छन्– ""*व्यक्तः स तैर्विभावाद्यैः स्थायी भावो रसः स्मृतः।*" (मम्मट, काव्यप्रकाश, सन् १९८६, पृ. १२८)

त्यसैले रसका निम्ति आवश्यक रससामग्रीहरू *विभाव, अनुभाव, सञ्चारीभाव(व्यभिचारी भाव) र स्थायीभाव* गरी चार प्रकारका मानिन्छन् *।* प्रत्येक रसको स्थायीभाव फरक–फरक छ। ती नै स्थायीभावको विभावादि संयोगले परिपूर्ण हुने अनुभवग्राह्य अवस्थालाई नै रस भनिन्छ। अर्थात् स्थायी रूपले बसिरहने भाव नै रस हो।

## २.२ भरतमुनिको नाट्यशास्त्रमा रसको चर्चा

*नाट्यशास्त्र* पूर्वीय काव्यपरम्पराका उपलब्ध ग्रन्थहरूमध्ये सबैभन्दा पुरानो ग्रन्थ हो। यसको प्रणेता आचार्य भरतमुनि हुन्। यस ग्रन्थमा नाट्यशास्त्र, सङ्गीतशास्त्र, छन्दशास्त्र, अलङ्कार, रस आदिको साङ्गोपाङ्ग प्रतिपादन गरिएको छ। *'नाट्यशास्त्र'* साहित्यविषयक आधारभूत ग्रन्थ मानिन्छ। भरतमुनिद्वारा रचित नाट्यशास्त्रको पूर्णरूप अहिले उपलब्ध छैन, अहिले उपलब्ध हुने नाट्यशास्त्रमा क्षेपकहरू थपिएको पाइन्छ। पूर्वीय साहित्यशास्त्रका वर्तमान समयमा प्राप्त हुने वा उपलब्ध ग्रन्थका आधारमा साहित्यको यस परम्पराका प्रतिष्ठापक आदि आचार्य भरतमुनि नै हुन् भन्ने तथ्य निर्विवाद छ यद्यपि उनको एउटा मात्र ग्रन्थ *'नाट्यशास्त्र'* उपलब्ध अवस्थामा छ। हुन त नाम सुन्दा यो ग्रन्थ नाट्यसम्बन्धी ग्रन्थ मात्र हो कि  भन्ने लाग्दछ, तर यो विविध कलाको विश्वकोष नै हो भन्दा अत्युक्ति हुँदैन। त्यस्तो ज्ञान, शिल्प, विद्या, कला, योग र कर्म छँदैछैन जुन यस नाट्यग्रन्थमा उल्लेख नभएको होस्। यसबारे भरतमुनिले नै नाट्यशास्त्रमा उल्लेख गरेका छन्–

*न तज्ज्ञानं न तच्छिल्पं न सा विद्या न सा कला।*

*नासौ योगो न तत्कर्मनाट्येऽस्मिन् यन्न दृश्यते॥* (भरतमुनि , सन् १९४३, पृ. १२)

अतः नाट्यशास्त्र सम्पूर्ण कला-कौशलताको खानी सिद्ध भएको पाइन्छ। यसैबाट संस्कृतवाङ्मयमा सौन्दर्यशास्त्रको समालोचना परम्परा थालनी भएको मान्न सकिन्छ। यी भरतमुनिभन्दा पूर्ववर्ती चरणमा पनि यस किसिमको काव्यविषयक समालोचनात्मक पद्धति सुरु भएको पाइन्छ। तिनीहरूमध्ये भरतमुनिको ग्रन्थको प्राथमिक उपलब्धता र उल्लेख्य भूमिका देखिन्छ। अध्येताहरूले यसै कारण उनलाई नै प्रथम समालोचकको प्रतिनिधित्व गर्ने आचार्यको रूपमा ग्रहण गरेको पाइन्छ।  भरतमुनिका विषयमा विद्वत्समाजमा विविध मतमतान्तर भएता पनि तौयत्रिकसूत्रकार (नाट्यसूत्रकार) भरतमुनिको चर्चा भवभूति आदि नाटककारहरूले गरेको प्रमाण भेटिन्छ। यी भरतमुनिको नाट्यशास्त्रको व्याख्या विविध आचार्यहरूले गरेको पाइन्छ। यसमध्ये उद्भट, भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक, अभिनवगुप्त, कीर्तिधर, राहुल, भट्टयन्त्र र हर्षवार्तिक जस्ता विशिष्ट आचार्यहरूले यस ग्रन्थको टीका लेखेको पाइन्छ। भरतमुनिको नाट्यसूत्रको व्याख्याहरूमा विशेषतः

अभिनवगुप्त, भट्टलोल्लट, श्रीशङ्कुक र भट्टनायकको व्याख्या सर्वाधिक प्रसिद्ध मानिन्छ। यी आचार्यहरूले क्रमशः अभिव्यक्तिवाद, उत्पत्तिपाद, अनुमितिवाद र भुक्तिवादको प्रतिपादन गरेको पाइन्छ। यी आचार्यहरूको उल्लेख विशेषतः नाट्यशास्त्रका टीकाकार अभिनवगुप्तले अभिनवभारती टीकामा उल्लेख गरेका छन् र परवर्ती आचार्यहरूले पनि यसै आधारमा उल्लेख गरेका छन्। नाट्यशास्त्रमा भरतले रसका बारेमा र रसका सिद्धान्तका बारेमा सूत्रात्मक रूपमा आफ्ना अवधारणाहरू प्रस्तुत गरेका छन् भने यी व्याख्याताहरूले त्यसको विविध टीका र अर्थहरूद्वारा अर्थ स्पष्ट गर्ने काम गरेका छन्।

भरतमुनिले नाट्यशास्त्रको षष्ठ अध्यायमा विशेषतः रसको चर्चा गरेका छन्। यस अध्यायमा विभाव, अनुभाव, व्यभिचारी भाव, स्थायी भाव, तथा समस्त रससामग्रीको समेत विशद् व्याख्या गरिएको छ। रससूत्रकार भरतमुनिका यिनै मान्यता तथा सिद्धान्तका आधारमा नै रससिद्धान्त स्थापित हुनपुगेको देखिन्छ। भरतमुनिको नाट्यशास्त्र नै रससिद्धान्तको प्रतिपादक ग्रन्थ हो भन्न सकिन्छ। उनले रसको बारेमा मात्र वर्णन गरेका छैनन्, रसोत्पत्तिका सन्दर्भमा पनि आफ्नो गहकिला तर्कहरू प्रस्तुत गरेका छन्।

भरतमुनिले रसको उत्पत्तिका बारेमा वेदलाई प्रमाण दिँदै नाट्यशास्त्रमा यसरी प्रस्तुत गरेका छन्-

*जग्राह पाठ्यमृग्वेदात्सामभ्यो गीतमेव च ।*

*यजुर्वेदादभिनयान् रसानथर्वणादपि ॥* (भरतमुनि , सन् १९४३, पृ. २)

अतः यस श्लोकानुसार रसको उद्गमभूमिको रूपमा अथर्ववेदलाई लिन सकिन्छ। यसबाट पनि रसको चर्चा तथा प्रतिपादन वैदिकवाङ्मयको उपज हो भन्दा अत्युक्ति हुँदैन।

## २.३ रससामग्रीहरू

नाट्यको चिन्तन परम्पराबाट प्रारब्ध भएको संस्कृतकाव्यशास्त्रको समालोचनापद्धति रसचिन्तनबाट नै प्रारम्भ भएको मानिन्छ। जसको प्रमाणको रूपमा आचार्य भरतमुनिको रससूत्रलाई नै लिन सकिन्छ। यसै रससूत्रलाई आधार मानी आचार्यहरूले भरतमुनिलाई रसवादी आचार्यको दर्जा दिएका छन्। भरतमुनिले अलङ्कार, रस, गुण, दोष इत्यादि नाट्यका सबै पक्षहरूको चर्चा गरेका छन्। यी तत्त्वहरू बाह्यतत्त्वका रूपमा सिद्ध भएका छन्। आन्तरिक तत्त्वका रूपमा त उनले रसलाई स्वीकार गरेको स्पष्ट हुन्छ। नाट्य आफैँमा दृश्यकाव्य भएकाले पनि अनुकर्ताहरूले गरेका अभिनयद्वारा भावकहरूका हृदयमा रसोद्रेक गराउन सफल नाटक नै उत्कृष्ट नाटकको रूपमा स्विकारिन्छ। अतः रस नै महत्त्वपूर्ण तत्त्व हो भन्नेतर्फ नै भरतमुनि पक्षपाती देखापर्दछन्। तर

समग्रमा सबै आचार्यहरूबाट भने पौरस्त्य काव्यपरम्परामा रस, छन्द, अलङ्कार, ध्वनि, रीति, वक्रोक्ति आदिका विषयमा विशेष चर्चा गरिएको पाइन्छ। काव्यका परिभाषा गर्ने सन्दर्भमा पनि यिनै तत्त्वहरूका केन्द्रीयतामा आचार्यहरूले काव्यलाई परिभाषित गरेका छन्। त्यसैगरी काव्यको प्रयोजन, हेतु र काव्यात्माका विषयले पनि काव्यसमालोचनाको परम्परामा निकै ठूलो हलचल ल्याएको अनुभव गर्न सकिन्छ। काव्य चिन्तनका क्रममा पूर्वीय साहित्यको रससिद्धान्त सर्वाधिक चर्चित र पुरानो सिद्धान्त मानिन्छ। वेदमा ब्रह्मको चर्चाका क्रममा रस शब्दको उल्लेख गरिए तापनि, लौकिक रूपमा रसका आधिकारिक र प्रामाणिक अधिष्ठाता भरतमुनि नै हुन्। उनले 'नाट्यशास्त्र'को विवेचनाका क्रममा व्यक्त गरेको रससूत्र नै रससिद्धान्तको आधारतत्त्व हो। श्रव्यकाव्य सुन्दा र दृश्यकाव्य हेर्दा भावकको मनमा जुन अपूर्व आनन्दको निष्पत्ति हुन्छ त्यही नै रस हो। रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ। काव्यको रसानुभूति अलौकिक वा आत्मिक हुन्छ। विभाव, अनुभाव र व्यभिचारीभावको संसर्गले अज्ञानावरणको भङ्ग भई परमानन्दको रूपमा रहेको जुन चिन्मय तत्त्व छ, त्यसैको साक्षात्कार नै रसानुभूति हो। वास्तवमा रसानुभूति तात्कालिक अनुभूति हो, जुन काव्यश्रवण तथा नाट्यदर्शनबाट सहृदयी भावकहरूलाई स्वाभाविक रूपमा प्राप्त हुन पुग्दछ।

"*वाक्यं रसात्मकं काव्यम्*" (विश्वनाथः, २०१४, पृ. २३) भनी रसलाई काव्यको आत्माको रूपमा आचार्य विश्वनाथले प्रतिपादन गरेका छन्। रमणीय र आलङ्कारिक काव्यत्वको अलौकिक अनुभूति नै रस हो जसले मानव हृदयमा कुनै न कुनै भावलाई वा संवेदनालाई जागृत गराउन सक्छ अथवा भनौं साहित्यबाट प्राप्त हुने मानसिक सन्तोष वा पूर्णता नै रस हो। रस अन्तःकरणको त्यो शक्ति हो जसका बलले इन्द्रियहरू क्रियाशील हुन्छन्, मनले कल्पना गर्दा स्वप्नका अनुभूति स्मृतिका रूपमा जीवन्त रहन्छन्। रस आनन्दको प्रतीक हो र यही आनन्द नै विशालताको र विराट्पनको अनुभव पनि हो। यो आनन्द नै अन्य समस्त अनुभवको अतिक्रमण पनि हो। व्यक्तिविशेष इन्द्रिय–संयम हुनसक्छ र ऊ विषयविमुख पनि बन्न सक्छ तर उसले ती विषयप्रतिका भाव पन्छाउन सक्दैन। रसका रूपमा जुन वस्तुको निष्पत्ति हुन्छ, त्यही वास्तवमा भाव हो। रसानुभूति भएपछि भाव रहँदैन, केवल रसमात्र शेष रहन्छ, भावना रूपान्तरित हुन्छ। रस सूत्रको व्याख्या बुझ्न स्थायीभाव, विभाव, अनुभाव र सञ्चारी भावको जानकारी हुनु आवश्यक छ।

### २.३.१ स्थायीभाव

*"विकारो मानसो भावः* (अमरसिंह, २०७७, पृ. १९)*"* अर्थात् मनको विकार वा परिवर्तनशील अवस्था नै भाव हो भनी भनिएको छ। मन अनन्त भावनाहरूको खानी हो। यसमा विविध अनुभवहरू संस्कारहरू र संवेगहरू बस्दछन्। तर ती भावनाहरू सँधै उद्भूतरूपमा रहेका हुँदैनन्। तिनीहरू संस्कारका रूपमा अनुत्कट रूपमा रहेका हुन्छन्। त्यस्ता भावनाहरूलाई विभाव, अनुभाव र व्यभिचारी भावहरूले जागृत भई जुन भावहरू स्थायी रूपमा मनलाई आबद्ध गरेर रहेका हुन्छन्, ती स्थायी हुन्। यसै सन्दर्भमा आचार्य जगन्नाथले प्राचीन आचार्यहरूको मतलाई उल्लेख गर्दै आफ्नो रसगङ्गाधर ग्रन्थमा यसरी स्थायी भावलाई चिनाएका छन्-

*विरुद्धैरविरुद्धैर्वा भावैर्विच्छिद्यते न यः ।*

*आत्मभावं नयत्याशु स स्थायी लवणाकरः ॥*

*चिरं चित्तेऽवतिष्ठन्ते सम्बध्यन्तेऽनुबन्धिभिः ।*

*रसत्वं ये प्रपद्यन्ते प्रसिद्धाः स्थायिनोऽत्र ते ॥* (जगन्नाथ, सन् १९८८, पृ. ३८)

अर्थात् जुन भाव विरोधी एवं अविरोधी भावद्वारा कदापि विच्छिन्न (नष्ट) हुँदैन। बरु अन्य भावहरूलाई पनि चाँडै आफ्नो अवस्थामा परिवर्तन गर्दछ, त्यो स्थायी भाव हो। त्यो लवणाकर समुद्र जस्तै हुन्छ। जसरी समुद्रमा पुगेपछि सबै वस्तुहरू त्यहीँ लीन बन्दछन्, त्यसैगरी स्थायी भावसँग मिलेपछि सबै भावहरू तद्रूप बन्दछन्।

जुन भाव धेरै समयसम्म चित्तमा रहन्छ, विभाव, अनुभाव र व्यभिचारी भावसँग सम्बन्धित पनि रहन्छ र रसरूप बन्दछ त्यही भाव स्थायीभाव हो। त्यसैगरी जुन भाव सजातीय र विजातीय भावद्वारा तिरस्कृत नभई जबसम्म रस आस्वादन भइरहन्छ तब सम्म रहिरहन्छ त्यो भाव नै स्थायी भाव हो।

अर्को शब्दमा सामाजिक (भावक र प्रेक्षक)को अन्तःकरणमा जुन मनोविकार वासना वा संस्कारका रूपमा सधैं रहिरहन्छ, जुन कहिल्यै दमित हुँदैन, त्यसैलाई स्थायीभाव भन्दछन्। स्थायीभाव मानवमनमा बीजका रूपमा चिरकालसम्म स्थिर र अविचलित भएर बसेको हुन्छ। यसलाई संस्कार अथवा भावनाको द्योतक मानिन्छ। स्थायीभाव यति समर्थ र बलियो हुन्छ, यसले अन्य भावलाई आफूमा विलीन गर्दछ। विशेषतः काव्य पढ्दा अथवा नाटक वा चलचित्र हेर्दा पाठक र दर्शकमा एक किसिमको आनन्दको अनुभव पनि हुन्छ। यही भाव रसरूपमा परिणत भएको हुन्छ। त्यही स्थायीभाव नै रस हो। यसैलाई आचार्य मम्मटले काव्य प्रकाशको चौथो अध्यायमा यसरी उल्लेख गरेका छन्–

*विभावा अनुभावास्तत्कथ्यन्ते व्याभिचारिणः ।*

*व्यक्तः स तैर्विभावाद्यैः स्थायी भावो रसः स्मृतः ।* (मम्मट, सन् १९८६, पृ. १२८)

भरतमुनिले स्थायीभावलाई आठ वटा मानेका छन् –

*रतिर्हासश्च शोकश्च क्रोधोत्साहौ भयं तथा ।*

*जुगुप्सा विष्मयश्चेति स्थायिभावाः प्रकीर्तिताः ॥* (भरतमुनि , सन् १९४३, पृ. १९)

किनकि उनले आठवटा मात्र रसको व्याख्या गरेका छन्, नवौँ शान्तरसलाई ग्रहण गरेका छैनन्। तर उत्तरवर्ती धैरैजसो विद्वान्हरूले यसलाई नौ वटा हुन्छन्, भनेका छन्, त्यसैकारण आचार्य मम्मटले शान्तरसको प्रतिपादन गर्ने क्रममा *"निर्वेदस्थायिभावाख्यः शान्तोऽपि नवमो रसः ।"*(मम्मट, २०५८, पृ. १२४) भनी शान्तरसको स्थायीभावको रूपमा निर्वेदलाई स्वीकार गरेका छन्। कालान्तरमा भक्ति, वात्सल्य आदिलाई पनि छुट्टै रसका रूपमा मान्नेहरूले स्थायीभावलाई ईश्वर विषयक प्रेम, वात्सल्य आदि स्थायीभाव थपी अतिरिक्त स्थायीभावको पनि परिकल्पना गरेका छन्। तर पनि आचार्य जगन्नाथसम्म आइपुग्दा निष्कर्षमा ९ वटामात्र रस र त्यसको ९ वटा मात्र स्थायीभावको चर्चा गरिएको पाइन्छ। सत्रौँ शताब्दीका पण्डितराज जगन्नाथले रसको संख्या र त्यसको स्थायीभावको विषयमा तार्किक किसिमले प्रतिपादन गरेको पाइन्छ। स्थायीभावहरूलाई यसरी प्रस्तुत गरिन्छ-

| *स्थायीभाव* | *रस* |
|---|---|
| रति/प्रीति | शृङ्गार |
| उत्साह | वीर |
| शोक | करुण |
| विस्मय/आचार्य | अद्भुत |
| क्रोध | रौद्र |
| हास (हाँसो) | हास्य |
| घृणा/जुगुप्सा | बीभत्स |
| भय | भयानक |
| शम/निर्वेद/वैराग्य | शान्त |

यी स्थायी भाव नै रसरूपमा अभिव्यक्त हुन्छन्।

## २.३.२ विभाव

विभाव भनेको भावहरूलाई जागृत गराउने वा उद्बोधन गराउने स्थान, पात्र वा परिस्थिति आदि सामग्री नै हो। रससामग्रीहरूमध्ये यस विभावको भूमिका भनेको कारणको भूमिका हो। यसद्वारा अनुभावरूपी कार्यको उत्पत्ति हुन्छ। अतः रसोत्पादनका लागि विभावको अर्थ कारण भन्ने बुझ्नुपर्छ। भावहरू के कारणले गर्दा सहृदयीहरूमा उत्पन्न हुन्छन् भन्ने प्रश्नमा विभाव नै त्यसको कारण रूपमा चिनिन्छ। यसले स्थायीभावलाई आस्वाद्य तुल्याउँदछ। विभावलाई रसको उत्पत्तिमा आधारभूत तत्त्वका रूपमा लिइन्छ। विभाव दुई किसिमका हुन्छन् – आलम्बन विभाव र उद्दीपन विभाव। यसलाई भरतमुनिले नाट्यशास्त्रमा यसरी उल्लेख गरेका छन्–

*बहवोऽर्था विभाव्यन्ते वागङ्गाभिनयाश्रयाः ।*

*अनेन यस्मात्तेनायं विभाव इति संज्ञितः* ॥ (भरतमुनि, सन् १९५६, पृ. ३४७)। अर्थात् जसबाट वाचिक, शारीरिक, सात्त्विक र आहार्य क्रियाकलापहरूको जन्म हुन्छ त्यही कारणरूपी तत्त्व नै विभाव हो। विभावलाई पण्डितराज जगन्नाथले यसरी प्रस्तुत गरेका छन्-

*एवमेषां स्थायिभावानां लोके तत्तन्नायकगतानां यान्यालम्बनतयोद्दीपनतया वा कारणत्वेन प्रसिद्धानि तान्येषु काव्यनाट्ययोर्व्यज्यमानेषु विभावशब्देन व्यपदिश्यन्ते।* (जगन्नाथ, सन् १९८८, पृ. ४०)।

अर्थात् नायकादिमा रहने स्थायीभावको लागि जुन तत्त्व आलम्बनको रूपमा र उद्दीपनको रूपमा कारण बन्दछ त्यही विभाव हो। "विभावयन्ति रत्यादीन् भावानिति विभावाः" अर्थात् जसले रत्यादि भावहरूलाई उत्पन्न गर्दछन् तिनीहरूलाई विभाव भनिन्छ। विभाव आलम्बन र उद्दीपन गरी दुई किसिमको हुन्छ।

आलम्बन विभाव

आलम्बन भन्ने शब्दले आधार भन्ने अर्थ जनाउँछ। अर्थात् जुन मुख्य व्यक्ति वा वस्तुमा आधारित भई भावको उद्गम हुन्छ, वा जुन वस्तु देखेर त्यससम्बन्धी भावहरू उत्पन्न हुन्छन् त्यसलाई आलम्बन विभाव भनिन्छ। यस अन्तर्गत विषय र आश्रय पर्दछन्। चरित्र वा पात्रप्रति कुनै पात्रको भाव जागृत हुनुलाई विषय र जुन पात्रमा भाव जागृत हुन्छ त्यसलाई आश्रय भनिन्छ। आश्रय भनेको आधार या अधिकरण हो। जुन आश्रयमा भाव उत्पन्न हुन्छ, त्यो आश्रयालम्बन विभाव हो। जस्तै शकुन्तलालाई देखेर दुष्यन्तमा रत्यादि भाव उत्पन्न भयो भने दुष्यन्त आश्रयालम्बन हुन्। त्यस्तै जुन विषयलाई देखेर भावकको मनमा

भाव उत्पन्न हुन्छ, त्यो विषय चाहिँ विषयालम्बन हो। जस्तै शकुन्तलालाई देखेर भाव उत्पन्न हुँदा, शकुन्तला विषयालम्बन हो।

उद्दीपन विभाव

*उद्दीपयतीति उद्दीपनम्* अर्थात् स्थायीभावलाई जागरूकता प्रदान गर्ने सहायक कारणलाई उद्दीपन विभाव भनिन्छ। उदाहरणका रूपमा शृङ्गार रसको स्थायीभाव रतिका निम्ति सुन्दरी स्त्री आलम्बन विभाव हो भने एकान्तस्थान, लताकुञ्जादि, चन्द्रमा, शीतल हावा, वसन्तको वन, फूलहरूले सुन्दर बनेको वातारवण आदि उद्दीपन विभाव हुन्। जुन कुरा देखेर वा सुनेर भावहरू झन् उत्तेजित हुन पुग्छन्, त्यो उद्दीपन विभाव हो। त्यस्तै रामायणको कथामा रामका लागि सीता विषयालम्बन हुन् र राम आश्रयालम्बन हुन् भने सीतासँग वनविहार अथवा खेलवाड गरेका ठाउँहरू र उनलाई सम्झाउने अन्य विविध सामग्रीहरू उद्दीपन विभाव हुन्।

## २.३.३ अनुभाव

विभावरूपी कारणबाट उत्पन्न हुने चेष्टारूपी कार्य नै अनुभाव हो। अर्थात् आलम्बन र उद्दीपन सामग्रीबाट भावको अनुभव भएपछि देखापर्ने चेष्टादि कार्यहरू अनुभाव हुन्, अथवा रति, हास, शोक आदि स्थायीभावलाई प्रकाशित वा व्यक्त गर्न लगाउने आश्रयको चेष्टा नै अनुभाव हो। जसलाई भरतमुनिले बोली, अङ्गको प्रतिक्रिया, अभिनय आदिबाट व्यक्त गरिने कार्यको रूपमा यसरी उल्लेख गरेका छन्।

*वागङ्गाभिनयेनेह यतस्त्वर्थोऽनुभाव्यते।*

*शाखाङ्गोपाङ्गसंयुक्तस्त्वनुभावस्ततः स्मृतः॥* (भरतमुनि, सन् १९५६, पृ. ३४७)।

विषयालम्बनबाट भाव जागृत भएपछि आश्रयालम्बनमा चेष्टा उत्पन्न हुने गर्दछ, त्यसैले यसलाई अनुभाव भनिएको हो। जुन वस्तुले भावको अनुगमन गर्दछ त्यसैको नाम हो अनुभाव। आलम्बन एवं उद्दीपनका माध्यमबाट आ–आफ्ना कारणले उत्पन्न, भावलाई बाह्य रूपमा प्रकाशित गराउने जेजस्ता चेष्टाहरू हुन्छन्, तिनैलाई काव्य, नाटक आदिमा निबद्ध अनुभाव भन्ने गरिन्छ। जस्तै – विरहबाट व्याकुल नायकद्वारा सुँक्कसुँक्क गर्नु, मिलनका अवसरमा आँसु, पसिना, रोमाञ्चकता, अनुराग आदि उपस्थित हुनु, रिसाउँदा (क्रोध जागृत हुँदा) हातहतियार चलाउनु, कठोर वचन बोल्नु, आँखा राताराता पार्नु आदिलाई अनुभाव भन्दछन्। त्यसैले अनुभावलाई विभावरूपी कारणको कार्यको रूपमा लिने गरिन्छ। यो इच्छित र अनिच्छित गरी अनुभाव दुई किसिमको हुन्छ। इच्छित अनुभावलाई साधारण अनुभाव वा बाह्य अनुभाव र अनिच्छित अनुभावलाई सात्त्विक

अनुभाव वा आन्तरिक अनुभाव पनि भनिन्छ। आङ्गिक, वाचिक, आहार्य र सात्त्विक गरी इच्छित अनुभाव चार किसिमका हुन्छन्।

| अनुभाव (इच्छित) | परिभाषा |
|---|---|
| आङ्गिक | मनका भावलाई शारीरिक अङ्गद्वारा प्रदर्शन गर्नु, जस्तैः- आँखा रसाउनु, मुख बिगार्नु आदि। |
| वाचिक | मनका भावलाई बोलीले अभिव्यक्त गर्नु, जस्तैः- बोली लरखराउनु, अनौठो बोली बोल्नु। |
| आहार्य | विविध अलङ्कार, वस्त्र आदिबाट भावना अभिव्यक्त गर्नु। |
| सात्त्विक | मानसिक आवेगहरू अनिच्छित रूपमा देखिनु । जस्तैः- स्तम्भः, स्वेद, स्वरभङ्ग आदि। |

यसमध्ये पनि सात्त्विक भावहरू ८ प्रकारका हुन्छन्। यी पनि अभिनयकै कोटीमा आउँछन् तर यी अनिच्छित अनुभाव हुन्।

*स्तम्भः स्वेदोऽथ रोमाञ्चः स्वरभङ्गोऽथ वेपथुः ।*

*वैवर्ण्यमश्रु प्रलय इत्यष्टौ सात्त्विकाः स्मृताः ॥* (भरतमुनि, सन् १९५६, पृ. २६८)।

## २.३.४ सञ्चारी भाव

सञ्चरण गरिरहने वा परिवर्तन भइरहने भाव नै सञ्चारी भाव हो। सञ्चारी भावको अर्को नाम व्यभिचारी भाव पनि हो। सँगसँगै हिंड्नु वा सञ्चरणशील हुनु सञ्चारी शब्दको अर्थ हो । सञ्चारी भाव स्थायी भावका साथमा सञ्चरित हुन्छ। सञ्चारी भावलाई व्यभिचारी भन्नुको कारण यसको अनिश्चितता र परिवर्तनशीलता नै हो। अनगिन्ती मनका संवेगहरू जुन क्षणक्षणमा देखिने र लोप हुने प्रवृत्तिका हुन्छन्, तिनीहरूलाई व्यभिचारी अथवा सञ्चारी भाव मानिन्छ। अर्को शब्दमा भन्नुपर्दा स्थायीभावलाई परिपुष्ट तुल्याउन थोरै समय उपस्थित भएर तुरून्त विलुप्त हुने भावलाई व्यभिचारी भाव वा सञ्चारी भाव भन्दछन्। यिनीहरू पानीका तरङ्गझैं अस्थिर हुने हुनाले यिनले स्थायीभावलाई आस्वादन अवस्थामा पुऱ्याउन सहयोग मात्र गर्न सक्छन्। यस भावमा प्रत्येक स्थायीभावका साथमा त्यस अनुकूल भई हिंड्ने सामर्थ्य हुन्छ, त्यसैले यसलाई व्यभिचारी भाव समेत भनिएको हो। सञ्चारी अर्थात् व्यभिचारी भाव ३३ किसिमको हुन्छ।। (मम्मट, सन् १९८६, पृ.

१२०)। आचार्य जगन्नाथले गुरुनृपपुत्रादिविषयक रतिलाई "*हर्षस्मृतिव्रीडामोह....../ गुरुदेवनृपपुत्रादिविषया रतिश्चेति चतुस्त्रिंशत्*" (जगन्नाथ, सन् १९८८, पृ. ९४) भनी ३४ औँ व्यभिचारी भावको रूपमा गणना गरेका छन्। यस भावको ग्रहण गर्नाले वात्सल्य रस ग्रहण गर्नु पर्दैन भनी त्यसको खण्डन समेत गरेका छन्।

यसरी सामान्य रूपमा विभाव, अनुभाव र सञ्चारी भावलाई रसरूपी स्थायीभावका क्रमशः कारण, कार्य र सहकारी वा सहायक भाव मानिन्छ। यी व्यभिचारी भावहरूलाई यहाँ परिभाषासहित प्रस्तुत गरिन्छ-

| भावहरू | स्वरूप |
|---|---|
| निर्वेद | ज्ञान, आपत्ति आदिबाट उत्पन्न वैराग्य |
| आवेग | उत्पात आदिबाट उत्पन्न हतारीपन |
| दैन्य | दुःख र गरिबी आदिबाट उत्पन्न दीनता |
| श्रम | मिहिनेतबाट उत्पन्न चित्तको निष्क्रियता वा थकाइ। |
| मद | नसा आदिबाट उत्पन्न मात |
| जडता | अनिष्ट आदिबाट उत्पन्न जड अवस्था |
| उग्रता | वीरता आदिबाट उत्पन्न प्रचण्ड अवस्था |
| मोह | डर, दु:ख आदिबाट विचेत हुने अवस्था |
| विबोध | निद्राबाट ब्युझिने चेतन अवस्था |
| स्वप्न | निद्रामा सपना देख्ने अवस्था |
| अपस्मार | मानसिक दु:खबाट उत्पन्न रोग |
| गर्व | सम्पत्ति, प्रभाव आदिबाट उत्पन्न घमण्ड |
| मरण | आघातबाट उत्पन्न मूर्छा वा  मृत्युको पूर्वकालिक अवस्था |
| अलसता | परिश्रमबाट उत्पन्न आलस्य |
| अमर्ष | धैर्य शून्य हुने अवस्था, असह्य भएको बोध |
| निद्रा | थकाइबाट निद्रित हुने अवस्था |
| अवहित्था | आन्तरिक भाव लुकाउने काम |

| | |
|---|---|
| औत्सुक्य | इच्छित प्राप्तिको उत्कण्ठा |
| उन्माद | सनकबाट उत्पन्न विक्षिप्तता |
| शङ्का | अनिष्टको कल्पना |
| स्मृति | पूर्वज्ञानको सम्झना |
| मति | विवेकपूर्वक कर्तव्य निश्चित गर्ने काम |
| व्याधि | विभिन्न विकारबाट उत्पन्न रोग |
| त्रास | चटयाङ आदिबाट उत्पन्न डर |
| व्रीडा | लाज, शरम |
| हर्ष | मनमा उत्पन्न खुसी |
| असूया | अर्काको उन्नति देखेर उत्पन्न हुने डाहा |
| विषाद | उपायहीन अवस्थाबाट उत्पन्न खिन्नता |
| धृति | धैर्य, सन्तोष |
| चपलता | मनको चञ्चलता |
| ग्लानि | अङ्गको शिथिलता |
| चिन्ता | दुःखद वा शोकपूर्ण विचार |
| तर्क | सन्देहबाट उत्पन्न तर्कना |
| रति | गुरु, पुत्र आदिमा प्रेम / देवतामा गरिने भक्ति आदि |

यी सहचारी भावहरू स्थायी भावसँग परिवर्तनशील बनेर आउँछन् र स्थायीभावलाई परिपुष्ट गर्ने काम गर्दछन्। अतः रसानुभूतिमा यी भावहरू अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

## २.४ रस

रससूत्रका प्रतिपादक आद्य आचार्य भरतले मुख्यतः ८ किसिमका रसहरू बताएका छन्, तथापि उनकै संकेतानुरूप परवर्ती आचार्यहरूले शान्तरसलाई पनि स्विकारेको पाइन्छ। त्यसैले साहित्यमा नवरस विशेष चर्चाको विषय बनेका छन्। केही आचार्यहरूले वात्सल्य र भक्ति अथवा ईश्वरप्रतिको प्रेमलाई पनि रसको संज्ञा दिएका छन्। तर पनि सबै

आचार्यहरले वात्सल्य र भक्तिलाई भने रसको रूपमा स्विकारेका छैनन्। भरतमुनिदेखि दण्डीसम्मका आचार्यहरूले विशेषतः आठ रसको स्वीकार गरेका छन्। त्यसपछि सर्वप्रथम नवौँ रसको रूपमा शान्तरसलाई स्थापना गर्ने आचार्य उद्भट नै हुन्। यिनले *"नव नाट्ये रसाः स्मृताः"* (नगेन्द्र, सन् १९६९, पृ. २३८) भनी शान्तरसको पनि चर्चा गरेका छन्। दशरूपककार धनञ्जयले भने नाट्येतर साहित्यमा नवै रस भएता पनि नाटकमा अभिनय जटिलताका कारण आठ रस मात्र हुने चर्चा गरेका छन्। त्यस्तै नाटकमा सबै रसहरू नटले अनुभूति गर्न नसक्ने भएकाले आठ रसको प्रतिपादन गरिएको हो, वस्तुतः रस नौवटै हुन्छ भन्न भावलाई प्रस्ट्याउनका लागि पण्डितराजले संगीतरत्नाकरको मत रसगङ्गाधरमा यसरी उल्लेख गरेका छन्-

*अष्टावेव रसा नाट्येष्विति केचिदचूचुदन् ।*

*तदचारु यतः कञ्चिन्न रसं स्वदते नटः ॥* (जगन्नाथ, सन् १९८८, पृ. ३७)

अतः उद्भटपछिका प्रायः सबै आचार्यहरूले भने विशेषतः नौ रसको चर्चा गरेको पाइन्छ। त्यसैले विशेषतः शृङ्गार, वीर, करुण, अद्भुत, हास्य, भयानक, बीभत्स, रौद्र, शान्त यी शृङ्गारादि रसको रूपमा साहित्यशास्त्रमा परिचित छन्। यी रसहरूको स्थायिभाव फरक-फरक छन्।

## २.४.१ शृङ्गाररस

शृङ्गारको अर्थ सिँगार्नु भन्ने हुन्छ। जुन रसले पनि कविद्वारा रचित काव्यलाई विशेषतः सिङ्गार्ने काम गरेको हुन्छ त्यसैले शृङ्गाररस रसहरूको राजाको रूपमा पनि चिनिन्छ। यस रसले समस्त भावकहरूलाई विशेष रूपमा आकृष्ट गर्ने गर्दछ। यो स्त्रीपुरूषको पवित्र प्रेमबाट व्यक्त हुन्छ। यसलाई मुख्य रूपमा दुई किसिमको मानिएको छ सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार। यस रसको स्थायीभाव रति (परस्पर प्रेम) हो। यसैलाई पण्डितराज जगन्नाथले *"स्त्रीपुंसयोरन्योऽन्यालम्बनः प्रेमाख्यश्चित्तवृत्तिविशेषो रतिः स्थायिभावः ।"* (जगन्नाथ, सन् १९८८, पृ. ३८) भनी स्त्री र पुरुषको एकआपसमा रहने प्रेमको रूपमा रतिलाई परिभाषित गरेका छन्। त्यसैगरी रतिलाई व्यभिचारिभावको रूपमा पनि ग्रहण गरिएको पाइन्छ। उनले वात्सल्यरसलाई निरुत्साहित गर्नका निम्ति गुरु, देव, नृप र पुत्रमा हुने प्रेमलाई रति व्यभिचारी भावको रूपमा स्वीकार गरेका छन्। त्यसैगरी रति व्यभिचारी भाव र रति स्थायीभावमा के अन्तर हुन सक्छ भन्ने जिज्ञासामा पण्डितराजले नै संगीतरत्नाकरको मत उल्लेख गर्दै शङ्काको समाधान गरेका छन्-

*रत्यादयः स्थायिभावाः स्युर्भूयिष्ठविभावजाः ।*

*स्तोकैर्विभावैरुत्पन्नास्त एव व्यभिचारिणः ॥* (जगन्नाथ, सन् १९८८, पृ. ३८)

अर्थात् रत्यादि भावहरू धेरै विभावहरूबाट उत्पन्न हुँदा तिनै स्थायी भाव हुन्छन् भने थोरै विभावबाट उत्पन्न हुँदाँ तिनीहरू नै व्यभिचारी भावको रूपमा देखा पर्दछन्। शृङ्गाररसको परिपाकका निम्ति रतिभाव स्थायित्वमा पुग्नु जरुरी हुन्छ। त्यसका लागि स्त्रीका लागि पुरुष र पुरुषका लागि स्त्री एकअर्कामा आलम्बन हुने गर्दछन्। त्यसैगरी चन्द्रोदय, वसन्तको वन, पुष्पवाटिका आदि उद्दीपन विभाव बन्दछन्। त्यस्तै हाउभाउ, स्वेद, लज्जाभिनय, कर्के हेराइ आदि अनुभावको रूपमा देखिन्छन् भने हर्ष, चिन्ता, व्रीडा, मद, गर्व, आवेग आदि व्यभिचारी वा सहचारी भावका रूपमा रहन्छन्। (शर्मा र लुइटेल, २०६७, पृ. ५३) यी नै विभाव कारण, अनुभाव कार्य र व्यभिचारी सहयोगीबाट रति भाव स्थायित्वमा पुग्दछ। जबसम्म रसको आस्वादन भइरहन्छ तबसम्म रतिभाव स्थायित्वमा रहिरहन्छ। अतः त्यही रति स्थायीभाव नै शृङ्गाररसकत्र रूपमा चिनिन्छ।

सम्भोग शृङ्गार

सम्भोग शृङ्गारको अर्को नाम संयोग शृङ्गार पनि हो। यो नायक र नायिकाको संयोगसँग सम्बन्धित हुन्छ। *“शृङ्गारो द्विविधः संयोगो विप्रलम्भश्च। रतेः संयोगकालावच्छिन्नत्वे प्रथमः, वियोगकालावच्छिन्नत्वे द्वितीयः।”* (जगन्नाथ, सन् १९८८, पृ. ४१) भनी नायकनायिकाको संयोगमा रहँदा उत्पन्न भएको रतिलाई आधार मानेर संयोग शृङ्गारको अनुभव हुन्छ भने उनीहरूको वियोगकालमा उत्पन्न भएको रतिबाट विप्रलम्भ शृङ्गार अनुभूत हुन्छ। यही मान्यताद्वारा शृङ्गार रस दुई भागमा विभक्त भएको छ। नायक नायिका सँगै रहँदा पनि संयोग शृङ्गार हुन्छ भन्नु दोषयुक्त नै देखिन्छ किनकि एकै शयनमा सुतेका भएता पनि ईर्ष्या आदिका कारणले उनीहरूमा रति उत्पन्न हुन सकेको पाइँदैन। त्यसैगरी टाढा हुँदा पनि विप्रलम्भ शृङ्गार नै हुन्छ भन्ने हुँदैन। अतः संयोग र विप्रलम्भ शृङ्गारमा मनको सामीप्य नै महत्त्वपूर्ण रहन्छ भन्ने मत आचार्य जगन्नाथको देखिन्छ।

सम्भोग शृङ्गारमा नायक-नायिका एकआपसमा आलम्बन बन्दछन् भने एकान्त ठाउँ, कोइलीको स्वर, भोगविलासका सामाग्रीहरू उद्दीपन विभाव बन्दछन्। त्यसैद्वारा कर्के हेराइ, आँखा झिम्क्याइ, लज्जाभिनय आदि अनुभावहरू कार्यका रूपमा देखापर्छन् र हर्ष, मद, श्रम, गर्व आदि सहचारी भावहरूका साथमा रति स्थायीभाव उत्पन्न हुन्छ।। त्यही स्थायीभावद्वारा एक अलौकिक अनुभूति हुन्छ, त्यही नै संयोगशृङ्गार हो।

विप्रलम्भ शृङ्गार

प्रेमी र प्रमिकाको वियोग भई उत्पन्न हुने हार्दिक रस नै विप्रलम्भ शृङ्गार रस हो। विप्रलम्भमा पहिले सम्भोगावस्थामा उपभोग गरिएका साधनहरू देख्नु र सम्झनु उद्दीपन विभाव बन्दछन्। सम्भोगमा प्रेमपूर्ण दृष्टि, कटाक्ष, पसिना आउनु आदि अनुभाव मानिन्छन्। यस रसमा सम्भोगका लागि छट्पटाउनु, पिरोलिनु आदि नै अनुभाव बनेका हुन्छन्। लज्जादि, सम्भोगका निम्ति हुने उत्सुकता, चिन्ता आदि विप्रलम्भका सञ्चारी भाव हुन्।

## २.४.२ वीररस

उत्साह स्थायी भाव भएको रस वीररस हो। अर्थात् वीरताको भाव उत्पन्न हुने रस नै वीर रस हो। अमरकोशमा *"उत्साहवर्धनो वीरः"* (अमरसिंह, २०७७, पृ. १९) भनी उत्साहवर्धक रस वीर हो भनी भनिएको छ। उत्साहलाई *"परपराक्रमदानादिस्मृतिजन्मा औन्नत्याख्यः उत्साह"* भनी जगन्नाथले परिभाषित गरेका छन्। (जगन्नाथ, सन् १९८८, पृ. ३९) शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलताको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्छ, त्यसबाट वीर रसको उत्पत्ति हुन्छ। यस रसको आलम्बन शत्रु वा प्रतिद्वन्द्वी हुन्छ भने युद्धदर्शन, वीरता प्रदर्शन आदि यसका उद्दीपन हुन्छन्। शत्रुहरूलाई देखी उनीहरूले देखाएका वीरता प्रदर्शनबाट यो रस उद्दीप्त हुन्छ। विपक्षीको तिरस्कार, अस्त्रप्रहार, कठोर वचन आदि यस रसका अनुभाव हुन् भने गर्व, धैर्य, रोमाञ्च, आदि व्यभिचारी हुन्। उत्साह यस रसको स्थायीभाव हुन्छ। वीर रसलाई आचार्यहरूले उत्साह अनुरूप वर्णन गरेको पाइन्छ। दान, दया, युद्ध र धर्म अनुसार जुन उत्साह प्राप्त हुन्छ, त्यसका आधारमा वीररस पनि दानवीर, दयावीर, युद्धवीर र धर्मवीर गरी विभिन्न स्वरूपमा देखापर्ने कुरा पूर्वीय काव्यशास्त्रमा वर्णित छ। जसरी युद्धको उत्साहका कारण युद्धवीर रसको अनुभूति हुन्छ त्यसैगरी धर्म, सत्य, दया, क्षमा आदि विविध स्वरूपमा वीर रस ध्वनित हुने कुरा आचार्य जगन्नाथले युक्तिसङ्गत ढङ्गले रसगङ्गाधर ग्रन्थमा उल्लेख गरेका छन्। (जगन्नाथ, सन् १९८८, पृ. ४५-५१)

यहाँ युद्धद्वारा प्राप्त भएको उत्साह तदनुकूल विभाव, अनुभाव र व्यभिचारीद्वारा अत्यन्त परिपुष्ट बनेको छ र वीररसको रूपमा अनुभूत बनेको छ।

## २.४.३ करुणरस

करुणा भनेको दयनीय अवस्था हो। शोक र मोहको प्रतिफलको रूपमा यस करुण रसले जन्म लिन्छ। शोकलाई *"पुत्रादिवियोगमरणादिजन्मा वैक्लव्याख्यश्चित्तवृत्तिविशेषः शोकः"* भनी पुत्रादि वियोगजन्य व्याकुलताको रूपमा चिनाइएको छ (जगन्नाथ, सन् १९८८, पृ. ३९)। आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको प्राप्तिबाट करुण रसको उत्पत्ति हुन्छ। मनमा उर्लिएर आउने शोक भाव नै करुण रसको स्थायी भाव हो। विनष्ट

वस्तु आलम्बन र विनष्ट वस्तुको गुणस्मरण वा स्मरण गराउने वस्तु उद्दीपन विभाव हुन्। रूनु, कराउनु आदि अनुभाव र मूर्च्छा, उन्माद, ग्लानि, पीडा, कष्ट, चिन्ता आदि व्यभिचारी भाव भन्छन्। यसैबाट परिपुष्ट हुने शोक नै करुणरसको स्थायी भाव हो। त्यही शोक नै करुणरसको रूपमा अनुभूत हुन पुग्दछ।

## २.४.४ अद्भुतरस

अलौकिक, विचित्र वा अचम्मको वस्तु, दृश्य वा घटनालाई देख्दा वा सुन्दा उत्पन्न हुने आश्चर्यात्मक चित्तवृत्ति अद्भुत रस हो। अचम्मको वा अनौठो विषय वा वस्तु यसको आलम्बन विभाव हुन्छ र त्यस अलौकिक विषय वा वस्तुको महिमा अथवा चमत्कार यसको उद्दीपन हुन्छ। पसिना, रोमाञ्च, आँखा फैलाउनु आदि यसका अनुभाव हुन् भने त्रास, जडता आदि यसका व्यभिचारी भाव हुन्। विस्मय वा आश्चर्य यस रसको स्थायीभाव हो। जसलाई *"अलौकिकवस्तुदर्शनादिजन्मा विकासाख्यो विस्मयः"* अर्थात् अचम्मको अलौकिक वस्तु देखेर उत्पन्न भएको विकसित हुने मनको विकार नै विस्मय हो (जगन्नाथ, सन् १९८८, पृ. ३९)। यही विस्मयद्वारा अद्भुतरस अनुभूत हुन पुग्दछ।

## २.४.५ हास्यरस

हाँस्न योग्य वस्तुहरूको दर्शन, स्मरण र चिन्तनले मनमा जुन किसिमको रोमाञ्चता प्राप्त हुन्छ तब हास्य रसको उदय हुन्छ। अनौठा र विकृत आकार भएका चिजहरूले र अनौठा वर्णनहरूले हाम्रा मनमा हांसोको भाव उत्पन्न हुन्छ, हाँस्नु नै हास्य रसको स्वभाव हो। *"वागङ्गादिविकारदर्शनजन्मा विकासाख्यो हासः"* भनी आचार्य जगन्नाथले पनि हाँसो स्थायीभावलाई परिभाषित गरेका छन्। (जगन्नाथ, सन् १९८८, पृ. ३९) त्यसैले यस रसको स्थायीभाव हाँसो हो। अनौठा र विकृत आकार भएका चिजबीज, कथन, आदि आलम्बन विभाव र विकृत एवं अनौठा किसिमका चेष्टाहरू उद्दीपन विभाव हुन्। हाँसो आउनु, आँखा केही चिम्लनु, मुख खुकुलिनु या विकृत हुनु, पेट मिच्नु आदि व्यभिचारी भाव हुन्। यी नै भावहरूद्वारा हाँसो स्थायीभाव परिपुष्ट बनी हास्यरसको अनुभूति हुन्छ।

हाँसो का आत्मस्थ र परस्थ गरी २ प्रकारको छ। आत्मस्थ हाँसो विभावलाई देखेर उत्पन्न हुन्छ भने। परस्थ हाँसो अरूको हाँसिरहेको अवस्था देखेर उत्पन्न हुन्छ।

त्यसैगरी पूर्वीय साहित्यसिद्धान्तमा प्रकारान्तरले हास्यका छ वटा भेदहरूको चर्चा गरिएको पाइन्छ। उत्तम हाँसोका स्मित र हसित गरी २ भेदहरू छन्, मध्यमको विहसित, उपहसित गरी २ भेद छन् र अधम हाँसोको अपहसित, अतिहसित गरी २ भेद छन्। समग्रमा

हाँसोको यसरी ६ भेदहरूको चर्चा गरिएको छ। यिनीहरूको सामान्य परिचय यहाँ प्रस्तुत गरिन्छ -

**क) स्मित–**

मर्यादित र शिष्ट मुद्रामा प्रसन्नता व्यक्त गर्ने हँसिलो अनुहार बनाएर देखाउने हास्य स्मित हो। रसगङ्गाधरकारका अनुसार केही अल्पविकशित आँखा र केही स्पन्दित ओठ स्मित हास्यको लक्षण हुन्।यसमा उत्फुल्लता यसमा उत्फुल्लता, फूर्ति, ईर्ष्या वा घृणाका भावहरू देखिँदैनन्। समदर्शी महर्षिको अवस्था समान अनुहारमा आभासित हुने गुलावी हाँसोलाई स्मित भनिन्छ।

*ईषफुल्लकपोलाभ्यां कटाक्षैरप्यनल्बणैः ॥*
*अदृश्यदशनो हासो मधुरः स्मितं उच्यते ।*
*वक्त्रनेत्रकपोलैश्चेदुत्फुल्लैरुपलक्षितः ॥* (जगन्नाथ, सन् १९८८, पृ. ५४)

**ख) हसित**

माथिका दुई दाँत मात्र देखाएर शिष्टता भङ्ग नगरी ईषद्हास्य स्तरको हाँसो प्रकट गर्नु हसित हाँसो हो। माथिल्ला पंक्तिका दाँत देखाइ मुख नेत्र र गालामा उत्फुल्लता प्रदान गर्ने शिष्ट हाँसोलाई रसगङ्गाधरकारकाले हसित भनेका छन्। स्मित र हसित दुवै हाँस्यका उत्तम कोटीमा पर्दछन्।

*किंचिल्लक्षितदन्तश्च तदा हसितं इष्यते ।*

*सशब्दं मधुरं कायगतं वदनरागवत् ॥* (जगन्नाथ, सन् १९८८, पृ. ५४)

**ग) विहसित**

आँखा र गालाको आकुञ्चन साथ समयानुकुल मुखमा लालिमा झल्काउने हाँसोलाई विहसित भनिन्छ। यस तहमा हाँसो मधुर र सुश्रव्य आवाजमा व्यक्त हुने अवस्थालाई रसगङ्गाधरकार जगन्नाथले बताएका छन्। यसमा थोरै अमर्यादा र ज्यादा शिष्ट आक्षेपका अभिव्यक्ति प्रक्षेपित हुन्छन्।

*आकुञ्चिताक्षि मन्द्रं च विदुर्विहसितं बुधाः ।*

*निकुञ्चितांसशीर्षश्च जिह्मदृष्टिविलोकनः ॥* (जगन्नाथ, सन् १९८८, पृ. ५४)

**घ) उपहसित**

यस किसिमको हाँसोमा आँखा सन्कने निन्दा, अपमान, खिसी जस्ता ताप्पर्यहरू व्यक्तिने हाँसोलाई उपहसित भनिन्छ। नाँक फुलाउँदै दुवै काँध र शिरलाई कम्पन गर्नु

उपहसित हाँसोको लक्षण हो भन्ने कुरा उल्लेख गरिएको छ। हाँसो भित्र आक्षेपका छटाहरू पाइने हुनाले विहसित र उपहसितलाई मध्यमा हाँसोको स्तरमा राखिएको छ।

*उत्फुल्लनासिको हासो नाम्नोपहसितं मतम्।*

*अस्थानजः साश्रुदृष्टिराकम्पस्कन्धमूर्धजः॥* (जगन्नाथ, सन् १९८८, पृ. ५४)

**ङ) अपहसित**

अपहसित अवस्थाको हाँसोमा वाचिक र आङ्गिक रूपमा विभिन्न विकृतिहरू देखिन्छन्। कुम र शिर हल्लाउँदै आँखाबाट आँसुसमेत आउने गरी असमयमै हाँसिने हाँसोलाई अपहसित हाँसोमा गणना गरिएको छ। हँसाइमा सोद्देश्यतापूर्वक मुन्टो हल्लने आँखामा पानी देखिने आवाज लटपटिने जस्ता प्रतिक्रियाले अमर्यादित अवस्था देखाउँछ। यस हँसाइमा आक्षेप, निन्दा, घृणा जस्ता भावहरू पूर्णतया प्रकट हुन्छन्।

*शार्ङ्गदेवेन गदितो हासोऽपहसिताह्वयः।*

*स्थूलकर्णकटुध्वानो बाष्पपूरप्लुतेक्षणः।* (जगन्नाथ, सन् १९८८, पृ. ५५)

**च) अतिहसित**

यस तहको हाँस्यमा हाँसोले अनुसाशन र मर्यादाको सीमा उल्लंघन गरिसकेको हुन्छ। हाँस्ने मान्छे पेट मिचेर, आङ्गिक विकृति देखाएर हाँस्न थाल्दछ। आँखाबाट आँसुका धारा बग्ने चिच्याई चिच्याई हात खुट्टा पछार्दै अट्टहाँस पूर्वक विक्षिप्त रूपमा हाँसिने हाँसोलाई अतिहसितको संज्ञा दिइएको छ। यस हाँसोलाई नितान्त खिल्ली वा आक्षेप पूर्ण गाली आदिका अभिव्यञ्जनाको मूल स्रोतका रूपमा स्विकारिन्छ। तसर्थ अपहसित र अतिहसित अधम हाँसोको घेरामा पर्दछन्।

*करोपगूढपार्श्वश्च हासोऽतिहसितं मतम्॥* (जगन्नाथ, सन् १९८८, पृ. ५५)

वस्तुतः हास स्थायीभावबाट परिपाकमा पुग्ने हास्य रसका यी छ भेदहरूमा अपहसित र अतिहसित स्थितिमा हाँस्यरस निम्न कोटीको हुने अनि विहसित र उपहसित मध्यमस्तरको साथै स्मित र हसित स्थितिमा उत्तम रहने कुरा साहित्यशास्त्रमा उल्लेख गरिएको छ। जसलाई प्रमाणको रूपमा यहाँ देखाइन्छ-

*उत्तमानां मध्यमानां नीचानां अप्यसौ भवेत्।*

*त्र्यवस्थः कथितस्तस्य षड्भेदाः सन्ति चापरे॥*


*स्मितं च हसितं प्रोक्तं उत्तमे पुरुषे बुधैः।*

*भवेद्विहसितं चोपहसितं मध्यमे नरे॥*

*नीचेऽपहसितं चातिहसितं परिकीर्तितम् ।* (जगन्नाथ, सन् १९८८, पृ. ५४)

पण्डितराज जगन्नाथले आफ्नो रसगङ्गाधर नामक ग्रन्थमा शार्ङ्गदेवको उल्लेख गर्दै केही भिन्न रूपमा व्याख्या गरेका छन् । उनका अनुसार हास्यको विभाव वा विषयलाई देखेर उत्पन्न हुने हास्य आत्मस्थ र अर्को व्यक्ति हाँसेको देखेर उत्पन्न हुने हास्य परस्थ हो। यसबाट के थाहा हुन्छ भने आत्मस्थ हाँसोमा आश्रय र आलम्बन एउटै हुन्छ र आश्रयको असङ्गति नै विभाव बन्दछ तर परस्थ हास्यमा अन्य व्यक्तिको विकृति नै विभाव बन्न गएको हुन्छ। यसरी आत्मस्थ हास्यको उत्पत्ति विभावदर्शनसँगै हुन्छ र परस्थ हास्य परकीय चेष्टाजन्य हुन्छ।

यसरी आचार्य जगन्नाथले आफ्नो रसगङ्गाधर ग्रन्थमा हास्यको यसप्रकार प्रतिपादन गरेका छन् ।




संस्कृत साहित्यमा हास्यका यिनै भेदोपभेदहरूलाई नै सर्वप्रचलित र प्रख्यात मानिन्छ । यही हास्य स्थायीभावका रूपमा रहँदा अनुभूति हुने रस नै हास्य रस हो ।

## २.४.६ भयानकरस

डरपूर्ण अवस्थाबाट भयानक रस परिपाकमा पुग्दछ । हिंस्रक जनावर बाघ आदिको दर्शनमाबाट उत्पन्न हुने भय नै यसको स्थायी भाव हो ।*"व्याघ्रदर्शनादिजन्मा परमानर्थविषयको वैक्लव्याख्यः स भयम्"* (जगन्नाथ, सन् १९८८, पृ. ३९) अर्थात् भयप्रद

जन्तु, घटना वा दृश्य देखेर मनमा जुन डरलाग्दो चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसलाई भय भनिन्छ र त्यसबाट भयानक रसको अभिव्यक्ति हुन्छ। भयानक जन्तु वा विषय यसको आलम्बन र भयङ्कर जन्तुका भयप्रद चेष्टा यसका उद्दीपन हुन्। गदगद स्वरले बोल्नु, पसिना काढ्नु आदि यसका अनुभाव हुन् भने शङ्का, मूर्च्छा, मृत्यु आदि व्यभिचारी भाव हुन्। भय यस रसको स्थायीभाव हुन्छ। जस्तैः-

*कालाग्नीसरिको भयङ्कर स्वरुप् राम्को भयाथ्यो जसै*

*कामिन् पृथ्वि पनी भयङ्कर स्वरुप् देखिन् र राम्को तसै*

*रावण्का पनि चित्तमा भय पऱ्यो उल्का बहुतै भयो*

*क्या गर्छन् प्रभुले यहाँ भनी त्यहाँ सब् लोक् डराइ रह्यो ॥* (भानुभक्त आचार्य)

(आचार्य, २०७६, पृ. १६०)

*रागेपाटे अतिशय ठूलो लौन नि बाघ आयो*

*झम्ट्यो गाई थरथर भएँ होस मेरो हरायो ।*

*कामे गोडा ढुकढुक मुटु ठाउँ नै छोड्न लाग्यो*

*भागौं हामी घरतिर छिटै साहिंलो फुत्त आयो ॥* (मेदिनीप्रसाद शर्मा)

(शर्मा र लुइटेल, २०६७, पृ. ५५)

यसप्रकार यहाँ रामको भीषण आकृति तथा चेष्टाबाट र बाघको दर्शनबाट भयको अभिव्यक्ति हुँदा भयानक रस अनुभूत बनेको छ।

## २.४.७ बीभत्सरस

दुर्गन्धित वा घिन लाग्दा वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति बीभत्सरस हो। यसको आलम्बन दुर्गन्धित र घृणित वस्तु हुन्छ। त्यसै गरी उद्दीपन विभावका रूपमा गन्ध आउनु, किरा चल्नु, पिप र रगत बग्नु, आदि घृणालाई टेवा दिने तत्त्वहरू बन्दछन्। थुक्नु, वमन गर्नु, आँखा चिम्लनु, नाक थुन्नु आदि यसका अनुभव हुन् र आवेग, मूर्च्छा, व्याधि आदि यसका सञ्चारी भाव हुन्। घृणा यस रसको स्थायी भाव हो। यही घृणालाई जुगुप्सा पनि भनिन्छ। यसलाई संस्कृतसाहित्यका समालोचक जगन्नाथले *"कदर्यवस्तुविलोकनजन्मा विचिकित्साख्यश्चित्तवृत्तिविशेषो जुगुप्सा।"* (जगन्नाथ, सन् १९८८, पृ. ४०) अर्थात् क्षुद्र, घृणित कुराहरू देख्दा मनमा हुने निन्दात्मक चित्तवृत्ति नै जुगुप्सा (घृणा) हो। यही स्थायी भाव परिपुष्ट हुँदा बीभत्सरस अनुभूत हुन्छ।

## २.४.८ रौद्ररस

क्रोध स्थायीभाव परिपाकमा पुगेपछि रौद्ररसको स्वरूप ग्रहण गर्दछ। नटादिको त्यही स्वरूप र अवस्था हेरी सहृदयी भावकहरूले रौद्ररसको अनुभूति गर्दछन्। रावणादि राक्षसहरूको दर्शनले रामादिमा आउने क्रोधादि रौद्ररसको परिपाक हो। शत्रुहरूको आफूप्रति अपमानजनक एवं अपराधपूर्ण क्रियाकलाप क्रोध हो। यसैलाई जगन्नाथले *"गुरुबन्धुवधादिपरमापराधजन्यः प्रज्वलनाख्यः क्रोधः"* (जगन्नाथ, सन् १९८८, पृ. ३९) अर्थात् गुरु, बन्धु आदिको वधबाट हुने चित्तको उद्दीपन नै क्रोध हो भनी उल्लेख गरेका छन्। यही क्रोध भाव रौद्र रसमा स्थायी भाव हुन्छ। यसमा शत्रु आलम्बन, उसका क्रियाकलाप उद्दीपन, राताराता आँखा बनाउनु, ओठ टोक्नु, दाह्रा किट्नु, हतियार उठाउनु आदि अनुभाव र गर्व, आवेग आदि व्यभिचारी भाव हुन्।

## २.४.९ शान्तरस

संसारका सबै पदार्थबाट तटस्थ बनेर शान्त बन्नु नै शमको अवस्था हो। त्यही शमलाई शान्ति पनि भनिन्छ। त्यही शान्तिको परिपाक नै शान्त रसको अवस्था हो। शान्त रस संसार एक सपना हो, यहाँ भएका सबै प्राणी र चिजबिजहरू क्षणिक, विनाशी र निरर्थक छन् भन्ने ज्ञानले भावकमा संसारप्रति एक किसिमको वितृष्णाको भाव उत्पन्न हुन्छ, यही भावलाई निर्वेद अर्थात् वैराग्य भन्दछन्। *"नित्यानित्यवस्तुविचारजन्मा विषयविरागाख्यो निर्वेदः"* (जगन्नाथ, सन् १९८८, पृ. ३९) अर्थात् नित्यवस्तु के हो ? र अनित्य वस्तु के हो ? भन्ने विवेक गर्दै अनित्य विषयप्रति वैराग्यभाव जागृत हुनु नै निर्वेद हो। यही वैराग्यको स्थिति नै शान्त रसमा स्थायीभाव बनेको हुन्छ। यसमा निस्सार संसार अथवा परमात्मा आलम्बन र पुण्यस्थान, तीर्थ, देवमन्दिर, साधुसज्जनको सङ्गत आदि उद्दीपन विभाव हुन्छन्। यस्ता विभावहरूबाट उत्पन्न भएको सात्विक रोमाञ्च, आँसु आदि अनुभाव र हर्ष, स्मृति, विरक्ति, पश्चात्ताप आदि सञ्चारी भाव हुन्।

## २.४.१० अतिरिक्त रस

संस्कृत काव्यशास्त्रमा भरतमुनिले आठ वटामात्र रसहरूको चर्चा गरेका छन्। ती आठ रसहरूमध्ये पनि उनले शृङ्गार, रौद्र, वीर र वीभत्स रसलाई प्रधान रसको रूपमा स्विकारेका छन् भने अन्य हास्य, करुण, अद्भुत र भयानक रस क्रमशः तिनैबाट उत्पन्न भएका हुन् भनी नाट्यशास्त्रमा उल्लेख गरेका छन्-

*शृङ्गाराद्धि भवेद्हास्यो रौद्राच्च करुणो रसः ।*

*वीराच्चैवाद्भुतोत्पत्तिर्वीभत्साच्च भयानकः ॥* (भरतमुनि, सन् १९५६, पृ. २९५) । तर पनि यी आचार्यले शान्त रसको भने चर्चा नगर्नुमा नाट्यमा उक्त रसको अनुपयोगिता हुनु नै कारण हुन सक्छ भन्ने तर्क शास्त्रहरूमा उल्लेख गरिएको छ (जगन्नाथ, सन् १९८८, पृ. ३७)। त्यसैगरी दशरूपककार धनञ्जयले पनि शान्तरस नाट्यानुकूल नहुने ठानी भरतले चर्चा नगरेका हुन् भन्ने अभिव्यक्ति दिएका छन् । अतः काव्यशास्त्रको इतिहासलाई नियाल्दा सर्वप्रथम "*नव नाट्ये रसाः स्मृताः*(काव्यालङ्कार सार सङ्ग्रह ४/४)" भन्दै उद्भटले नवौँ शान्तरसलाई रसको मान्यता दिएको पाइन्छ। त्यसैलाई अनुसरण गर्दै मम्मटादि आचार्यहरूले पनि विशेषरूपमा शान्तरसको परिचर्चा गरेको पाइन्छ । यसै शान्त रसलाई नाट्यशास्त्रको क्षेपकको रूपमा रहेको *"शान्तस्तु प्रकृतिर्मतः"* भन्ने उक्तिलाई अनुसरण गर्दै अभिनव गुप्तले त मूलरसकै मान्यता प्रस्तुत गरेका छन् । (भरतमुनि, सन् १९५६, पृ. ३३४-३३५) । त्यसैगरी आर्द्रता स्थायी भाव भएको स्नेहरस, गर्ध स्थायीभाव भएको लौल्य रस, भगवद्भक्ति स्थायीभाव भएको भक्तिरसको पनि यिनैले खण्डन गरेका छन् । (अभिनवगुप्त, सन् १९५६, पृ. ३४१) । उद्भटपछि रुद्रटले साहचर्य स्थायी भाव भएको प्रेयान् नामक दसौँ रसको चर्चा गरी अन्य निर्वेदादि सञ्चारी भावहरू पनि रसको स्तरमा पुग्न सक्ने कुराको उल्लेख गरेका छन् – "*निर्वेदादिष्वपि तन्निकाममस्तीति तेऽपि रसाः ।*"(काव्यालङ्कार, १२/४) । यसकारण पनि परवर्ती आचार्यहरूले रसको संख्या बढाउने प्रयासमा लागेको देखिन्छ । यसमध्ये सबैभन्दा धेरै रसको संख्या पुऱ्याउने आचार्य भोजराज नै देखापर्दछन् । उनले सबै स्थायीभाव, व्यभिचारी भाव आदि भावहरू रसकै स्थानमा पुग्नसक्ने मान्यता प्रस्तुत गरेका छन् । यसैगरी रामचन्द्र, गुणचन्द्र आदि पनि यसमा अग्रसर देखिन्छन् । यसपछि कविराज विश्वनाथले वात्सल्य स्थायी भाव भएको वत्सल नामक दसौँ रसको स्थापना गरेका छन् । यसै गरी भानुदत्त, रूपगोस्वामी आदिले पनि अन्य विभिन्न रसहरू स्विकारेका छन् । यसरी विविध रसकहरू चर्चा भएता पनि पण्डितराज जगन्नाथसम्म आइपुग्दा नवरसको मात्र विशेष स्थायित्व कायम भएको पाइन्छ । अन्य केही रसहरू बीचमै खण्डित भइसकेका र बाँकी रहेको भक्ति र वात्सल्य रसलाई पनि आचार्य जगन्नाथले खण्डित गरेको पाइन्छ । वस्तुतः नवरस नै संस्कृत-काव्यशास्त्रकारहरूले विशेष रूपमा स्वीकार गरेका छन् । अतः आजसम्म पनि अन्य नेपाली आदि साहित्यमा पनि यसैलाई प्राथमिकतामा राखी समालोचना गर्ने पद्धति चलेको छ ।

## २.५ निष्कर्ष

पूर्वीय साहित्य परम्परामा भरतमुनिद्वारा प्रतिपादित रससिद्धान्त आजसम्म आउँदा विविध मान्यता र परिभाषामा सीमाबद्ध हुन पुगेको छ। भरतले उल्लेख गरेका मुख्य आठ रसहरूमा अन्य भक्ति, वात्सल्य आदि केही रसहरूलाई पनि केही आचार्यहरूले चर्चाको विषय बनाएका छन्। यसै थपघटसम्बन्धी विवादहरूमा केही आचार्यहरूले सर्वसमर्थित रूपमा नौ वटा मात्र रसहरूलाई प्रतिपादन गरेको देखिन्छ। यिनै नौ रस नै प्रायः सबै आचार्यद्वारा समर्थित देखिन्छ। त्यसैगरी यिनै रसहरूको निष्पत्तिका सन्दर्भमा प्रथम शताब्दीका भरतमुनिले प्रतिपादन गरेको रससूत्रको विविध प्रकारले विभिन्न आचार्यहरूले व्याख्या गरेका रससम्बन्धी महत्त्वपूर्ण उपलब्धिहरू पनि रसपरम्पराको उल्लेख्य कुरा हुन्। रससूत्रमा रहेका शब्दशब्दको विवेचना प्रक्रियाले पूर्वको काव्यचिन्तन अतिविस्तृत बनेको देखिन्छ र रसको व्याख्या, रससङ्ख्या र भावहरूको सूक्ष्म मान्यताले फराकिलो समेत बन्दै गएको प्रतीत हुन्छ। भट्टलोल्लट, श्रीशङ्कुक र भट्टनायकले भरतको रससूत्रलाई लिएर विशद व्याख्या गरे भने अभिनवगुप्तले नाट्यशास्त्रको अभिनवभारती टीका लेखेर रसका सन्दर्भमा देखा परेका सम्पूर्ण विरोधाभास वृत्तिलाई शमन गरे। यसपछि कविराज विश्वनाथ, शारदातनय, भानुदत्त र पण्डितराज जगन्नाथजस्ता प्रखर आचार्यहरूको समर्थनमा जल्दोबल्दो बनेको रससूत्रले त्यसपछिको समयमा पनि सक्रिय र क्रियाशील हुने मौका प्राप्त गऱ्यो। विश्वनाथ रसतत्त्व नै काव्यको एकमात्र मुख्य लक्ष्य वा आत्मा हो भन्ने धारणा राख्दछन्। विश्वनाथद्वारा अभिव्यक्त यही धारणाकै कार्यपीठिकामा पण्डितराज जगन्नाथ उभिएको देखिन्छ। उनी भन्दछन् – जब भावक र प्रेक्षकको अनादिकालीन वासनास्वरूप रत्यादि स्थायीभाव प्रकाशमय वास्तविक रूप आनन्दसँग प्रत्यक्षीकृत हुन्छ, अनि मात्र रसका रूपमा परिणत हुन जान्छ। वासना रूपमा विद्यमान स्थायीभावादिका कारण रसस्वरूपलाई भोग्ने प्रमाता नै काव्यात्मभूत रसादि रूपको प्रथम चेतना हो। निष्कर्षमा अलौकिक विभावादिहरूबाट अभिव्यञ्जित हुने हुनाले, एकसाथ समस्त सामाजिकको दुःखभन्दा अभिन्न भई आनन्द प्रदान गर्ने हुनाले, कार्य एवं ज्ञाताज्ञातादिबाट टाढा रहने हुनाले, निर्विकल्प वा वैकल्पिक ज्ञानको विषयवस्तु नहुने हुनाले, नित्य र अनित्यभन्दा भिन्न हुने हुनाले, भूत, भविष्य र वर्तमान कुनै पनि कालखण्डसँग सम्बद्ध नहुने हुनाले तथा प्रत्यक्ष र परोक्षभन्दा पनि फरक हुने हुनाले रस अलौकिक तत्त्व मानिन्छ। रस सिद्धान्त संस्कृत सौन्दर्य चिन्तनको लामो ऐतिहासिक विकासको प्रतिफल हो। रस सिद्धान्तका निर्माणमा धेरै विद्वान् र विचारकहरूको परिश्रम खर्च भएको छ। ईशाको प्रथम शताब्दीदेखि अहिलेसम्म आउँदा संस्कृत सौन्दर्य चिन्तनका क्षेत्रमा रस सिद्धान्तबारे प्रशस्तै चर्चा

परिचर्चा हुँदै आएका छन् । काव्यलाई केन्द्रविन्दुमा राखेर संस्कृत साहित्य चिन्तन विकसित भएको छ। प्रायशः सबै विचारकहरूले काव्यलाई शब्दार्थको समष्टि 'रसात्मक वाक्य', रमणीयार्थप्रतिपादक शब्द आदिका रूपमा परिभाषित गरेको पाइन्छ । काव्यको प्रयोजनका रूपमा प्रायशः सबैबाट धर्म, अर्थ काम, मोक्ष जस्ता चार पुरुषार्थसहित कीर्ति तथा प्रीति आदिलाई लिइएको छ र यी मध्ये प्रीति अर्थात् आनन्दलाई प्रधानता दिइएको छ। (शर्मा र लुइटेल, २०६७, पृ. ३-१६) संस्कृत साहित्य चिन्तनमा विभिन्न सम्प्रदाय वा धाराहरू विकसित हुँदै आएका छन्। त्यस प्रकारका सम्प्रदायहरूलाई मूलतः यसरी प्रस्तुत गर्नसकिन्छ– रसवाद, अलङ्कारवाद, रीतिवाद, ध्वनिवाद र वक्रोक्तिवाद। रसवादका संस्थापक भरतमुनि (प्रथम शताब्दी) हुन् र यिनले रसलाई प्रधानता दिएका छन्। अलङ्कारवादलाई नयाँ आयाममा प्रस्तुत गर्ने कामको थालनी भामह (पाँचौं शताब्दी)बाट भएको छ र यिनले अलङ्कारमा विशेष जोड दिएका छन्। रीतिवादका संस्थापक वामन (आठौं शताब्दी) हुन् र यिनले रीतिलाई काव्यको आत्मा मानेका छन्। ध्वनिवादका संस्थापक आनन्दवर्द्धन (नवौं शताब्दी) हुन् र यिनले ध्वनिलाई काव्यको आत्मा मान्दछन्। वक्रोक्तिवादका प्रवर्तक कुन्तक (दसौं शताब्दी) हुन् र यिनले वक्रोक्तिलाई काव्यको प्राण मान्दछन्। संस्कृत काव्य चिन्तनको इतिहासमा रसवादी धाराले भावपक्षलाई र अलङ्कारवादी धाराले रूपपक्षलाई प्रधानता दिँदै आएका छन् । (शर्मा , २०२५) ध्वनिवादले रसलाई प्राथमिक स्थानमा राख्दै यी दुवै धाराका बिच सामञ्जस्य ल्याउने प्रयास गरेको छ । यी सबै धारा वा सम्प्रदायका केन्द्रमा भने रसवाद नै रहेको छ । सिद्धान्ततः रस सम्प्रदायका प्रवर्तक आचार्य भरतमुनिले स्पष्ट रूपले रसको प्रधानता स्वीकार गरेका छन्, जुन काव्यशास्त्रका क्षेत्रमा वर्तमान युगीन परिवेशमा समेत कुनै न कुनै रूपमा सर्वस्वीकार्य नै देखिन्छ ।

# तृतीय परिच्छेद
# कैकेयी महाकाव्यमा रसविधान

# तृतीय परिच्छेद
# कैकेयी महाकाव्यमा रसविधान

## ३.१ परिचय

वाल्मीकि रामायणको कथामा आधारित कवि गोविन्दराज विनोदिद्वारा लिखित *'कैकेयी'* महाकाव्यमा रसहरूको समायोजन के कस्तो रहेको भन्ने सन्दर्भमा यस परिच्छेदमा त्यसको सूक्ष्मरूपमा विश्लेषण गरिएको छ। पूर्वीय महाकाव्यको सिद्धान्तमा आधारित रही लेखिएको भएता पनि प्रस्तुतिमा केही नवीनता झल्किएको यस महाकाव्यमा कविले कैकेयी पात्रको हार्दिक भावलाई एकालापीय मनोवाद शैलीमा अभिव्यक्त गरेका छन्। अतः कैकेयीका मनमा आएका भावहरूबाट नै यहाँ रसतत्त्व सल्बलाएको देखिन्छ। कैकेयीका मानसिक तरङ्गहरूबाट निःसृत रसहरू नै यस काव्यबाट भावकहरूले ग्रहण गर्ने रसहरू हुन्। रामको राज्याभिषेक, रामको राज्याभिषेक निवृत्ति, दशरथको मृत्यु, रामको वनगमन, ऋतुपरिवर्तन, जीवनप्रति निरासावादिता, रामको प्रत्यागमन, कैकेयीको पश्चात्ताप आदि विषयवस्तुहरूलाई केन्द्रविन्दुमा राखी महाकाव्य रचिएकाले तत्परिवेशसम्बद्ध रसानुभूति भने भावकहरूको मनमा हुने नै देखिन्छ। कैकेयी महाकाव्यका यिनै कथापरिवेश, पात्रको मानसिक अवस्था र कविको कौशलताका आधारमा यहाँ रसप्रयोग कुशलता प्रस्तुत गरिएको छ।

## ३.२ कैकेयी महाकाव्यमा रसप्रयोग

कैकेयी महाकाव्यले घटनाप्रधानता र चरित्रप्रधानता दुव धारलाई अँगालेको देखिन्छ। यहाँ कैकेयी पात्रका मनका आरोह-अवरोहहरू तरङ्गित भएका छन्, तसर्थ मनोवैज्ञानिक महाकाव्यको स्वरूपलाई केही स्पर्श गर्न खोजेको हो कि भनेजस्तो देखिने यो *'कैकेयी'* महाकाव्य वस्तुतः रामको राज्याभिषेको प्रसङ्गदेखि सुरु भएर १४-१५ वर्षसम्मको अवधिलाई वर्णन गरिएकाले घटनाप्रधानतातिरै अघि बढ्न खोजेको देखिन्छ। अतः कथाको परिवेशका आधारमा र पात्रको चारित्रिक स्वभावका आधारमा पनि यस काव्यमा भावहरू सल्बलाएका देखिन्छन्। बाह्यपरिवेश र आन्तरिक परिवेश नै अनन्त भावनाहरूलाई उत्पादन गर्ने भण्डार हुन्। अतः संस्कारबाट उत्पन्न हुने विविध भावहरूको समायोजनामा नै रसहरू अनुभूतिगम्य बन्दछन्। जब भावहरू मिलेर विभावादिक्रममा परिपुष्ट बनेर स्थायित्व प्राप्त गर्दछन् तब तिनीहरूले नै रसको संज्ञा प्राप्त गर्दछन्। भावको चरमावस्था नै रसको प्राप्ति हो। रसत्वमा पुगिसकेपछि भावहरू समृद्ध र कृतकृत्य बन्दछन्,

तर स्थायित्व प्राप्त गर्न नसक्ने क्षणिक भावहरू केवल व्यभिचारी वा अस्थायी भावका रूपमा पनि अल्पकालिक अनुभवको विषय बन्दछन्। यी व्यभिचारी भावहरूबाट पनि स्थायी भाव परिपुष्ट हुन सक्छ र त्यसबाट शृङ्गारादि रसको आनन्दमय अनुभव हुन्छ। अतः भावहरूको समायोजनमा नै रसको अस्तित्व रहन सक्दछ। यस कैकेयी महाकाव्यमा भावनाहरू प्रत्येक क्षण तरङ्गित बनेका देखिन्छन्, किनकि यो कथा कैकेयी पात्रको भावनाबाट निर्मित भएको छ। तर पनि ती सबै भावहरूले रसत्वलाई वहन गर्न सकेको भने देखिँदैन। ती भावनाहरू केही क्षणमै बिलाएका छन् भने केही मिश्रितरूपमा पनि उदाएका छन्। केही अल्पकालिक बनेका छन् भने केही दीर्घकालिक बनी स्थायित्व प्राप्त गर्न सफल भएका छन्। परिवेश र पात्रानुकूल भावनाहरूले आफ्नो लक्ष्य भने प्राप्त गरेको देखिन्छ। यस महाकाव्यमा रामको राज्याभिषेकको हर्षले कैकेयीमा उमङ्ग उत्पन्न गरेको देखिन्छ। अतः यहाँ हर्ष व्यभिचारी भाव झल्किएको पाइन्छ। त्यसैगरी शान्तरसको अवस्थालाई पनि कथाका विविध परिवेशले सङ्केत गरेको देखिन्छ। यस महाकाव्यमा जब जीवनप्रतिको निरासा र परब्रह्मप्रतिको जीवनदृष्टि अभिव्यक्त भएको छ, त्यसबेलामा निर्वेद भावले स्थायित्व प्राप्त गरेको देखिन्छ अतः त्यहाँ शान्तरसको परिपुष्टि भएको पाइन्छ। महाकाव्यको उपक्रममा नै शृङ्गाररस केही मात्रामा अभिव्यक्त भएको देखिन्छ। कैकेयीले राजकुमार अवस्थाका दशरथलाई देखेको विभाव र विविध चेष्टादिको अनुभावबाट उनमा शृङ्गारानुभूति भएको देखिन्छ। त्यसैगरी करुणरसका सन्दर्भमा यस महाकाव्य अत्यन्त उत्कृष्ट रहेको पाइन्छ। यहाँ वियोगका, त्रुटिका र पश्चात्तापका भावनाहरूद्वारा प्रायः करुणरस नै पुष्ट भएको अनुभूति हुन्छ। अतः यस काव्यलाई करुणरसप्रधान काव्य भन्नुमा अत्युक्ति हुँदैन। त्यसैगरी केही स्थानहरूमा घोडसवार, खड्गप्रहार आदि कुराहरूको वर्णन गर्दै वीरतामय उद्घोष गरिएको छ ती परिवेशलाई आधार मान्दा यो महाकाव्य वीररसको पनि प्रयोग भूमि बन्न पुगेको पाइन्छ। अद्भुतरसको पनि कहीँकतै झल्को देखिन्छ तर सबल रूपमा भने अद्भुत रस प्रयुक्त देखिँदैन। त्यसैगरी हास्यरसको मात्र यस महाकाव्यमा अत्यन्त न्यून छ। यसमा विशेषरूपमा करुणरसको नै समायोजना भएकाले पनि त्यसको विरोधी हास्य रसको निर्बलता हुनु अस्वाभाविक मानिँदैन। रौद्ररसका दृष्टिले पनि यस महाकाव्य त्यति समृद्ध देखिँदैन। केही स्थानहरूमा क्रोध र आवेगका परिवेशहरू पनि नआएका होइनन् तथापि तिनीहरू व्यभिचरित भएका छन् र करुणरसका परिपोषको रूपमा मात्र आएका देखिन्छन्। सामान्यरूपमा भने रौद्ररसको प्रयोग पनि यस महाकाव्यमा भएकै छ। भयानकरसका दृष्टिले पनि यो महाकाव्य निर्बल नै देखिन्छ। अत्यन्त अल्पस्थानमा प्रयोग भएको भयानक रसले अन्य करुणादि रसहरूलाई सहयोग गरेको अनुभूति हुन्छ र आफैँमा पनि परिपुष्ट बनेकै देखिन्छ। त्यस्तै बीभत्सरसको प्रयोग यस महाकाव्यमा अत्यन्त न्यून

रहेको देखिन्छ। यसको कहीँकतै आलम्बन आदि मात्र वर्णन छ तर यो रस परिपाकमा राम्ररी पुग्न सकेको देखिँदैन। अन्ततः रसका प्रयोगका दृष्टिले कैकेयी महाकाव्य उत्कृष्ट त बन्न सकेको छ तर सार्वभौम भने बन्न सकेको देखिँदैन। यहाँ सबै रसहरू समानरूपमा प्रयुक्त भएको पाइँदैन। करुण र शान्त रस अत्यन्त सबल मात्रामा प्रयुक्त छन् भने वीर र शृङ्गार कमै मात्रामा प्रयोग भएका छन्। त्यस्तै रौद्र, अद्भुत, हास्य, भयानक, बीभत्स रस अत्यन्त न्यून मात्रामा प्रयोग भएका छन्। प्रस्तुत महाकाव्य सबै रसको सङ्गम भूमि भने अवश्य बनेको देखिन्छ। महाकाव्यमा जति रसहरू प्रमुखतामा परेका छन् ती रसहरू भावकहरूको हृदयलाई भने आह्लादित गराउन अत्यन्त सफल भएका देखिन्छन्।

## ३.३ शृङ्गाररस

नवरसहरूमध्ये पूर्वीय साहित्यमा शृङ्गाररसको चर्चा अत्यधिक रहेको छ। यस रसलाई रसहरूको राजको रूपमा लिइएको पाइन्छ। यो स्त्रीपुरुषको प्रेमसँगसम्बद्ध रस हो। यसमा हार्दिकता र त्यागको अनुभूति हुन्छ। यसको स्थायी भावको रूपमा रतिलाई लिइएको छ। तर रति पनि विविध प्रकारको मानिएको छ। राजा, गुरु, मान्यजन, पुत्र आदिलाई गरिने प्रेमलाई पनि रति भनिएको छ तर यो शृङ्गार रसको स्थायी भाव भने होइन यसलाई व्यभिचारी भाव भनिएको छ। पूर्वीय साहित्यका कनिष्ठ समालोचक जगन्नाथले चौँतिस व्यभिचारी भावको रूपमा यही नृपादिविषयक रतिलाई स्विकारेका छन्। यसलाई स्वीकार गर्नुले पनि वात्सल्य रस खण्डित भएको उनको धारणा छ। (जगन्नाथ, सन् १९८८, पृ. ९५)। त्यसैगरी देवादिविषयक रतिलाई भावको रूपमा स्विकारी भक्तिरसको पनि खण्डन गरिएको छ (जगन्नाथ, सन् १९८८, पृ. ५६)। अतः स्त्री र पुरुष एकअर्कामा आलम्बन बनी हुने प्रेमरूपी चित्तवृत्ति नै रति हो त्यसको अनुभूति शृङ्गाररस हो। वियोगकालमा भयो भने विप्रलम्भ शृङ्गार बन्दछ भने, संयोगकालमा रह्यो भने संभोग शृङ्गारसको नामले परिचित हुन्छ। यस कैकेयी महाकाव्यमा पनि शृङ्गार रस अभिव्यक्त भएको पाइन्छ। महाकाव्यको द्वितीय सर्गलाई पूर्वस्मृति नाम दिइएको छ। यस सर्गमा कैकेयीका मनमा उब्जिएका आफ्ना पूर्वस्मृतिहरू अभिव्यक्त भएका छन्, जहाँ स्मृतिका रूपमा शृङ्गार रस अभिव्यक्त बनेको छ। यहाँ अयोध्यापति राजा दशरथको कथानक सुनेर कैकेयी पात्ररूपी आश्रयालम्बनमा भाव उद्दीपन भएको छ र त्यसबाट रोमाञ्च, कटाक्षादि अनुभावहरू प्रकट भएका छन्। त्यसैगरी हर्ष, स्मृति, व्रीडा आदि व्यभिचारी भावहरूबाट रति स्थायी भाव परिपुष्ट बनी शृङ्गार रस अनुभूतिगम्य बनेको देखिन्छ -

*त्यो बेला मुटुमा मेरो झिलिक्क बिजुलीसरि ।*

*झल्केको लाग्दथ्यो न्यानो प्रीतिको राग माधुरी ॥* (विनोदी, २०७४, पृ. २२)

यहाँ कैकेयीद्वारा दशरथकै चिन्तन गर्नु र उनकै शरीरको दर्शन गर्न चाहनु आदिले दशरथप्रतिको प्रीति/रति भाव जागृत भएको छ। यहाँ हर्षस्मृत्यादि व्यभिचारीका साथमा उक्त रतिभाव परिपुष्ट बनी रसानुभूतिगम्य भएको छ। अतः विप्रलम्भशृङ्गारको रूपमा यो रस आस्वाद्य बनेको देखिन्छ। त्यसैगरी यसै सर्गमा एकान्तमा बस्दा नारीका मनमा उठेका प्रीतिका कुराहरू सम्झिरहँदा केवल नारीको संवेदना र बाध्यतामा रतिभावले शृङ्गारको पूर्णरूप भने लिन नसकेको कुरा प्रतीत हुन्छ। यहाँ पुरुषालम्बनात्मक रति भएको हुँदा शृङ्गारको प्रारूपको रूपमा यसलाई मान्न सकिन्छ। त्यसैगरी यस सर्गमा अयोध्यापतिको मुखाकृतिको दर्शनसँगै कैकेयी आश्रयालम्बनमा एकान्तस्थान र मुखाकृतिको रमणीयताले भावहरूलाई उद्दीपन गराएको छ। त्यसबाट कैकेयीका शरीरमा रोमाञ्चका तरङ्गहरू फैलिएर अनुभाव जागृत भएको छ। त्यसका सहकारी भावका रूपमा हर्ष-व्रीडादि भावहरूबाट रतिभाव आस्वादित बन्न पुगेको छ। यही नै शृङ्गार रसको उत्कर्ष रमणीयता हो। द्वितीय सर्गका ६० औं श्लोकदेखि ६६ औँ श्लोकसम्म पुग्दा चिन्ता, हर्ष, आवेग, स्मृति आदि व्यभिचारी भावहरूद्वारा रति स्थायीभाव परिपुष्ट बनेको देख्न सकिन्छ। यहाँ विप्रलम्भ शृङ्गारको ज्वलन्त नमूना प्रस्तुत भएको देखिन्छ :

*भित्रैबाट उठ्यो छाल छट्पटीको मनैभरि ।*

*चकोर चन्द्रको ज्योत्स्नानिम्ति व्यग्र भएसरि ॥* (विनोदी, २०७४, पृ. २८)

यसैगरी अन्य पछिल्ला पंक्तिहरूमा राजाको संयोगको स्मृति तथा औँठी दिने उत्सुकता र ऐना हेरी हर्षभाव सहित लज्जा भावको अभिव्यक्ति छ। यसैक्रममा कैकेयी र दशरथको मिलनको वर्णन पुत्रादिको चाहना आदिद्वारा पनि शृङ्गाररस संयोगशृङ्गारको रूपमा अनुभूत बनेको देखिन्छ।

त्यसैगरी पूर्वप्रसङ्ग नामक चौथो सर्गमा राजा दशरथको कैकेयीप्रतिको रतिभाव विशेष रूपमा अभिव्यक्त बनेको देखिन्छ। क्रोधावस्थामा रहेकी कैकेयीलाई सम्झाउने क्रममा राजा दशरथले प्रेमपूर्ण आलापहरू अभिव्यक्त गर्दा दशरथ आलम्बनमा केही प्रेमातिशय प्रकट भएको छ, तर यो एकातर्फी रतिमात्र बन्न पुगेको छ। अतः यसलाई जगन्नाथादि आचार्यहरूले *"अनुचितविभावालम्बनत्वं रसाभासत्वम्"* (जगन्नाथ, सन् १९८८, पृ. ११९) अर्थात् अनुचित विभावमा आश्रित भएको रत्यादि रस हुन सक्दैनन्, भनी रसाभासको संज्ञा दिएका छन्। यसै क्रममा रसगङ्गाधर ग्रन्थमा आचार्य जगन्नाथले *अनुभयनिष्ठता* अर्थात् दुवैमा नरहने तर एकातर्फमात्र रहने रत्यादिलाई पनि रसाभास नै भनिने

कुरा पूर्ववर्ती आचार्यहरूको मतलाई स्विकार्दै प्रतिपादन गरेका छन् । अतः यहाँ पनि केवल दशरथमा मात्र रहेको रति भाव शृङ्गार रसको रूपमा परिपुष्ट बन्न सकेको देखिँदैन :

*कहाँ स्वरूप तिम्रो त्यो शारदी पूर्णिमासरि ।*

*कहाँ यो मणिको टुक्रो हिलामा फालिएसरि ॥*(४/६९) (विनोदी, २०७४, पृ. ५०)

*राजा भन्थे "के भयो प्राणप्यारी"*

*रानी बस्थिन् क्रोध झन् झन् थुपारी ।*

*यस्तै यस्तै क्रूर अन्योलभित्र*

*हाँस्यो आफैँ काल कालो विचित्र ॥* (४/७५) (विनोदी, २०७४, पृ. ५१)

यसैगरी ऋतुपरिवर्तन नामक १५ औँ अङ्कको ११-१२ औँ पद्यमा शरद् ऋतुको वर्णनको प्रसङ्गमा कविले केही शृङ्गाररसयुक्त अभिव्यक्ति दिएको पाइन्छ, जहाँ चन्द्र र चकोरको मिलनको प्रतीक्षा शुक्लपक्षले टुटाएको प्रसङ्ग रहेको छ । यहाँ शुक्लपक्षमा चकोर आलम्बनमा चन्द्रमा विषयद्वारा संयोग शृङ्गार रसको अभिव्यक्ति मिलेको छ भने, कृष्णपक्षमा विप्रलम्भ रतिको आस्वादन हुन पुगेको छ ।

त्यसैगरी वर्षा ऋतुको वर्णनको सन्दर्भमा १५ औँ सर्गका ८५-८६ औँ श्लोकद्वारा कविले शृङ्गारिक अभिव्यक्ति प्रस्तुत गरेका छन् । जहाँ बिजुली चमक्क प्रकाश र मेघको घनक्क आवाजबाट उद्दीप्त बनेका प्रेमी मयूरका जोडीहरू आपसमा प्रेमानन्द प्राप्त गर्ने कुरा उल्लेख भएको छ । उनीहरूको हार्दिकता र प्रेम नै शृङ्गारको द्योतक बनेको छ :

*चमक्क बिजुली चम्की गड्याङ्ग मेघ गर्जिँदा ।*

*प्रेमी मयूरका जोडी मान्छन् आनन्द सर्वदा ॥* (१५/८५) (विनोदी, २०७४, पृ. १७६)

यसरी यस कैकेयी महाकाव्यमा विभिन्न परिवेशमा शृङ्गाररसको अभिव्यक्ति भएको छ । यी स्थानहरू बाहेक अन्यत्र शृङ्गार रस प्रयोग भएको देखिँदैन । कहीँकतै रतिभाव मात्र प्रकट भएको छ, तर त्यसले स्थायित्व प्राप्त नगरी विलीन बन्नुपरेको देखिन्छ । अतः त्यस किसिमका रतिभाव केवल व्यभिचारीको रूपमा मात्र देखिएको पाइन्छ । शृङ्गारिकताका दृष्टिले कैकेयी महाकाव्य नितान्त पर भने रहन सकेको देखिँदैन । कैकेयीको मनोभावको प्रवाह छचल्किँदा निस्किएका सुख र दुःखका अनुभूतिको संगम बनेका कारण यो *'कैकेयी'* महाकाव्य कैकेयी पात्रकै अन्तर्चेतनासँग सम्बन्धित बनेको देखिन्छ । अतः पश्चात्तापयुक्त उनको मनबाट शृङ्गारिकता त्यति सबल रूपमा बग्न भने नसकेकै देखिन्छ, तर यत्ति शृङ्गार रस यहाँ अभिव्यक्त हुनु नै समय र परिवेशअनुसार पर्याप्त नै देखिन्छ ।

## ३.४ वीररस

उत्साह स्थायी भाव भएर अभिव्यक्त हुने रस नै वीर रस हो। यस *'कैकेयी'* महाकाव्यमा विविध परिवेशमा वीर रस आस्वादगम्य बनेको पाइन्छ। यो रस केवल अङ्ग रसका रूपमा मात्र प्रयुक्त भएको छ। विशेषतः कैकेयीका पूर्वस्मृति र राजा दशरथको प्रतापको वर्णनमा नै यसको सीमाङ्कन भएको छ। त्यस्तै बीचबीचमा रामको उदारता बाट मेघको दानशीलता आदिबाट पनि दानवीर रस अभिव्यक्त भएको पाइन्छ। अन्यत्र भने यस रसको परिपाकका निम्ति कथात्मक परिवेशले साथ दिएको देखिँदैन। वनवास, पितृभातृवियोग, पश्चात्ताप र संवेदनामा नै घुमेका कथात्मक परिवेशहरूले सहज रूपमा वीररसलाई उद्दीप्त गराउन निर्बन्धन गराएको भने देखिँदैन। यहाँ रामको वनवासभन्दा पूर्व अवस्थामा र बीचका केही सर्गहरूमा सामान्यरूपमा वीररसको अभिव्यञ्जना पाइन्छ।

वीररसका विविध भेदहरू छन्। दान, दया, युद्ध र धर्म गरी चारप्रकारका उत्साहका कारण वीररस पनि विशेषतः ४ किसिमका मानिएका छन्, तर पनि विषयको बाहुल्यताका कारण सत्यवीर, क्षमावीर, बलवीर आदिको पनि आचार्यहरूले कल्पना गरेका छन्। जे होस् उत्साह भावका आधारमा उपाधिको बाहुल्यताका कारण वीररस पनि धेरै प्रकारको हुने स्पष्ट छ, तर उत्साहको भाव स्थायित्वमा भने पुग्नैपर्दछ, नत्र रसको परिपाकावस्था हुने देखिँदैन। यस कैकेयी महाकाव्यमा पनि विशेषतः युद्धवीर रस परिपक्व बनेको छ भने सामान्यतया धर्मवीर र दानवीर रस पनि अभिव्यक्त बनेका देखिन्छन्।

महाकाव्यको राज्याभिषेक सन्दर्भ नामक प्रथम सर्गमा नै कैकेयीका मनमा खेलेका विचारहरूद्वारा वीररस ध्वनित भएको छ। उनले आफूलाई शस्त्र र शास्त्र दुवैको दीक्षिता व्यक्तिको रूपमा गर्व गरेकी छिन्। त्यसैगरी राजनीतिमा पनि आफूलाई अब्बल छु भन्ने उत्साह देखाएकी छिन्। यहाँ उनमा युद्धवीर रस त अनुभूतिगम्य भएकै छ साथसाथै दयावीर रस पनि आस्वाद्य बनेको छ :

*वीराङ्गना सबै भन्छन् युद्ध लड्न सिपालु म।*

*दीन दुःखीहरू निम्ति छु अत्यन्तै कृपालु म॥* (१/२१) (विनोदी, २०७४, पृ. १२)

यस्तै किसिमले अघिल्ला पद्यहरूमा पनि उनका गर्वोक्तिहरूले वीरतालाई प्रश्रय दिएका छन्। आफ्नो सम्मति विना कुनै युद्ध नजितिएको र आफूसँग युद्धमा जान राजाको चाहना हुने कुराहरू कैकेयीद्वारा यहाँ उल्लेख भएको छ। त्यसैगरी उनले आफैँलाई धन्य सम्झिएको र आफ्नो गर्वको शिर देखाउने स्थान नभेटाएको कुरा व्यक्त गरेकी छिन्। यी

समग्र अभिव्यक्तिबाट वीरतामय उद्गार नै भासित भएको छ। जसद्वारा भावकमा पनि नयाँ उत्साह थपिएको अनुभूति हुन्छ। यही नै सहृदयी भावकले गर्ने रसानुभूति हो भन्न सकिन्छ।

त्यसैगरी पूर्वानुस्मृति नामक द्वितीय सर्गमा कैकेयीद्वारा बाल्यावस्था र तरुणावस्थाको स्मरण गरिएको छ। जहाँ आफ्ना पुरुषार्थहरूको वर्णन गर्ने क्रममा वीरतामय उद्घोष अभिव्यक्त भएको छ। बाल्यावस्थामा पनि नर्कटको घोडा बनाई, काठको अस्त्रले आपसमा लडेर आफूले नै जितेको कुरा कैकेयीले सगर्व उल्लेख गरेकी छिन्। त्यसैगरी देवदानवका युद्ध सुन्दा आफूले पनि युद्धको सपना बुन्ने कुरा यहाँ उल्लेखित छ। त्यसैगरी कैकेयीले शास्त्रार्थमा भाग लिई सबैलाई जितेका कुराहरूबाट पनि पण्डितवीर रस ध्वनित भएको छ। जुन पण्डितवीर रसलाई पण्डितराज जगन्नाथले मान्यता दिएका छन्। तात्कालिक युद्धसान्दर्भिक परिवेश र उत्साहपूर्व उमेरको कारण वीराङ्गना कैकेयीमा वीरताको अनुभूति हुनु सान्दर्भिक नै देखिन्छ। यही विभावादिको परिपाकबाट रसानुभूति हुने प्रक्रिया हो। यसैलाई भावकहरूले पनि अनुभूति गरेका हुन्छन्। त्यस्तै कैकेयीको शोचको उच्चताभित्र वीरतामय उद्घोषहरू निकै खाँदिएर बसेको कुरा यहाँका पद्यहरूले अभिव्यक्त गरेका छन् :

*सोच्थेँ पुरुषमा भन्दा के कुरामा कमी म छु।*

*लड्न सक्छु स्वयं युद्ध शास्त्रार्थ पनि गर्दछु॥* (२/३३) (विनोदी, २०७४, पृ. २४)

*सोचेथेँ त्यस बेलामा राष्ट्रनिम्ति सगौरव।*

*म आफैँ जाउँला लड्न युद्ध गर्नैपरे अब॥* (२/४३) (विनोदी, २०७४, पृ. २५)

त्यसैगरी मन्थराको सल्लाह नामक तेस्रो सर्गमा मन्थराले रानी कैकेयीलाई जोस्याएकी छे। उसको सल्लाहमा उत्साहमय अभिव्यक्ति पाइन्छ। सकेसम्म राज्य मागेर लिने नत्र खोसेरै बलपूर्वक लिनुपर्दछ भन्दै मन्थराले सोझो औँलाले घिउ नआउने कुरा उल्लेख गरेकी छे। त्यसैगरी रानीलाई दुर्गा वा कालिका बनेर राज्यको मालिका बन्न उठ्नैपर्ने सल्लाह दिएकी छे। यहाँ राज्यसत्ता प्राप्त गर्न दिएका सल्लाहहरूले कैकेयीमा भावहरू उद्दीप्त गराएका छन्। सत्ता नदिने व्यक्ति विषयको रूपमा देखिएको छ भने स्वेद, रोमाञ्च, अश्रु, दाह्रा किट्नु आदि अनुभाव र स्मृति, शङ्का, असूया, उग्रता आदि व्यभिचारी भावहरू उत्पन्न भएका छन्। ती नै व्यभिचारी भावद्वारा उत्साहभाव परिपुष्ट बनेको छ र वीररसको आस्वादन भएको छ।

त्यसैगरी पूर्वप्रसङ्ग नामक चौथो सर्गमा राजा दशरथले कैकेयीको वीरताको बखान गरेका छन्। जहाँ दशरथको रथलाई आफ्ना औँला राखी जोगाएकी कैकेयीको दशरथद्वारा

वीरताको प्रशंसा भएको छ। दशरथले कैकेयीलाई धैर्य र साहसको खानी भएको कारण आफू वशमा परेको कुरा उल्लेख गरेका छन्। जसबाट युद्धवीरसम्बन्धी अनुभव हुन पुगेको छ। तात्कालिक परिवेशबाट उद्दीप्त भएको रस अनुभाव र व्यभिचारीभावद्वार परिपोषित भएको उत्साह स्थायी भाव नै वीररसको रूपमा अनुभूतिगम्य भएको छ। त्यसैगरी यसै प्रसङ्गमा प्रसन्न भएका दशरथले कैकेयीलाई प्राणै मागे पनि दिने प्रण गरेका छन्। जसद्वारा दानवीर रस आस्वाद्य बनेको छ :

*भन प्यारी महारानी दुइटा वर दिन्छु म ।*

*तिम्रो निमित्त आफू नै आज अर्पित हुन्छु म ॥* (४/१६) (विनोदी, २०७४, पृ. ४२)

त्यस्तै राम वन प्रस्थान नामक सातौँ सर्गमा धर्मवीर रस अभिव्यक्त भएको छ। जहाँ रामले आफ्नो धर्म पिताको आज्ञा मान्नु नै हो भनी त्यसैलाई सहर्ष आत्मसात् गरी त्यसबाट आफू हट्न नसक्ने आत्माभिव्यक्ति प्रस्तुत गरेका छन्। उनका अभिव्यक्ति यसरी धर्मवीरतामय रूपमा प्रस्तुत भएको छ :

*पिताको सत्यनिष्ठामा पुत्र गर्दछ गौरव ।*

*यो बेला वनमै जानु मेरो धर्म ठहर्दछ ॥* (७/२४) (विनोदी, २०७४, पृ. ७७)

यसैगरी भरत राम मिलन नामक एघारौँ अङ्कको बीसौँ पद्यमा पनि धर्मवीर रस नै अभिव्यक्त भएको छ। जहाँ कैकेयीले राम धर्मनिष्ठ भएको कुरा उल्लेख गरेकी छिन्। यहाँ पिताको आज्ञा पालन गरी आफ्नो धर्म पूरा गर्न बलियो मन बनाएका रामले ब्रह्मदेव नै आएर अयोध्या फर्काउन खोजे पनि राम अब धर्म पूरा नगरी फर्कँदैनन् भन्ने उत्साहपूर्ण कथन उल्लेख भएको छ। अतः धर्मका खानी भएका रामको धर्मप्रतिको उत्साहका कारण भावकहरूले पनि वीररसको अनुभूति गरेको प्रतीत हुन्छ। त्यस्तै *बाँधिएको छु वाचाले (१२/४९)* पद्यमा पनि आफ्नो धर्म छोड्न कुनै हालतमा पनि नहुने कुरा उल्लेख भएको छ भने *"पुत्रस्य परमो धर्मो पित्र्युद्धारसमो न हि" (१२/५८)* भनी रामले सूक्तिप्रयोगद्वारा आफ्नो धार्मिक उत्साहलाई बढाएको अनुभूति हुन्छ। यसद्वारा काव्यपाठकहरूको मनमा पनि धर्मप्रतिको अटूट आस्था उत्साहमय बन्न पुग्दछ।

त्यस्तै ऋतुपरिवर्तन नामक पन्ध्रौँ सर्गमा दानवीर रसको समायोजना गरिएको पाइन्छ। यहाँ वर्षाकालको वर्णनको प्रसङ्ग छ। जहाँ मेघको दानशीलतालाई राम्ररी अभिव्यक्त गरिएको छ। आफ्ना आँचलले आकाशलाई छोपी जब मेघ बर्सन्छ तब आफूलाई सिद्ध्याएर तृप्तिको सास फेर्ने कुरा उल्लेख गरिएको छ (१५/८३)। त्यसैगरी यहाँ दानशीलताको पनि प्रशंसा गरिएको छ। *लिँदा सबैले झुक्नुपर्दछ तर दिँदा सबैको शिर उच्च*

*हुन्छ। दिनुमा जति आनन्द लिनुमा छैन।* भन्ने जस्ता सूक्तिमय वचनहरू यहाँ कविनिबद्धवक्तृप्रौढोक्तिद्वारा अभिव्यक्त बनेको छ। सयबाट दानवीरध्वनि अभिव्यक्त भएको पाइन्छ।

यसैगरी रामप्रत्यागमन नामक १६ औँ सर्गमा अञ्जनापुत्रको वीरतामय लीलाको वर्णन गरिएको छ। त्यसैगरी राम र लक्ष्मणको युद्धवीरत्वको झल्को यहाँ उल्लेखित भएको छ। समुद्र तरेको प्रसङ्ग, समुद्रमा पुल बनाई रावणादिलाई मारेको प्रसङ्ग आदिद्वारा वीररस आस्वादगम्य बनेको छ। त्यस्तै अन्त्यमा अर्थात् उपसंहार नामक १८ औँ सर्गमा कवि गोविन्दराज विनोदीले कैकेयीका बारेमा यथार्थता प्रस्तुत गरेका छन्। यसै प्रसङ्गमा कैकेयीको वीरतागान यसरी प्रस्तुत गरेका छन् जहाँ वीररसको अनुभूति पाइन्छ:

*हाँक्दथिन् रथ आफैँले तरबार चलाउँथिन्।*

*आफैँ चढेर घोडामा वाणवर्षा गराउँथिन्॥* (१८/५) (विनोदी, २०७४, पृ. २०२)

यसप्रकार कैकेयी महाकाव्यमा विभिन्न घटनात्मक परिवेशमा वीररसको प्रयोग भएको देखिन्छ। यी बाहेक अन्यत्र उत्साह भाव खासै परिपाकमा पुगेको देखिँदैन। केवल भावको रूपमा मात्र अभिव्यक्त भएको पाइन्छ, तर पनि *'कैकेयी'* महाकाव्य वीररसको प्रयोगका दृष्टिले अत्यन्त सबल र समृद्ध बनेको देख्न सकिन्छ। यहाँ युद्धवीर, दानवीर, दयावीर, धर्मवीर, पण्डितवीर आदि अनेक प्रकारका वीररसका भेदहरू प्रस्तुत भएका छन्। अतः वीररसका दृष्टिले यो महाकाव्य सार्वभौम बन्न पुगेको देखिन्छ। त्यसैगरी वीररसको प्रयोगमा कवि विनोदी पनि सफल बनेका देखिन्छन्।

## ३.५ करुणरस

करुणरसको स्थायी भाव शोक हो। यस जब मनमा ग्लानि, चिन्ता, विक्षिप्तता आदि भावहरू सल्बलाउन थाल्छन् तब शोक भाव स्थायी रूपमा परिपुष्ट बन्न पुग्दछ। त्यही भावावस्था नै करुणरसको अनुभूति बन्न पुग्दछ। करुण रसबाट चित्तको द्रुति हुन्छ। यसैलाई चित्तको विरेचन पनि भन्ने गरिन्छ। दुःखजन्य सन्तापबाट पनि भावकको मनमा अलौकिक आनन्द हुने गर्दछ। त्यही करुण रसको परिपाक हो। यो काव्य पनि विशेषतः करुण रसकै अङ्गितामा अघि बढेको देखिन्छ। काव्यका कथात्मक परिवेशहरू र पात्रका क्रियाहरूलाई राम्ररी नियाल्दा यस महाकाव्यमा विशेषतः करुणरसकै आधिक्यता रहेको देखिन्छ। त्यसैले यस महाकाव्यको मुख्य रस करुण नै हो भन्न सकिन्छ। संस्कृतसाहित्यमा नाटककार भवभूतिले करुणरसलाई नै अङ्गी रस बनाएर उत्तररामचरित लेखेको पाइन्छ। त्यसैको परम्परामा यो महाकाव्य पनि स्थापित हुन पुगेको देखिन्छ। महाकाव्यको लक्षणानुसार

लक्षणकारहरूले वीर वा शृङ्गार रसलाई अङ्गी रस मान्नुपर्ने उल्लेख गरेता पनि जसरी भवभूतिले करुण रसलाई नै अङ्गी रस बनाएर नाटक लेखे त्यसको प्रभाव महाकाव्यकार विनोदीमा पनि परेको देखिन्छ। अतः महाकाव्यका विविध परिवेशमा करुण रस अभिव्यक्त भएका छन्। रामको राज्याभिषेकको अवरोधबाट उत्पन्न राजनीतिक परिवर्तन, तथा रामको वनवास आदिबाट विक्षिप्त भएको अवस्था, दशरथको मृत्युले शोकमा शोक थपेको कथात्मक परिवेश महाकाव्यमा वर्णित छ। यसै किसिमका कथात्मक परिवेशका कारणले पात्रहरुमा परेको शोकको प्रभाव उनीहरूको अभिव्यक्तिमा पनि झल्किएको देखिन्छ। ती नै विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट हुने शोक भाव स्थायित्वमा पुगेर पाठक तथा श्रोताहरूमा पनि करुण रस आस्वाद्य बनेको पाइन्छ। यही नै करुण रस प्रयोगको सफलता हो।

महाकाव्यको वरयाचना नामक पाँचौँ सर्गबाट मात्र करुण रसको उपक्रम भएको छ। यहाँ कैकेयीका स्वाँगद्वारा राजा दशरथमा करुणरसको अनुभूति भएको पाइन्छ, तर पनि यहाँ भावकहरूले भने करुणरसको अनुभूति गर्न सकेको देखिँदैन। यहाँ शब्दबाट नै स्वाँग रचेर गरिएको क्रियाकलाप हो भनी उल्लेख गरिएको छ। त्यसकारण रसानुभूतिमा केही कमी देखिएको पाइन्छ। व्यभिचारी भावहरूले भने भावकका मनहरूलाई द्रवित अवश्य गराएको देखिन्छ। त्यसैगरी पाँचौँ सर्गमा कैकेयीको वरयाचना सुनिसकेपछि छैठौँ सर्गमा दशरथ राजा भावविह्वल भएका छन्। उनमा असाध्यै ठूलो शोक परेको देखिन्छ। उनको करुण अवस्थाको चित्रण काव्यमा यसरी गरिएको छ :

*काढेर पसिना आफ्नो निधारैभरि बेहद।*

*थुचुक्क राज भो स्वामी भुइँमा बिर्सिई पद॥* (६/१) (विनोदी, २०७४, पृ. ६२)

यहाँ कैकेयीको कठोर बचन, हठी प्रवृत्ति आदि उद्दीपन विभावको रूपमा आएको छ भने राजाको स्वेद, रोमाञ्च, अश्रु, स्वरभङ्ग, अङ्गहरू काप्नु आदि अनुभावका रूपमा आएका छन्। त्यसैगरी स्मृति, मोह, ग्लानि, दैन्य, चिन्ता, श्रम, व्याधि आदि भावहरू व्यभिचारी भावका रूपमा आएका छन्। यी भावहरूबाट शोक स्थायी भाव परिपुष्ट बनेको छ र करुणरस अनुभूत भएको छ। त्यसैगरी यहाँ शोक भावसँगै व्यभिचरित भएर *"तिम्रो यो स्वार्थ लिप्साले झुकायो गर्विलो शिर॥* (६/६३)" भन्दै क्रोधभाव पनि आएको छ। यसै प्रकारले विभिन्न भावहरूद्वारा शोककै प्रवाह यस सर्गमा प्रवाहित भएको देखिन्छ।

त्यसैगरी सातौँ सर्गमा रामको वनप्रस्थानको कारुणिक पक्षको वर्णन गरिएको छ। जहाँ पुत्रमोहले विक्षिप्त भएका दशरथमा पुत्रादिविषयक रतिभाव व्यभिचारीको रूपमा आई विशेषतः शोकभाव परिपुष्ट बनेको देखिन्छ। अत्यन्त पीडाका साथमा उनले रामलाई "हे

राम वनमा जाऊ, म कैकेयीसित वाचामा हारिसकेँ।" भन्ने उक्तिले भावकहरूको मनलाई अत्यन्त विक्षिप्त बनाएको देखिन्छ। त्यसैगरी बोल्दाबोल्दा गला अवरुद्ध भएका दशरथको शरीर शोकले भुईँमा ढलेको वर्णन यहाँ गरिएको छ। यसै सर्गको ४२ औँ श्लोकमा उर्मिलाको प्रलापको वर्णन गरिएको छ। लक्ष्मणबाट वियोगिएर अलग्गै बस्नुपर्दा डाँको छाडेर रोएका कुराहरूले भावकको मनलाई अत्यन्त मर्माहत बनाएको देखिन्छ:

*डाँको छोडी रुँदै आइन् सासूआमा सँगै बसिन्।*

*मानौँ वियोग पीडामा गहिरो रहमा पसिन्॥* (७/४२) (विनोदी, २०७४, पृ. ८०)

यसपछिका श्लोकहरूमा अत्यन्त हृदयविदारक कथनहरूद्वारा करुण रसको अभिव्यक्ति पाइन्छ। रामलाई बिदाइ गर्ने क्रममा आमाहरूले आँशु झार्दै रोएका क्षणहरू, लक्ष्मणमा आएका क्रोध, घृणा आदि व्यभिचारी भावहरू, पिताको कारुणिक अवस्था आदि समस्त परिवेश र व्यवहारहरूबाट पनि शोक भाव उद्दीप्त बनेको देखिन्छ। यस्तै किसिमले शोकाभिव्यक्तिबाट नै यो सर्ग आकुलव्याकुल भएको अनुभव गर्न सकिन्छ। जसलाई कविले यसरी प्रस्तुत गरेका छन्:

*देख्दा साँच्चै शोक संवेदना यो*

*धर्ती रोइन् मूक आकाश रोयो।*

*रोए सारा जीव पक्षी मनुष्य*

*हाँस्यो एक्लै क्रूर कालो भविष्य॥* (७/७९) (विनोदी, २०७४, पृ. ८५)

राजाको देहत्याग नामक आठौँ सर्गमा दशरथको मलीन अनुहार, रामको गमन पश्चात् अयोध्यामा छाएको अन्धकार आदिको वर्णन गरिएको छ। त्यसैगरी सर्गका सुरुवात मै राजा दशरथले कैकेयीप्रति घृणा र क्रोधयुक्त वाणीहरू बोलेका छन्। जसले शोकलाई नै परिपोषित गरिरहेको अनुभव हुन्छ। कैकेयीका विभिन्न पक्षहरूको वर्णन गर्दै राजाका अन्तरात्माका भावनाहरू कारुणिक रूपमा यहाँ पोखिएका छन्। अन्त्यमा राजा दशरथले श्रवणकुमारको अन्धा बाबुआमाको श्राप लागेर म मर्दैछु भन्दै अवाक् भएको घटनाबाट परिवेश अत्यन्त सन्नाटामय बनेको देखिन्छ। सर्गको ४३ औँ पद्यमा यसको वर्णन गरिएको छ। त्यसपछि सबैतिर हाहाकार मच्चिएको छ। संवेदनाका लहरहरू शहरमा चलेका छन्। जुन दीनतामय वातावरणबाट यो सर्ग नै करुणामय बनेको प्रतीत हुन्छ।

नवौँ सर्गको सत्रौँ पद्यमा "पिता हुनुहुन्न" भन्ने कुराले भरतलाई अन्यन्त मर्माहत बनाएको छ। यसै क्रममा उनी भक्कानिएर रुन लागेका छन्। त्यसैगरी २२ औँ पद्यमा अतिशय शोकको कारणले आफ्नै माता कैकेयीप्रति घृणाभाव जागृत भई उग्रतामय

अभिव्यक्ति प्रकट भएको छ। भरतले गङ्गा र यमुनाको बीचमा रहेकी कुत्सित टुकुचा नदीको रूपमा कैकेयी कौशल्या र सुमित्राको बीचमा नसुहाउने कुरा व्यक्त गरेका छन्। यस कथात्मक परिवेश र अभिव्यक्तिलाई नियाल्दा कवि गोविन्दराज विनोदीमा संस्कृतनाटककार भासद्वारा लेखिएको प्रतिमा नाटकको प्रभाव राम्ररी परेको देखिन्छ। त्यहाँ पनि भरतको उक्ति यस्तै किसिमको पाइन्छ :

*रहिछन् श्रेष्ठ माताको बीचमा यी कसो गरी।*

*गङ्गा र यमुनाबीच घुसेकी टुकुचासरि ॥* (९/२२) (विनोदी, २०७४, पृ. १००)

नाटककार भासका अनुसार:

*मम मातुश्च मातुश्च मध्यस्था त्वं न शोभसे।*

*गङ्गायमुनयोर्मध्ये कुनदीव प्रवेशिता ॥*(३/१६) (भास, २०५६, पृ. ११०)

यस्तै किसिमले राजकुमार भरतमा भावनाहरूका प्रवाहहरू सल्बलाएका पाइन्छन्। क्षणमै क्रोध, क्षणमै घृणा, क्षणमै शोक, क्षणमै उग्रता आदि व्यभिचारी भावहरूद्वारा उनमा शोक भाव नै विशेष रूपमा अभिव्यक्त बनेको देखिन्छ। यस्तै १० औँ सर्गमा दशरथको अन्त्येष्टिको वर्णन गरिएको छ। भरतमा नैराश्यभावले स्थान जमाएको देखिन्छ। उनलाई राज्यको कुनै मोह देखिँदैन। उनी किङ्कर्तव्यविमूढ भएको कुरा यहाँ वर्णन गरिएको छ। अयोध्याको अँध्यारो परिवेशको यहाँ वर्णन गरिएको छ। राज्याभिषेकको तयारीमा रहेका गुरुका वाणी सुनी भरतको मुटुमा राम र पिताजीको बिम्ब प्रतिबिम्बित भएको कुरा अत्यन्त कारुणिक ढङ्गले सर्गको ३० औँ पद्यमा वर्णित छ। यस्तै १२ औँ सर्गमा राम र भरतको मिलापपछि भरतद्वारा पिताजीको मृत्यु भएको कुरा सुनाउँदा अत्यन्त शोकात्मक परिवेश सिर्जना भएको देखिन्छ। त्यसैगरी पिताको मृत्युको समाचार सुनेर ढलेका राम "टुहुरो भइयो" भन्दै विलाप गर्न तत्पर देखिन्छन्। यसै प्रकारले १३ औँ सर्गमा राम र भरतको वियोगद्वारा शोकात्मक परिवेश सिर्जना भएको छ, जहाँ मोह, ग्लानि, दैन्य, चिन्ता आदि व्यभिचारी भावहरूका साथमा वियोगजन्य शोक स्थायी भाव उद्दीप्त बनेको देखिन्छ :

*आँखाबाट खसे आँशु रुकेनन् रामका पनि।*

*निस्किए रामका वाणी गम्भीर अति नै बनी ॥* (१३/४९) (विनोदी, २०७४, पृ. १५०)। त्यसपछि परिवेश पनि स्तब्ध भएको सबै निःशब्द भएको घटनाको वर्णन गरिएको छ। यस्तै किसिमले यो सर्ग पनि दुःख र करुणाकै वर्णनमा सकिएको छ।

यसपछि १४ औँ सर्गमा कैकेयीलाई पश्चात्ताप भएको छ। जसबाट कैकेयीमा पनि शोकानुभूति हुन थालेको प्रतीत हुन्छ। यस सर्गको २२ औँ श्लोकमा आफूले भुल गरेको,

संसार धमिलो भएको र मुटुभित्र शूलझैँ काँडा बिझेको कुरा कैकेयीले उल्लेख गरेकी छिन्। यसबाट पनि उनमा शोकभाव झल्किएको देखिन्छ। यसपछिका पद्यहरूमा पनि निद्रा नलाग्ने छटपटी हुने कुराहरू वर्णित छन् जुन शोकको सूचक हो। अतः कैकेयीका कारुणिक पक्षहरू यस सर्गमा उल्लेखित भएका छन्। यसपछि १६ सर्गमा रामको प्रत्यागमन वर्णित छ। राम, लक्ष्मण र सीताको दर्शनमा उत्सुक भएको कैकेयीको मनोद्वन्द्व वर्णन गर्ने क्रममा यहाँ कविले पश्चात्तापजन्य शोकको उक्ति कैकेयीद्वारा नै अभिव्यक्त गरेको देखिन्छ :

*लेखेँ मैले हरे कस्तो त्यो कहानी वियोगको।*

*सम्झँदा दिन्छ झन् पीडा मनमा ग्लानिबोध यो॥* (१६/४२) (विनोदी, २०७४, पृ. १८५)। यसै किसिमले क्षमा याचना नामक सत्रौँ सर्गमा शोकाकुल बनी रामका अगाडि कैकेयीले खूब रोएर क्षमा मागेकी छिन्। आफ्ना पापहरूलाई अश्रुद्वारा पखालेकी छिन्। जुन घटनाहरू सुन्दा सहृदयी भावकहरूको पनि हृदय विदीर्ण हुन पुगेको छ। उनका मातृत्वको बखान यहाँ प्रस्तुत गरिएको छ।

यिनै प्रसङ्ग र परिवेश वर्णनबाट *'कैकेयी'* महाकाव्यमा करुणरस अत्यन्त सार्वभौम रूपमा छताछुल्ल भएको देखिन्छ। करुणरसको अङ्गितामा नै महाकाव्यको लक्ष्यपूर्ति भएको देखिन्छ। सुरुमा समस्त लोकलाई र राजपरिवारलाई ने शोकसागरमा डुबाउने निमित्त कारण भएकी कैकेयी अन्त्यमा पश्चात्तापको शोकमा आफू पनि डुब्न पुगेकी देखिन्छिन्। अतः विविध शोकात्मक परिवेशहरूबाट यस कैकेयी महाकाव्य शोककाव्य झैँ बन्न पुगेको छ। महाकाव्य पनि करुण रसकै अङ्गित्वमा अघि बढेको प्रमाणित भएको छ। यस महाकाव्यमा विशेषतः शोकात्मक परिवेशको मात्र वर्णन हुनु र त्यसकै अङ्गित्वमा अन्य विषयहरूको चर्चा गर्नुले पनि यसलाई अझै करुणतातिर अभिमुखीकरण गरेको प्रमाणित हुन पुग्दछ। अतः समग्रमा करुण रस प्रयोगका दृष्टिले कैकेयी महाकाव्य अत्यन्त सबल र सशक्त बनेको देखिन्छ। यसको प्रयोगमा शिल्पी बनेका कविले पनि अत्यन्त सफलता पाएको अनुभव हुन्छ।

## ३.६ अद्भुतरस

विस्मय स्थायी भाव हुने रस नै अद्भुत रस हो। अलौकिक वस्तुको दर्शनद्वारा हुने चित्तवृत्तिको विकास नै विस्मयावस्था हो। त्यसै अवस्थाको परिपाक नै अद्भुत रसको अनुभूति हो। कैकेयी महाकाव्यमा अद्भुत रसको प्रयोग केही सीमित परिवेशमा भएको देखिन्छ। विशेषतः महाकाव्यमा यसको अनुकूल परिवेशको सिर्जना भएको सजिलै

अनिभव भने गर्न सकिँदैन तर पनि कहीँ कतै राम्ररी नियाल्ने हो भने अद्भुत रसको परिपाक पनि भएकै देखिन्छ ।

महाकाव्यको राम वन प्रस्थान नामक सातौँ परिच्छेदमा विस्मयात्मक परिवेशको वर्णन गरिएको देखिन्छ। राजा बन्न लागेका राम एक्कासी वन गमनको संघारमा पुग्दा राष्ट्रवासी जनताहरू अत्यन्त आश्चर्यचकित भएको घटनाले अद्भुत रसलाई परिपाकावस्थामा पुऱ्याएको प्रतीत हुन्छ। राजदरबारको घटनाले सबैलाई कौतुहलता उत्पन्न गराएको थियो । सबै मन्त्रीगणहरू पनि एकै स्थानमा उपस्थित भएका थिए । सेनाहरू पनि आज्ञाको प्रतीक्षामा थिए। अब परिस्थिति कहाँ पुग्छ भन्ने उत्सुकता जनतामा पनि थियो। यिनै परिवेशको वर्णनमा अद्भुतरसले गति पाएको देखिन्छ। यहाँ यसरी वातारवण वर्णन गरिएको छ :

*आवृद्ध-वनिता-बाल सबै आश्चर्यमा थिए ।*

*कोही अधीरझैँ व्यग्र कोही गम्भीर देखिए ॥* (७/४) (विनोदी, २०७४, पृ. ७४)

यसै किसिमले भरत आगमन नामक नवौँ सर्गमा पनि विस्मयात्मक परिवेशको चित्रण छ, जसद्वारा अद्भुतरसको परिपाकावस्था अनुभूत हुन पुग्दछ । राज्यको घटना थाहा नपाएका भरतलाई मन्त्रीले सामान्यरूपमा स्वागत गरेको तथा भरतलाई बाटो, प्रकृति आदि नौलो लागेको कुरा यहाँ वर्णित छ, जसद्वारा भरतमा नयाँ आश्चर्यपूर्ण अनुभूति जन्मिएको देखिन्छ। उनको वाणीमा पनि गम्भीरता र शङ्काले स्थान जमाएको देखिन्छ। उनले यहाँ यसरी अभिव्यक्ति दिएका छन् :

*किन देखिरहेको छु दृश्य आज थरीथरी ।*

*पहिलो पल्ट यो नौलो बस्तीमा देखिएसरी ॥* (९/४) (विनोदी, २०७४, पृ. ९७)

त्यसैगरी यसपछिका अन्य श्लोकहरूमा पनि भरतका उक्तिहरूले अद्भुतरसलाई नै परिपोषित गरिरहेको अनुभूति हुन्छ । यसैगरी भरतद्वारा प्रतिनिधित्व नामक १३ औँ सर्गको ११-१४ श्लोकहरूमा रामले जनकद्वारा सुनेको रहस्यात्मक कुरा भरतलाई सुनाएका छन्। जसद्वारा भरतको मनमा विस्मययुक्त विकास प्राप्त भएको छ। अतः यस स्थानमा पनि अद्भुतरसको अनुभूति हुन पुग्दछ । यसैगरी कैकेयीको पश्चात्ताप नामक १४ औँ सर्गका ११-१९ श्लोकहरूमा कैकेयीका मनका तरङ्गहरूमा विस्मयात्मक भावनाहरू उब्जिएका छन् । यी भावनाहरू नितान्त कल्पनाका उपज देखिएका भएता पनि विस्मयका अनुभूति गराउन सफल देखिन्छन् । अतः यिनीहरूद्वारा पनि अद्भुत रसको आस्वादन भएकै पाइन्छ । यसैगरी रामप्रत्यागमन नामक १६ औँ सर्गको २१ औँ श्लोकमा लङ्काको चामत्कारिक वर्णन गरिएको

छ, जसद्वारा भावकहरूमा आश्चर्यात्मक भावनाहरू उब्जिन पुग्दछन्। लङ्काको अलौकिक वैभवको वर्णनले नै यहाँ अद्भुतरसको आस्वादन हुन पुग्दछ :

*सुवर्णमय लङ्कामा छ रे अद्भुतको कला।*

*त्यहाँ विज्ञानको ठूलो छ रे उन्नति शृङ्खला॥* (१६/२१) (विनोदी, २०७४, पृ. १८२) । यसरी कैकेयी महाकाव्यमा विभिन्न परिवेशमा अद्भुत रसको प्रयोग भएको देखिन्छ। अन्य रसको अपेक्षामा यो रसको प्रयोगशिल्पता महाकाव्यमा कम नै देखिएको पाइन्छ, तथापि यस रसको रसिकताबाट महाकाव्य वञ्चित बनेको भने छैन।

## ३.७ हास्यरस

हाँसो (हास) स्थायी भाव भएर अभिव्यक्त हुने रस नै हास्य रस हो। *'कैकेयी'* महाकाव्यमा यस रसको विभावादिको वर्णन कमै मात्रामा भएको छ, त्यसैले नै यो रस परिपाकमा पुग्न नसकेको प्रतीत हुन्छ। महाकाव्यमा खुसी र दुःख दुवै प्रकारका क्षणहरू आएका छन्, तर पनि हास्यात्मक अवस्था भने त्यति अनुकूल हुन सकेको देखिँदैन। रमणीय तथा विकृतियुक्त वस्तुहरूको दर्शनले भावकमा हुने विकासात्मक चित्तवृत्तिको अवस्था नै हास्यावस्था हो। त्यस किसिमको अवस्था महाकाव्यमा कमै मात्रामा प्रयोग भएको छ। वियोग र विपत्तिजन्य करुणाले भरिपूर्ण भएको महाकाव्य कैकेयीमा हास्य रसले विशेषतः स्थान नपाउनु स्वाभाविकै हो। यदि करुण र शान्तको बीचमा हास्यरसको समायोजना हुन्थ्यो भने पनि महाकाव्य खासै सफल बन्ने थिएन, किनकि यी रसहरू परस्पर विरोधी रसहरू हुन्। विपत्तिको बेलामा र वैराग्यको वेलामा निश्चित रूपमा हास्यको कल्पनासम्म पनि गर्न सकिँदैन। त्यही अवस्थालाई अङ्गीकार गर्दै महाकाव्यकारले यहाँ हास्यको प्रतिकूल परिवेशकै वर्णन गरेको देखिन्छ, तैपनि केही स्थानहरूमा सामान्यरूपमा व्याङ्ग्यात्मक हास्यको समायोजना भने देखिन्छ :

*शीतको विषले चुस्दा हान्दा थप्पड वायुले।*

*सकेन वृक्षका पत्र रोकेर राख्न आयुले॥* (१५/३६) (विनोदी, २०७४, पृ. १६९)

प्रस्तुत उदाहरणमा समयप्रति व्यङ्ग्य गरिएको छ। वृक्षको पत्रको समय नपुग्दा पनि शीत र वायुको आधिपत्य कायम हुँदा आयुको पनि केही नलाग्ने रमणीय किसिमको व्याङ्ग्यात्मक अभिव्यक्ति यहाँ प्रस्तुत भएको छ । अतः यहाँ हास्य रसको अनुभूति हुन पुगेको देखिन्छ। त्यस्तो विशेष किसिमको हास्यको समायोजना नभए पनि प्रकृतिको वास्तविकता प्रति व्यङ्ग्य गरिएकाले यहाँ हास्यरसध्वनि अभिव्यक्त बनेको देखिन्छ। यहाँ प्रयुक्त "थप्पड" शब्दले अझै हास्यात्मकतालाई बढावा दिएको देखिन्छ। यसैगरी

क्षमायाचना नामक १७ औँ सर्गको ३३ औँ श्लोकमा कैकेयीले आफूप्रति आफैँले व्यङ्ग्य गरेकी छिन्। हुन त यसबाट आफूप्रति घृणाभावको अभिव्यक्ति कैकेयीले दिएकी हुन्, तर पनि भावकमा भने हास्यभावध्वनि अभिव्यक्त भएको देखिन्छ :

*हानेथेँ एउटा ढुङ्गो मैले शान्त तलाउमा ।*

*ठूलो तरङ्ग फैलेर छोपिएकी छु मै त्यहाँ ॥* (१७/३३) (विनोदी, २०७४, पृ. १९४)

यस अभिव्यक्तिबाट कैकेयी विषयालम्बनलाई आधारित गरी भावकका मनमा व्यङ्ग्यात्मक उपहासको भाव उत्पन्न भएको देखिन्छ, जसबाट हाँसो स्थायी भाव परिपुष्ट बनी हास्य रस उत्कर्षमा पुगेको ठान्न सकिन्छ। त्यसैगरी उपसंहार नामक १८ औँ सर्गमा महाकाव्यकार विनोदीले दशरथप्रति व्यङ्ग्य र कैकेयीप्रति सहानुभूति देखाउँदै अभिव्यक्ति दिएका छन्। जसद्वारा पनि हास्यरस अनुभूत बनेको छ :

*अजपुत्र स्वयं नै हुन् कैकेयीमा दिने वर ।*

*राजमाता हुने वाचा उनले नै गरे तर ॥*

*गरिन्न उनको निन्दा पुराण इतिहासमा ।*

*सत्यवादी भनी उल्टै छन् सम्मानित लोकमा ॥*(१८/५७-५८) (विनोदी, २०७४, पृ. २१०) । यहाँ “कैकेयीलाई वर दिन्छु र राजमाता बनाउँछु भनी वाचा गर्ने राजा दशरथ नै हुन्। अतः रामको वनवास र भरतको राज्याभिषेक दशरथकै कार्य हो, तर कैकेयीले निन्दा कमाउनु परेको छ भने राजा दशरथ सत्यवादी कहलाएका छन् र सम्मानित भएका छन्।” भन्ने अभिव्यक्तिबाट अबुझ मानवहरूप्रति, राजा दशरथप्रति र तात्कालिक मानव समुदायप्रति पनि तिखो उपहासपूर्ण व्यङ्ग्य प्रस्तुत गरिएको छ। अतः यो हास्य रसको ज्वलन्त उदाहरण बन्न पुगेको देखिन्छ। यसरी कैकेयी महाकाव्यमा विविध परिवेशमा यसरी हास्य रसको समायोजना भएको देखिन्छ।

## ३.८ भयानकरस

भय स्थायी भाव भएको रस नै भयानक रस हो। बाघ, भालु अथवा अनिष्ट वस्तुहरूको दर्शनबाट भावको मनमा पर्ने व्याकुलता, उद्वेग आदि भयको द्योतक हुन्। त्यही भय स्थायित्वमा पुग्दा भयानक रस परिपुष्ट हुन पुग्दछ र आस्वादगम्य बन्दछ। यस किसिमको भयानक रस कैकेयी महाकाव्यका केही कथात्मक परिवेशहरूमा अनुभूतिगम्य बनेको देखिन्छ। महाकाव्यको ऋतुपरिवर्तन नामक १५ औँ सर्गको ७६ औँ श्लोकमा वर्षाकालिक भयग्रस्त परिवेशको चित्रण गरिएको छ। यहाँ भय भाव स्थायित्वमा पुगेर भयानक रस परिपाक अवस्थामा पुगेको देखिन्छ :

*चमक्क बिजुली चम्की मेघ गर्जन्छ घर्घर ।*

*काँप्छन् वनस्पति प्राणी भय मानेर थर्थर ॥* (१५/७६) (विनोदी, २०७४, पृ. १७५)

यहाँ मेघको गर्जना, बिजुलीको चमक आलम्बन विभाव हो भने एकान्त अवस्था, रात्रिकाल उद्दीपन विभाव हो। त्यसैगरी काँप्नु, कुद्नु आदि अनुभाव हुन्, त्रास, चिन्ता, उन्माद अदि सञ्चारी भावहरू हुन्। यिनै भावहरूको संयोजनबाट भय भाव स्थायित्वमा पुगी परिपुष्ट भएको छ। त्यसैबाट भयानक रस आस्वाद्य बनेको देखिन्छ।

यसबाहेक महाकाव्यको अन्य स्थानहरूमा खासै उल्लेख्य रूपमा भयानक रस प्रयोग भएको देखिँदैन। सामान्य रूपमा भयानुकूल परिवेशको वर्णन भएता पनि विभावादिद्वारा भय भाव स्थायित्वमा पुग्न नसक्दा भयानक रस, रसको रूपमा अनुभूति हुन सकेको छैन। केवल त्रास व्यभिचारी भावको रूपमा मात्र अनुभूत भएको देखिन्छ।

## ३.९ बीभत्सरस

कुत्सित वस्तु, विकृत पदार्थ आदिको दर्शनबाट मनमा हुने घृणात्मक अनुभूति नै बीभत्स रसको परिपाकावस्था हो। जुन घृणा स्थायीभावमा आस्वादगम्य बन्दछ। छिःछिः र दुर्दुर्पनाबाट नै बीभत्सरसको परिपुष्टि हुने गर्दछ। यस कैकेयी महाकाव्यमा बीभत्सरसको समायोजना कमै मात्रामा देखिएको पाइन्छ। कताकतै बीभत्सात्मक अभिव्यक्ति हुँदाहुँदै पनि घृणाभाव स्थायित्वमा पुग्न नसक्नाले केवल भावध्वनिमा मात्र सीमित भएको देखिन्छ। यस रसको प्रयोग काव्यमा अत्यन्त कम भएको देखिन्छ। यस रसको प्रयोग आस्वाद्य रूपमा केवल ऋतुपरिवर्तन नामक १५ औँ सर्गको ९० औँ श्लोकमा भएको देखिन्छ जहाँ वर्षा ऋतुको भीषणताबाट धेरै सम्पत्तिको क्षति भएको उल्लेख गरिएको छ। मान्छेको र पशुको मृत्युको बीभत्सतालाई पनि अत्यन्त उत्कृष्ट किसिमले वर्णन गरिएको छ :

*देखियो मृत्यु बीभत्स मान्छेको पशुको पनि ।*

*किन आउँछ यो बाढी दुर्भाग्य जनको बनी ॥*(१५/९०) (विनोदी, २०७४, पृ. १७७)

यसरी कैकेयी महाकाव्यमा वर्षाकालिक परिवेशमा बीभत्सरसको समायोजना भएको देखिन्छ। यस रसको प्रयोगका दृष्टिले कैकेयी महाकाव्य त्यत्ति सबल देखिँदैन तथापि महाकाव्य यस रसको अनुभूतिबाट पर पनि बस्न सकेको पाइँदैन। जे होस् कैकेयी महाकाव्यमा बीभत्स रसको पनि समायोजना उचित किसिमले गरिएको छ भन्दा अत्युक्ति हुँदैन।

## ३.१० रौद्ररस

क्रोध स्थायी भाव हुने रस नै रौद्र रस हो। जहाँ उग्रता, गर्व, उन्माद, आवेग, चपलता आदि भावहरू व्यभिचारी भावका रूपमा आउने गर्दछन्। मनको उद्वेग र दीप्ति नै क्रोधको सूचक हो। दोस्रो व्यक्तिले गरेको अपमान र अपराधबाट यो भाव जन्मिन्छ। यही भावद्वारा रौद्र रस आस्वाद्य हुन पुग्दछ। अतः रौद्र रसको हार्दिकता नै क्रोध भाव हो। कैकेयी महाकाव्यमा पनि स्थानविशेषमा यही रसको अनुकूल अवस्था सिर्जना भएको देखिन्छ, जहाँ पात्रको मनमा हुने आवेग र ज्वलनको नतिजास्वरूपमा यस रसको प्रादुर्भाव भएको देखिन्छ। महाकाव्यको चौथो सर्गको मध्यभागतिर कैकेयीको रौद्ररूपको वर्णन गरिएको छ। मन्थराको सल्लाहअनुसार कोपभवनमा गएकी कैकेयीमा क्रोधभाव जागृत भएको छ। आफ्नो वरदान र हक लिने योजनामा उनको चित्तदीप्तिद्वारा क्रोधाविर्भाव भएको देखिन्छ, जहाँ दशरथादि आलम्बन वनेका छन् भने रामको राज्याभिषेक र खुसीयाली उद्दीपन बनेको छ। त्यसैगरी यसद्वारा सिँगार पुछ्नु, केशराशि बिगार्नु आदिलाई अनुभावका रूपमा वर्णन गरिएको छ। यसद्वारा उग्रता, गर्व, असूया आदि सहचारी भावका साथमा क्रोधभाव स्थायित्वमा पुगेर रौद्र रस परिपाकावस्थामा पुगेको देखिन्छ :

*बिगारी केशका राशि शृङ्गार मुखको पुछी।*

*बसेँ बनी असन्तुष्ट कोपको गृहमा पसी॥* (४/५८) (विनोदी, २०७४, पृ. ४८)

यसै किसिमले छैठौँ सर्गको २८-२९ औँ श्लोकहरूमा पनि विभावादिद्वारा क्रोधभाव परिपुष्ट अवस्थामा पुगेको देखिन्छ। जहाँ राजाका वाणी सुनेर उद्दीप्त भएका भावहरूले कैकेयीमा अतिशय क्रोधावस्थाको सिर्जना गरेको देखिन्छ। यहाँ लामो निःश्वास तान्नु, ओठ कँपाउनु आदि अनुभावहरूको वर्णन गरिएको छ, जसद्वारा कैकेयीको क्रोधको ज्वाला छातीमा दबिरहेको अनुभूति हुन पुग्दछ। यस्तै आठौँ सर्गको ५८ श्लोकमा असूया, ग्लानि आदि व्यभिचारी भावहरूका साथमा क्रोधभाव परिपुष्ट भएको वर्णन गरिएको छ, जहाँ कैकेयीलाई कौशल्या र सुमित्राले क्रोधावेगमा आँखा तरेर हेरेको कुरा अभिव्यक्त भएको छ। त्यही रौद्र रसको आस्वादावस्था हो। त्यसैगरी भरत आगमन नामक नवौँ सर्गमा पनि भरतमा कैकेयीका कारणले आवेग उत्पन्न भएको छ। कैकेयी विषयालम्बन विभाव भएकी छिन् भने, भरत आश्रयालम्बनका रूपमा आएका छन्। कैकेयीले गरेका अपराधहरूको स्मरणले भावहरूलाई उद्दीपन गराएको छ। त्यसैगरी भरतमा रुखो बोली, स्वेद, रोमाञ्च आदि आदि अनुभावात्मक चेष्टाहरू उत्पन्न भएको छ। यसद्वारा उग्रता, गर्व, ग्लानि आदि सहचारी भावहरूका साथमा क्रोध भाव स्थायी भएर रौद्र रस पुरिपुष्टिको अवस्थामा पुगेको देखिन्छ :

*हे भ्रष्ट दुष्टिनी नारी न दया भो न धर्म भो ।*

*तिम्रो कुटिल वाञ्छामा न कुनै लाज सर्म भो ॥*

*पापेच्छाले गऱ्यौ जे जे तिम्रा दुष्कर्मले तिनै ।*

*जिन्दगीभरि डस्नेछन् बनी गोमन सर्पझैँ ॥* (९/४९-५०) (विनोदी, २०७४, पृ. १०४)

यसै क्रममा ऋतुपरिवर्तन नामक १५ औँ अङ्कका ८७ र ८८ औँ श्लोकमा बर्षाकालिक प्रकृतिको रौद्र रूपको चित्रण गरिएको छ, जहाँ बाढी र पहिरोले घरबारी वृक्षवनस्पतिहरू पनि बगाएको वर्णन गरिएको छ । खहरे खोलाहरू उर्लिएर खेतबारीहरूहरू बगाउँदा प्रकृतिको क्रोधावस्था अभिव्यक्त भएको देखिन्छ जसबाट रौद्ररस आस्वाद्य बनेको छ :

*भत्काए खेत वा बारी उर्लदाँखेरि मत्त भै ।*

*निर्दोष वृक्षका भाँचे जिन्दगानीहरू कठै ॥* (१५/८८) (विनोदी, २०७४, पृ. १७६)

यसरी कैकेयी महाकाव्यमा विभिन्न परिवेशमा रौद्ररस अनुभूतिगम्य बनेको देखिन्छ । यस रसको प्रयोगबाट पनि कैकेयी महाकाव्य अछुतो रहन सकेको पाइँदैन, तर माथि उल्लेख गरिएका स्थानहरूबाहेक अन्यत्र भने अन्य रसहरू परिपुष्टि गर्नका निम्ति व्यभिचारी भावको रूपमा क्रोधको वर्णन गरिएको पाइन्छ । त्यसले स्थायित्व चाहिँ प्राप्त गरेको देखिँदैन । अतः त्यो रौद्ररसको रूपमा अनुभूतिगम्य बन्न सकेको देखिँदैन । समग्रमा यी माथि उल्लेख गरिएका स्थानहरूमा मात्र रौद्ररसको उचित समायोजन भएको देख्न सकिन्छ ।

## ३.११ शान्तरस

निर्वेद स्थायी भाव हुने रस नै शान्त रस हो । सांसारिक विषय वासनाप्रति वितृष्णा उत्पन्न भई केवल नित्यपदार्थको चिन्तन गर्नु नै मनको निर्वेदात्मक अवस्था हो । जसलाई दार्शनिकता पनि भनिन्छ । प्रायः दर्शनहरूले नित्य वस्तु र अनित्य वस्तुको विवेचनमा नै आफ्नो अस्तित्व कायम गरेका हुन्छन् । जीवन र जगत्को चिन्तनद्वारा नै मानवजीवनको सार्थकता छ भन्ने दार्शनिक विचार नै शान्तरसको उत्कर्षावस्था हो । विषय वासनाको सञ्जालबाट पार पाई उन्मुक्ति र शान्तिको बाटोमा अग्रसर हुनु नै यसको हार्दिकता हो । यसैलाई शम वा शान्ति भनिन्छ । यसैको स्थायित्वमा नै शान्तरस परिपुष्ट हुने गर्दछ । यस प्रकारका भाव वा विचारहरू यस कैकेयी महाकाव्यमा प्रायः आएका देखिन्छन् । जीवनका सुख र दुःखका अनुभूतिबाट जुन ज्ञान मिल्ने गर्दछ, त्यही ज्ञानबाट प्राप्त हुने वितृष्णात्मक अवस्था नै शान्त रसको आस्वाद्य रूप हो । यसै किसिमका घटना महाकाव्यमा पनि घटेका

देखिन्छन्। राज्याभिषेकको संघारमा पुगेका राम अनायास रूपमा बनवास जानुपर्ने र हर्षको अवस्थामा पुगेको अयोध्या नगरी अकस्मात् शोकसागरमा डुब्नुले पनि महाकाव्यमा निर्वेद अवस्थालाई परिपाकतिर धकेलेको छ। सांसारिक दुःखलाई परिचित गराएर सुखानुभूतितर्फ, निस्पृहतातर्फ र उन्मुक्तितर्फ भावकहरूलाई अग्रसर गराएको छ। यही नै शान्तरसको अनुभूति हो। राग, द्वेष, चिन्ता आदिलाई त्यागेर अनित्य संसारमा जति बाँचिन्छ सुखपूर्वक नै बाँच्नुपर्दछ। बाह्य सौन्दर्यहरूबाट आफूलाई आनन्दमय बनाउनुपर्दछ। शोक र मोहबाट पार तरी आत्मानुभूति गर्नुपर्दछ। यही भावनाहरूद्वारा नै मनमा शान्ति मिल्छ। महाकाव्यका सुरुकै सर्गमा कैकेयीमा प्राप्त भएको उमङ्गबाट पनि यसको परिपुष्टि भएको देखिन्छ :

*स्वच्छ देखिन्छ आकाश माझेको कांस्यपात्रझैँ।*

*गुरुझैँ सृष्टि यो लाग्छ, दृष्टि लाग्दछ छात्रझैँ॥* (१/४) (विनोदी, २०७४, पृ. ९)

यहाँ प्राकृतिक रमणीयताद्वारा शान्तित्वको अनुभूति भएको पाइन्छ। त्यस्तै पहिलो सर्गकै ४८ औँ श्लोकमा इच्छाआकाङ्क्षाहरू धेरै गर्न नहुने, जति प्राप्त भएपनि सन्तुष्ट हुनुपर्ने सन्देश दिनका निम्ति मानवीय बेथितिको अभिव्यक्ति दिइएको छ :

*सुख वैभवको चाह जति प्राप्त भएपनि।*

*झन् झन् वृद्धि हुँदै जान्छ, छैन तृप्ति कतैपनि॥* (१/४८) (विनोदी, २०७४, पृ. १६)

यसैगरी सर्गको ६३-६४ श्लोकमा राजको शक्ति सधैँ एकनाश नरहने अतः रामलाई राजा बनाउनुपर्ने सङ्केत कैकेयीले दिएकी छिन्। त्यसैगरी जीवनको यथार्थमय पक्षको पनि अभिव्यक्ति दिएकी छिन्। जसरी मध्याह्नपछिका सूर्य मन्द तेज लिएर घुम्दछन्, त्यसैगरी मान्छे पनि वृद्धावस्थामा पुग्दा सामर्थ्यहीन हुने यथार्थ कैकेयीले उल्लेख गरेकी छिन्। यी जीवनका यथार्थमय ज्ञानद्वारा भावकमा शान्ति वा निर्वेद भाव स्थायित्वमा पुगेको देखिन्छ र यसैद्वारा शान्तरस परिपुष्ट हुन पुगेको पाइन्छ। यसै किसिमले दोस्रो सर्गको ५३ औँ श्लोकमा कैकेयीले राम्रा स्वप्नहरूजस्तै विपना पनि भैदिए, हामी मानवको जीवन कति धन्य हुने थियो भन्ने सुन्दर जीवनदर्शन अव्यभिक्त गरेकी छिन्। यसद्वारा राग र द्वेषलाई छाडी सुन्दर जीवन जिउने शान्तिभाव भावकमा उद्दीप्त हुन पुग्दछ। यसबाट पनि शान्तरसकै पुष्टि भएको छ। यसैगरी राजनीतिबाट प्राप्त हुने सत्ताका लागि मानिस दौडिरहेको र त्यसकै निम्ति लफडा खडा गरेको यथार्थलाई अभिव्यक्त गर्दै शक्ति पाएर त्यसकै आडमा मानिसहरू पौडिरहेको विसङ्गतिपूर्ण पक्षको यसै सर्गमा उद्घाटन गरिएको छ (विनोदी, २०७४, पृ. ३८)। यसैगरी रामको वनप्रस्थान नामक सातौँ सर्गको ७१ औँ श्लोकमा रामले संसार अनित्य भएको र

हामी केवल युगनाटकका निम्ति पात्रमात्र भएको गहिरो दार्शनिक अभिव्यक्ति दिएका छन्, जसद्वारा निर्वेद भाव शान्तरसको रूपमा आस्वाद्य बनेको छ :

*यो हो समयको खेल हामी केवल पात्र हौँ।*

*युगनाटकका निम्ति हामी निमित्त मात्र हौँ॥* (७/७१) (विनोदी, २०७४, पृ. ८४)

यसैगरी दसौँ सर्गमा भ्रातृवियोग र पितृवियोग परेका भरतमा राज्यप्रति वितृष्णा उत्पन्न भएको छ। आफ्नै जीवनप्रति उनलाई वैराग्य जागेको छ। रामविना उनी किङ्कर्तव्यविमूढ भएका छन्। रामलाई ल्याउन सकिएन भने उनी पनि मुनिको भेषमा बस्ने तर्कनाहरू गरिरहेको कुरा यहाँ उल्लेखित छ। क्षत्रिय गुण र धर्म आदिका ज्ञाता भएता पनि उनी वीतरागी भएका छन्। यी परिवेश र घटनाहरू अनुभव गर्दा सहृदयीहरूमा पनि शान्तिको अनुभूति हुन पुग्दछ। अतः शान्तरसको समायोजना यहाँ भएको देखिन्छ :

*तर आज उनै यस्ता वीतरागी भए किन ?*

*मैले बुझिन खै के भो आफ्नै सन्तानको मन ॥* (१०/६०) (विनोदी, २०७४, पृ. ११७)। यसै सर्गको ७० औँ श्लोकमा कैकेयीलाई जीवनप्रति वितृष्णाभाव उत्पन्न भएको छ। आफूमाथि कलङ्कको झरी वर्षिएकाले प्रत्येक पलमा मरेर म कसरी बाँचूँ भन्ने भावना कैकेयीले यहाँ अभिव्यक्त गरेकी छिन्। उनको निराशाको भावना यसरी चरमावस्थामा पुगेर शान्तरसमा परिणत भएको देखिन्छ :

*पोतेर मुखमा मैलो कलङ्क बदनामको।*

*मेरै पीडाहरू बोकी डुब्न लाग्यो कि घाम यो ॥* (१०/७६) (विनोदी, २०७४, पृ. १२०)। यस्तै ११ औँ सर्गका ४१-६१ श्लोकहरूमा शान्तिमय वातावरणको चित्रण गरिएको छ। सांसारिक द्वेष र मोहबाट पृथक् रहेको वनको सौदर्यात्मक परिवेशको वर्णन गर्ने सन्दर्भमा यहाँ योगीको वासस्थानको रूपमा, चराचुरुङ्गीहरूको मनोरम थलोको रूपमा, नदीका अविरल प्रवाहद्वारा गुञ्जायमान प्रकृतिको रूपमा पनि वनको वर्णन गरिएको छ। यही वर्णनले रागरहित मनोभावको उत्पत्ति हुन पुग्दछ र शान्तिको अनुभूति मिल्दछ। अतः यो सर्ग शान्तरसको प्रयोगक्षेत्र बन्न खोजेको देखिन्छ। १२ औँ सर्गको ५९ औँ श्लोकमा वनमा बसेर हामी तपस्या गर्नेछौँ, जुन योग र ध्यानबाट ब्रह्मस्वरूपमा प्राप्त हुने कुरा भगवान् रामचन्द्रले गरेका छन्। यस्तै दार्शनिक विचारहरू अन्य प्रकारले पनि प्रकट भएका देखिन्छन्। ६२ औँ श्लोकमा जिन्दगीलाई सुख र दुःखको खानीको रूपमा लिइएको छ, जहाँ कष्टहरू नहुँदा जिन्दगी जिन्दगीजस्तो नहुने कुरा उल्लेख गरिएको छ। यस्तै १३ औँ

सर्गको ३४ औँ श्लोकमा भरतमा आएको सद्विचारबाट पनि शान्तरस अवभासित भएको देखिन्छ :

*अहङ्कार परै भागोस् न उम्रोस् मनमा रिस ।*

*म लागूँ जनसेवामा भै निष्पक्ष अहर्निश ॥* (१३/३४) (विनोदी, २०७४, पृ. १४८)

यसैगरी चौधौँ सर्गमा कैकेयीलाई पश्चात्ताप हुँदा सद्ज्ञानको उदय भएको छ । जसमा आफ्नो हक लिन खोज्दा अर्काको खोस्न नहुने र अर्कालाई रुवाएर आफू हाँस्न खोज्न नहुने कुरा उल्लेख भएको छ। यसै किसिमले यहाँ शान्तिरस अनुभूत हुन पुगेको छ (विनोदी, २०७४, पृ. १६१) । यसैगरी ऋतुपरिवर्तन नामक पन्ध्रौँ सर्गमा ब्रह्मज्ञानसम्बन्धी अभिव्यक्ति दिइएको देखिन्छ । कुहिरोरूपी अज्ञानलाई नष्ट गर्न सूर्यरूपी ज्ञान समर्थ भएको कुरा उल्लेख गरिएको छ । जसबाट दार्शनिक पक्षको रहस्योद्घाटन गरिएको छ । यसैगरी हेमन्तको बेलामा रवि दूर हुँदा हुस्सुले सत्यको छवि ढाकेको कुरालाई यहाँ दार्शनिक तबरले रमणीय शैलीमा वर्णन गरिएको छ (विनोदी, २०७४, पृ. १६८) । यस्तै वसन्तर्तुको वर्णन गर्ने सन्दर्भमा यहाँ आत्मअस्तित्वको बोध गर्नका लागि चराको आवाज उत्प्रेरक भएको वर्णन गरिएको छ :

*को हो को हो भनी सोध्न थाल्यो जब विहङ्गले ।*

*आत्मअस्तित्व बारेमा सोच्न थाल्यो मनुष्यले ॥* (१५/५०) (विनोदी, २०७४, पृ. १७१) । त्यसैगरी क्षमायाचना नामक सत्रौँ सर्गको १७ औँ श्लोकमा कैकेयीले "जो स्वार्थको घेरा नाघेर पर जान सक्दैन, त्यसका निम्ति सृष्टि नै असुन्दर हुन्छ ।" भन्ने जीवन दर्शन उल्लेख गरेकी छिन् । यी जीवनदृष्टि र सुन्दरअनुभूतिबाट एक किसिमको मनमा प्राप्त हुने वीतरागीपना नै शमावस्था हो। यिनै परिस्थिति र परिवेशबाट प्राप्त भएको शान्तिमयी भावनाद्वारा शम स्थायीभाव परिपुष्ट भएको देखिन्छ । अतः त्यही परिपोषित शम (शान्तिमय अवस्था) नै शान्तरसको रूपमा आस्वाद्य बनेको देखिन्छ ।

यसरी कैकेयी महाकाव्यमा विविध परिवेश र घटनानुरूप दार्शनिक पक्षको पनि उद्घाटन भएको देखिन्छ । मानवीय जीवनका भोगाइहरूको अनुभूतिजन्य भावनाहरूबाट नै यथार्थको रहस्य बुझिने हुँदा बाह्य रागद्वेषादिको भुमरीमा नफसी बाँचिरहेको जीवनलाई सुन्दर र सफल बनाउन प्रयास गर्नुपर्ने उत्तम विचारहरूद्वारा महाकाव्यमा शान्तरस उद्भासित भएको अनुभूति हुन्छ जुन भावकहरूद्वारा आस्वाद्य बनेको छ। कताकतै सांसारिक बेथितिबाट निर्वेद उत्पन्न भएको छ भने कताकतै सुन्दर जीवनलाई अझ सुन्दर पार्नुपर्ने उद्गारहरू उद्गिरण भएको पाइन्छ। यी दुवै परिस्थितिबाट प्राप्त हुने शान्तिमय श्वास नै शान्तरसको उद्दीपक बनेको अनुभूति गर्न सकिन्छ। अतः शान्तरसको प्रयोगका दृष्टिले *'कैकेयी'* महाकाव्य सबल र सक्षम भएको देख्न सकिन्छ ।

## ३.१२ निष्कर्ष

कवि गोविन्दराजद्वारा रचित *'कैकेयी'* महाकाव्य पूर्वीय महाकाव्यसिद्धान्त र आधुनिक महाकाव्यपरम्पराको मध्यस्थतामा लेखिएको महाकाव्य हो। यसमा प्रायशः पूर्वीय महाकाव्यको सिद्धान्त लागू भएको देखिन्छ, तर पनि रसप्रयोगका दृष्टिले कवि विनोदीले यस महाकाव्यमा करुण रसलाई नै अङ्गी रसको रूपमा स्वीकार गरेको देखिन्छ। महाकाव्यमा वीर र शान्त रस पनि करुण रसभन्दा केही कम मात्रामा अभिव्यक्त भएका छन् तथापि यी रसहरूले अङ्गित्व ग्रहण गर्न सकेको भने देखिँदैन। यही करुण रसलाई अङ्गी बनाउनु नै कवि विनोदीको महाकाव्यमा नवीन प्रयोग मान्न सकिन्छ। संस्कृत महाकवि भवभूतिले यही करुणरसलाई नै अङ्गी बनाएर उत्तररामचरित नाटक लेखी सफलता प्राप्त गरेको इतिहास छ, तर पनि त्यसको तात्कालिक समयमा काव्यविरुद्ध रससंघटनाले गर्दा विरोध भएको देखिन्छ। कालान्तरमा आएर त्यसको प्रसिद्धि र लोकप्रियता बढ्न थालेको पाइन्छ। अतः यही उदाहरणलाई आधार मान्दा पनि करुणरस पनि काव्यको अङ्गी रस बन्न सक्ने सम्भावना देखिन्छ। भवभूतिले नै स्वयं भनेका छन्– "एको रसः करुण एव। (भवभूतिः, सन् १९९९, पृ. २२५)" अतः यहाँ पनि करुण रसको प्रमुखता कायम हुनु सान्दर्भिक नै देखिन्छ। त्यसैगरी शृङ्गार, रौद्र, अद्भुत, हास्य र भयानक रसहरू महाकाव्यमा अङ्ग रसका रूपमा आस्वाद्य बनेका छन्। यिनीहरू बेलाबेलामा परिवेश र घटनाअनुसार अभिव्यक्त भएका देखिन्छन्। विशेषतः करुणरसको कथात्मक परिवेश भएकाले र कैकेयीकै करुणामय भावनाको उद्गारको रूपमा महाकाव्य रचना गरिनुले पनि यो महाकाव्य करुणरसपूर्ण महाकाव्यको रूपमा प्रमाणित हुन पुग्दछ। यसका प्रायशः घटनाहरू वियोग र सङ्कटमा केन्द्रित भएका देखिन्छन्। अतः यहाँ करुणरसको प्रमुखता नै सिद्ध हुन्छ। कैकेयीका पूर्वस्मृति र दशरथको शौर्यवर्णन, हनुमान्को लङ्कातरण र रामलक्ष्मणको रावणप्रतिको विजय आदि घटनावर्णनमा वीररसको पनि आस्वादन भएको छ। त्यस्तै ठाउँठाउँमा क्रोधावेगद्वारा रौद्ररस र भयात्मक परिस्थितिबाट भयानक रस पनि उद्भासित भएको पाइन्छ। महाकाव्यका विभिन्न स्थानहरूमा शान्तरसको भने समायोजना विशेष किसिमको देखिन्छ। वियोग र पीडाद्वारा विरेचित मनलाई निर्वेदतातर्फ धकेल्ने काम शान्त रसले नै गरेको देखिन्छ। जीवन र जगत्प्रति वितृष्णा र शाश्वत सत्यप्रतिको आकर्षणले शान्तरसलाई परिपोषित गरेको देखिन्छ। त्यस्तै मानवीय जीवनको सौन्दर्यात्मकताको वर्णन र विषयवासनात्मकताबाट भिन्न भई निष्पाप जीवन बिताउनुपर्ने सन्देशका कारण पनि स्थानविशेषमा शान्तिमय अनुभूति भई शान्तरस नै आस्वाद्य बनेको पाइन्छ। यसरी काव्यमा शान्तरसको पनि सुन्दर समायोजना रहेको अनुभव गर्न सकिन्छ। त्यसैगरी हास्यरसको

व्याङ्ग्यात्मक रूपमा मात्र प्रयोग भएको देखिन्छ। यो सीमित स्थानमा मात्र प्रयुक्त छ। प्रायः करुणा र निर्वेदताकै वर्णनमा बढेको महाकाव्यको घटनाले हास्य परिस्थितिलाई त्यति न्याय गर्न भने सकेको देखिँदैन, तथापि कहीँ कतै व्यङ्ग्ययुक्त उपहासात्मक वर्णनले भने यो रसलाई पनि महाकाव्यमा सम्बन्धित गराएकै देखिन्छ। यसैगरी कैकेयीका यौवनावस्थाका वर्णन र दशरथप्रतिको अनुरागवर्णन आदिद्वारा शृङ्गाररसको पनि सुन्दर संयोजन महाकाव्यमा देख्न सकिन्छ। यसैगरी मनमा उठेका अनौठा तर्कनाहरू, वातावरणको परिवर्तनले ल्याएको नौलो अनुभूति, पुष्पकविमानको दर्शन आदि घटना र परिवेशबाट अद्भुत रस पनि उद्भासित भएको देखिन्छ। यसैगरी वर्षाकालिक पशु र मानवको मृत्युको घृणात्मक अवस्थाको वर्णन गर्ने सन्दर्भमा बीभत्स रसको पनि परिपुष्टि महाकाव्यमा भएको देखिन्छ। यसका अतिरिक्त विविध व्यभिचारी भावहरू पनि महाकाव्यमा अभिव्यक्त बनेका देखिन्छन्, जुन भावहरू रसको रूपमा परिपुष्ट भने हुन सकेका देखिँदैनन् तथापि भावकका मनमा भने रोमाञ्चता थप्न सफल भएकै देखिन्छन्। कहीँ हर्षको अनुभूति छ भने कहीँ सुनौलौ स्मृतिभाव अभिव्यक्त भएको पाइन्छ। व्यभिचारी भावहरूमध्ये पनि पुत्रविषयक रति भाव र भ्रातृविषयक रतिभाव विशेषतः यहाँ प्रयोग भएको छ, जसलाई केही संस्कृत साहित्यशास्त्रका समालोचक आचार्यहरूले वात्सल्यरसको संज्ञा दिइएको पाइन्छ। त्यसको जगन्नाथादि आचार्यहरूले पुत्रादिविषयक रति नामक व्यभिचारी भावको चर्चा गरी खण्डन गरेको पाइन्छ। त्यही व्यभिचारी रतिभाव प्रायशः महाकाव्यमा अभिव्यक्त भएको छ। रामप्रति भरतको मोह र भरतप्रति कैकेयी मोह भएका परिवेशमा यो रतिभाव अभिव्यक्त भएको देखिन्छ। अतः *'कैकेयी'* महाकाव्य रसका साथै भावहरूको पनि प्रयोगक्षेत्र बनेको देखिन्छ। यहाँ कुनै रस विशेषरूपमा समायोजित छ भने कुनै रस सामान्य रूपमा प्रयुक्त देखिन्छ। जे भएता पनि समग्रमा कैकेयी महाकाव्यले भावकका मनमा सबै किसिमका रसजन्य अनुभूति दिलाउन पक्कै पनि सफल भएको देखिन्छ। यही रसप्रयोग कुशलताका आधारमा कवि विनोदी पनि सफल रसप्रयोक्ता बनेको प्रमाणित हुन्छ।

# चतुर्थ परिच्छेद
# कैकेयी महाकाव्यको योगदान

# चतुर्थ परिच्छेद
# कैकेयी महाकाव्यको योगदान

## ४.१ परिचय

यस परिच्छेदमा रसविधानका दृष्टिले '*कैकेयी'* महाकाव्यको के-कस्तो योगदान रहेको छ ? भन्ने विषयमा चर्चा गरिएको छ । नेपाली काव्यको क्षेत्रमा कैकेयीमा प्रयोग भएका रसहरूद्वारा कस्तो योगदान हासिल भएको छ भन्ने विषयको अध्ययन गर्नु नै यस परिच्छेदको प्रमुख उद्देश्य हो ।

## ४.२ कैकेयी महाकाव्यको योगदान

नेपाली साहित्यको क्षेत्रको श्रीवृद्धिमा अमूल्य योगदान गर्ने कवि गोविन्दराज विनोदी (वि.सं. २००९) विविध विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी साहित्यकार हुन् । उनले हाइकु, फुटकर कविता, खण्डकाव्य, महाकाव्य जस्तै विविध साहित्यिक विधाहरूमा कलम चलाएको देखिन्छ । ती विधाहरूबाट नेपाली साहित्यक्षेत्र अत्यन्त समृद्ध बनेको पनि देख्न सकिन्छ । काव्यमा प्रयोग भएका विनोदीका उच्चतम वैचारिकताले र नारीवादी दृष्टिकोणले विनोदीलाई उत्तरवर्ती चरणमा अझै माथि पुऱ्याएको देखिन्छ । *शूर्पणखा* (वि.सं २०७१), *'कैकेयी'* (वि.सं २०७४) जस्ता महत्त्वपूर्ण काव्यहरूद्वारा कवि विनोदी प्रखर नारीवादी लेखक भएर झुल्किएका छन् । यसै क्रमका कवि विनोदीले *अशोकवाटिका* (वि.सं. २०७८) पनि हालै प्रकाशित गरेका छन् । जसमा सीता अशोकवाटिकामा बस्दा उनका मनमा उठेका भावनाहरू र घटनाहरूलाई मानवीय दृष्टिकोणबाट वर्णन गरेका छन् । यसरी नेपाली साहित्यलाई यस किसिमका काव्यहरू दिएर समृद्ध तुल्याउने कवि विनोदीको प्रथम महाकाव्य *'कैकेयी'*मा रसविधानसम्बन्धी चर्चा गर्दा उनी रसिक कविको रूपमा देखिएका छन् । उनले रसलाई विभावादिद्वारा समृद्ध गराई भावकको हृदयाह्लादक तत्त्वकै रूपमा यस महाकाव्यमा प्रतिपादन गरेको देखिन्छ ।

रससिद्धान्तको बारेमा चर्चा गर्दा स्थापित रूपमा रसलाई प्रतिपादन गर्ने प्रथम आचार्य भरतमुनि नै हुन् । अतः पूर्वीय साहित्यको रसपरम्परा निकै नै व्यापक र विस्तृत बन्न पुगेको देखिन्छ । *'वाक्यं रसात्मकं काव्यम्'* (विश्वनाथः, २०१४, पृ. २३) भनी १३ औँ शताब्दीका आचार्य विश्वनाथले रसलाई अझ बढवा दिएको पाइन्छ । त्यसका साथसाथै परवर्ती आचार्य पण्डितराज जगन्नाथले पनि रसलाई प्रत्यक्षतः महत्त्व नदिए तापनि रमणीय अर्थ प्रतिपादन गर्नका निम्ति रसको अपरिहार्यता भने सङ्केत गरेका छन् । आचार्य भरतको

नाट्यसूत्रको रसको सिद्धान्त पूर्वीय साहित्यकारहरूमा प्रभावित बनी प्रयुक्त भएको पाइन्छ। भारवि, माघ, श्रीहर्ष, भर्तृहरिजस्ता संस्कृत साहित्यका हस्ती कविहरूले आफ्ना काव्यहरूमा शृङ्गारादि सबै रसहरूको प्रयोग गरेका छन्। *शृङ्गारतिलकम्* नामक काव्यमा कालिदासले विशेष रूपमा शृङ्गार रसको प्रयोग गरेका छन्। अम्बिकादत्तव्यासद्वारा लिखित *शिवराजविजय*जस्ता महाकाव्यहरूमा वीररसहरूको विशेष प्रयोग भएको पाइन्छ। भवभूतिद्वारा लिखित *उत्तररामचरित* करुणरसको ज्वलन्त उदाहरण हो। अन्य विविध रसहरू पनि अङ्गरसको रूपमा आएका छन्। यसरी संस्कृत साहित्यमा भने सबै रसहरूको प्रयोग महाकाव्य, खण्डकाव्य, नाटक आदिमा पाइन्छ। त्यस्तै नेपाली महाकाव्यको परम्परामा पनि ती रसहरू अवश्य नै पाइन्छन्  किनकि नेपाली महाकाव्यहरू पनि पूर्वीय महाकाव्यकै सिद्धान्तानुरूप लेखिएका हुन्। यसकारण नेपाली महाकाव्यहरूमा पनि ती ती रसहरूको प्रयोग पाइन्छ। पूर्वीय काव्यसिद्धान्तमा आधारित सिद्धान्तहरूकै आधारमा नेपाली कविहरू पनि साहित्यसिर्जनामा अघि सरेका देखिन्छन्। नेपाली साहित्य संस्कृत साहित्यकै हातेमालोमा अघि बढेको साहित्य हो। आर्यभाषाहरूको जननी भाषा संस्कृत हो। त्यसै भाषासम्बद्ध वाङ्मयको उपज नेपाली भाषा र वाङ्मयले पनि प्रतिबिम्बझैँ संस्कृतलाई नै अनुसरण गरिरहेको देखिन्छ। आधुनिक युगमा आइपुग्दा नेपाली भाषामा पाश्चात्त्य साहित्यको प्रभाव पनि बढ्दो मात्रामा देखिएको छ। पूर्वीय परम्परालाई बिथोल्दै प्रगति र परिवर्तनका संज्ञा दिइँदै रस र भाव प्रयोगमा केही न्यूनता भने आधुनिक साहित्यमा देखिएकै छ तथापि पाश्चात्त्य साहित्यको शैलीरमणीयता झल्किनुले त्यस प्रयोगलाई पनि सार्थक तुल्याएको देखिन्छ। समग्रमा भन्नुपर्दा नेपाली साहित्य मूलतः संस्कृत साहित्यकै छत्रछायामा हुर्किएको साहित्य हो र यसले संस्कृत साहित्यको उपजीव्यतालाई सहज रूपमा छाड्न सक्दैन। अतः रसादि विषयवस्तुका दृष्टिले पनि संस्कृत साहित्यको हाराहारीमा नेपाली साहित्यक्षेत्र पुगेकै देखिन्छ। त्यसै क्रममा नेपाली महाकाव्य-परम्परा पनि अग्रसर रहेको पाइन्छ। एक त नेपाली साहित्यहरू प्रायशः पूर्वीय इतिहास र पुराणका मिथकहरूलाई नै आधारित बनाई लेखिएको छ भने केही मौलिक विषयवस्तुको सन्दर्भमा लेखिएका छन्। अतः उही परिवेश र घटनाका आधारमा पनि रसप्रयोग स्वाभाविक रूपमा भएको देखिन्छ। नेपाली साहित्यको प्रथम महाकाव्यको संज्ञा पाएको भानुभक्तको *रामायण* पनि संस्कृतको अध्यात्मरामायणको मौलिकअनुवादले सुसज्जित स्वरूप हो। अतः रामायणसम्बद्ध रसहरू छायारूपी उक्त नेपाली रामायणमा पनि झल्किएकै देखिन्छ। त्यसैगरी त्यही परम्परामा हुर्किएका काव्यहरू पनि रसप्रयोगका दृष्टिले सबल नै बनेको देखिन्छ। लक्ष्मीप्रसाद देवकोटाको मौलिक महाकाव्य शाकुन्तल (वि.सं.२००२) मा पनि विविध रस र अलङ्कार आदिको प्रयोग भएको पाइन्छ। यो महाकाव्य पनि पूर्वीय साहित्यका

स्रष्टा महाकवि कालिदासको “अभिज्ञान शाकुन्तलम्” नाटकको प्रभाव ग्रहण गर्दै लेखिएको महाकाव्य हो। यसै गरी कवि गोविन्दराज विनोदीसम्म आइपुग्दा महाकाव्यपरम्पराले निकै ठूलो फट्को मारिसकेको देखिन्छ।

आधुनिक चरणका कवि गोविन्दराज विनोदीको पहिलो महाकाव्य *‘कैकेयी’* पनि पौराणिक विषयवस्तुलाई नै उपजीव्य बनाई लेखिएको महाकाव्य हो। यस महाकाव्यमा पुराणमा उपेक्षिता नारी पात्र कैकेयीको एकालापीय पद्धतिमा घटनाहरू वर्णन गरिएको छ। यसमा कैकेयीका मनका भावनाहरू प्रवाहित भएका छन्, त्यस्तै विविध परिवेश र तदनुकूल भावनाहरू र रसहरूको अभिव्यक्ति पनि भएका छन्। रसका प्रयोगका दृष्टिले कैकेयी महाकाव्य सार्वभौम भने देखिएको छैन तथापि यसको अङ्गी रसको रूपमा करुणरस नै अभिव्यक्त बनेको देखिन्छ। समग्रमा करुणरसप्रधान बनेको महाकाव्य *‘कैकेयी’* रस प्रयोगका दृष्टिमा सबल भने अवश्य रहेको छ। यसमा प्रयोग भएका रसहरू अत्यन्त परिपाकमा पुगेको अनुभव हुन्छ। यद्यपि सबै रसहरूको समान प्रयोग भने कैकेयी महाकाव्यले गर्न सकेको देखिँदैन तर पनि जुन जुन रस यसमा प्रयोग भएका छन् ती रसहरू सशक्त रूपमा आस्वाद्य बन्नु यस महाकाव्यको सफलता हो। विशेषतः रामको वनगमन, दशरथको मरण, भतरको विलाप, कैकेयीको पश्चात्ताप जस्ता विविध घटना र परिवेशका आधारमा यस कैकेयी महाकाव्य विशेषतः करुणरसप्रधान महाकाव्य सिद्ध भएको देखिन्छ। त्यसै करुण रसद्वारा विरेचित भई पात्रको भावना अनुकूल यसमा शान्तरसको पनि बाहुल्य रहेको छ। केही वीरताका उद्घोषहरू झल्किएका छन् त कतै हर्षादि भावहरू अभिव्यक्त भएका छन्। अतः नेपाली महाकाव्यको रसप्रयोगको परम्परामा कैकेयी महाकाव्यको योगदान करुणरसप्रयोगका दृष्टिले भने उच्च रहेको छ, तर समस्त रसप्रयोगका दृष्टिले भने सोचेजत्ति उच्चता हासिल गर्न सकेको देखिँदैन। नेपाली महाकाव्य पनि रसप्रयोगमा उत्कृष्ट र सशक्त बन्न पुग्नु *‘कैकेयी’* महाकाव्यको ठूलो योगदान साबित हुन्छ। त्यसैगरी संस्कृत साहित्यमा महाकवि भवभूतिले करुणरसलाई अङ्गी रस बनाएर उत्तररामचरित नाटक लेखेको देखिन्छ, त्यसैगरी नेपाली साहित्यमा पनि करुणरसलाई अङ्गी बनाएर समग्र महाकाव्यका घटनाहरूलाई तदनुकूल परिवेश र वस्तुस्थितिमै प्रतिपादन गर्न सफल बनेका विनोदीले यस महाकाव्यमा करुणरसलाई नै अङ्गी बनाएका छन्। यसै सिद्धान्तलाई आधार बनाई पछिल्ला महाकाव्यकारहरूलाई पनि यस किसिमको प्रयोग गर्न मार्गदर्शन मिल्न सक्ने देखिन्छ। यसैगरी *‘कैकेयी’* महाकाव्यले रसलाई परिपाकावस्थामा पुऱ्याउनका लागि वर्णन गरेका आलम्बन तथा उद्दीपन विभावहरू, अनुभावादि चेष्टाहरू, हर्ष, स्मृत्यादि व्यभिचारी भावहरूले तत्तत् रसका स्थायी भावहरूलाई परिपुष्टि गरेको देखिन्छ। त्यसैद्वारा तत्तत्

रसहरू प्रतिपादित भएका देखिन्छन् । यस किसिमको प्रयोगशैली र वर्णनशिल्पद्वारा पनि कैकेयी महाकाव्यले रसलाई अनुभूतिगम्य वा आस्वाद्य बनाएको देखिन्छ । यही नै नेपाली महाकाव्यको क्षेत्रमा होस् या समग्र काव्यको क्षेत्रमा होस्, कैकेयी महाकाव्यले दिएको महान् योगदान हो, जसद्वारा नेपाली महाकाव्यको आधुनिकयुगीन चरण अत्यन्त समृद्ध बनेको देखिन्छ ।

यसरी कैकेयी महाकाव्यमा प्रयोग भएका रसहरू र रसप्रतिपादन गर्न वर्णन गरिएका विभाव, अनुभाव र व्यभिचारी भावहरूको सान्दर्भिक समायोजनबाट पनि *'कैकेयी'* महाकाव्यले रसको क्षेत्रमा ठूलो फट्को मारेको देखिन्छ । पूर्वीय संस्कृत साहित्यमा प्रसिद्ध नौ रसहरूमध्ये विशेषतः हास्य र बीभत्सको मात्रा केही कम प्रयोग भएको देखिएता पनि महाकाव्यमा अन्य सात रसहरू भने सान्दर्भिक र प्रासङ्गिक रूपमा स्थानविशेषमा विशेषरूपमा प्रयोग भएकै देखिन्छन् । विशेषतः करुण रसको प्रयोग भएको कैकेयी महाकाव्य शान्तरसका दृष्टिले पनि उत्तिकै समृद्ध देखिन्छ । यहाँ शान्तरसको प्रतिपादन गर्ने सन्दर्भमा विभिन्न दार्शनिक दृष्टिकोणहरू प्रस्तुत भएका पाइन्छन् । अतः शान्तरसको प्रयोगको परिपाकावस्थामा पुऱ्याउन कविले जीवन, जगत् र ईश्वरवादी दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । त्यसपछि वीर र शृङ्गार रसको प्रयोग लगभग समान मात्रामा देखिन्छ । त्यसैगरी अद्भुत, रौद्र, भयानक रसको भने सामान्यरूपमा प्रयोग भएको पाइन्छ । यसरी महाकाव्यमा रसहरूले पात्रको भावनालाई प्रतिपादन गर्दै सहृदयीको मनलाई रोमाञ्चित बनाएको देखिन्छ । कैकेयीमा विधान गरिएका रसहरूले केवल पाठकहरूका लागि मात्र होइन, समग्र नेपाली साहित्यको क्षेत्रमा नै ठूलो उपलब्धि प्रदान गरेको छ । अतः कैकेयी महाकाव्यको रसविधानका दृष्टिले नेपाली काव्यक्षेत्रमा अत्यन्त महान् योगदान रहेको देखिन्छ ।

# पञ्चम परिच्छेद
# सारांश तथा निष्कर्ष

# पञ्चम परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ विषयपरिचय

यस परिच्छेदमा समग्र शोधप्रबन्धको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ। पूर्वीय संस्कृतकाव्यशास्त्रको मान्यताअनुसार रसको सैद्धान्तिक आधारमा गरिएको अध्ययन र कैकेयी महाकाव्यमा रसविधान सम्बन्धी समीक्षाको निचोड यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यहाँ प्रत्येक परिच्छेदको छुट्टाछुट्टै सारांश तथा निष्कर्ष प्रस्तुत गरिनुका साथै समग्र सारांश र निष्कर्ष पनि प्रस्तुत गरिएको छ।

## ५.२ सारांश तथा उपसंहार

यस शोधप्रबन्धमा विभिन्न विषयवस्तुहरूलाई छुट्टाछुट्टै परिच्छेदमा समायोजन गरी प्रस्तुत गरिएको छ । ती पाँच परिच्छेदमा प्रस्तुत गरिएका विषयवस्तुहरूको सारांश प्रस्तुत यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ५.२.१ प्रथम परिच्छेद

यस शोधपत्रको प्रथम परिच्छेको नाम *शोधपत्रको परिचय* हो । यस परिच्छेदमा समग्र शोधपत्रका विषयहरूको परिचय प्रस्तुत गरिएको छ जहाँ शोधविषयको परिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य तथा उपयोगिता, शोधको क्षेत्र तथा सीमाङ्कन, शोधविधि र सम्पूर्ण शोधप्रबन्धको पाँचै परिच्छेको रूपरेखा प्रस्तुत गरिएको छ । यी उपशीर्षकहरूद्वारा सामान्यतया शोधप्रबन्धको जानकारी गराइएको छ । समग्रमा भन्नुपर्दा प्रथम परिच्छेदले शोधप्रबन्धको समग्र परिचय प्रस्तुत गरेको छ ।

### ५.२.२ द्वितीय परिच्छेद

द्वितीय परिच्छेदको नाम *रसको सैद्धान्तिक आधार* हो । यस परिच्छेदमा पूर्वीय काव्यसिद्धान्तका आधारमा रसको परिचय विस्तृतरूपमा प्रस्तुत गरिएको छ । यहाँ भरतमुनिदेखि अहिलेसम्म आइपुग्दा रसको अवस्था के-कस्तो रहेको छ, नाट्यशास्त्रमा रसको चर्चा कसरी गरिएको छ, रसका सामग्रीहरू के-के हुन्, रस कति प्रकारका छन्, तिनीहरू कसरी अभिव्यक्त हुन पुग्दछन् भन्ने जस्ता प्रश्नहरूका उत्तरहरूको खोजी गरिएको छ । समग्रमा यो परिच्छेद रसको अन्वेषण र प्रतिपादनमै केन्द्रित हुन पुगेको छ ।

### ५.२.३ तृतीय परिच्छेद

यस परिच्छेदको नाम *कैकेयी महाकाव्यमा रसविधान* रहेको छ। यस शोधप्रबन्धको मुख्य विषयवस्तु यही परिच्छेदमा प्रस्तुत गरिएको छ। द्वितीय परिच्छेदमा अध्ययन गरिएको रससिद्धान्तका आधरमा यस परिच्छेदमा कैकेयी महाकाव्यमा प्रयुक्त रसहरूको अध्ययन गरिएको छ। कैकेयी महाकाव्यमा कुन-कुन रसहरू के-कस्तो रूपमा प्रयुक्त छन् भन्नेतर्फ अध्ययनले फट्को मारेको छ। यस परिच्छेदमा करुणरस, वीररस र शान्तरसलाई कैकेयी महाकाव्यको विशेष रसको प्रस्तुत गरिएको छ भने अन्य रसहरूलाई सामान्य रसको रूपमा प्रस्तुत गरिएको छ। कैकेयी महाकाव्यको अङ्गी रस करुणरस मानिएको छ र शान्तरस र वीररसलाई अधिक त्यसकै हाराहारीमा प्रयोग भएको तर राम्ररी परिपुष्ट हुन नसकेको अङ्गरसकै रूपमा प्रस्तुत गरिएको छ। अन्य हास्यादि रसहरू भने अत्यन्त कम प्रयोग भएको कुरा यस परिच्छेदमा प्रस्तुत गरिएको छ। समग्रमा यस परिच्छेदमा कैकेयी महाकाव्यमा प्रयुक्त समग्र रसहरूको इतिवृत्त प्रस्तुत गरिएको छ।

### ५.२.४ चतुर्थ परिच्छेद

यस परिच्छेदको नाम *कैकेयी महाकाव्यको योगदान* रहेको छ। यहाँ रसप्रयोगका आधारमा नेपाली साहित्यमा कैकेयी महाकाव्यको के-कस्तो योगदान रहेको छ भन्ने प्रश्नकै केन्द्रियतामा उत्तर खोज्ने कार्य गरिएको छ। पूर्वीय काव्यको उपजीव्यतामै नेपाली काव्यरचनाको इतिहासलाई कोट्याउँदै यहाँ कैकेयी महाकाव्यको पनि त्यही स्थिति रहेको कुरा उल्लेख गरिएको छ। त्यसैगरी वाल्मीकिरामायण र महाभारतादि ग्रन्थहरूको रस नेपाली उपजीव्य काव्यहरूमा पनि केही न केही अनुस्यूत हुने कुराको सङ्केत गर्दै कैकेयी महाकाव्यलाई पनि रसिक काव्यको रूपमा देखाइएको छ। जसबाट नेपाली काव्यले पनि रसको दृष्टिमा उच्चता पाएको विषयलाई पृष्ठपोषण गरिएको छ। तृतीय परिच्छेदको अध्ययनको निष्कर्षका आधारमा कैकेयी महाकाव्यको योगदान यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### २.२.५ पञ्चम परिच्छेद

यस परिच्छेदको नाम *सारांश तथा निष्कर्ष* रहेको छ। यस परिच्छेदमा शोधप्रबन्धको निष्कर्ष प्रस्तुत गरिएको छ। यहाँ परिच्छेदहरूको छुट्टाछुट्टै सारांश प्रस्तुत गरिएको छ र शोधप्रबन्धको उपसंहार पनि प्रस्तुत गरिएको छ।

## २.२.६ उपसंहार

नेपाली साहित्यका विविध विधामा कलम चलाउने स्रष्टा कवि गोविन्दराज विनोदीको एकमात्र महाकाव्य कैकेयी नारीवादी महाकाव्य हो। कवि विनोदीले पुराण र इतिहासमा उपेक्षिता नारी कैकेयीका अन्तर्मनका भावनाहरूलाई यस महाकाव्यमा अभिव्यक्त गर्ने जमर्को गरेको देखिन्छ। यसै महाकाव्यमा एकालापीय शैलीमा कैकेयीले वर्णन गरेका घटना र परिवेशका आधारमा यस महाकाव्यमा प्रयुक्त रसहरूको अध्ययन यस शोधप्रबन्धमा गरिएको छ। कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध कथनपद्धतिलाई आत्मसात् गर्दै कविले यस महाकाव्यमा आफ्ना भावनाहरू कैकेयीलाई नै बोल्न लगाएका छन्। विनोदीले महाकाव्यको अन्तिम सर्गमा मात्र कैकेयीप्रति सहानुभूतिका शब्दहरू स्वयं वक्ता भई प्रस्तुत गरेका छन्। यही कैकेयीको १८ सर्गको घटना र परिवेशलाई आधार बनाई यस शोधप्रबन्धमा रसहरूको अन्वेषण गर्ने जमर्को गरिएको छ। त्यसका निम्ति पूर्वीय काव्यसिद्धान्तको पनि अध्ययन गरिएको छ।

पूर्वीय काव्यसिद्धान्तअनुसार ईशाको प्रथम शताब्दीका भरतमुनिले प्रतिपादन गरेको रससूत्रका आधारमा विभाव, अनुभाव र व्यभिचारी भावको संयोजनबाट नै रसको निष्पत्ति हुन्छ। काव्यको सन्दर्भमा प्रायः काव्यशास्त्रचिन्तक आचार्यहरूले नौ रसहरूको चर्चा गरेका छन्। हुन त भरतमुनिले आठ वटा रसहरू मात्र स्विकारेको देखिन्छ तथापि आचार्य उद्भटले सर्वप्रथम नवौँ रस शान्तलाई पनि मान्यता दिए। यद्यपि शान्तरसको विषयमा भरतले पनि नबोलेका भने होइनन् तर नाटकमा शान्तरसको अनुभूति नटहरूले गर्न नसक्ने रहस्य दशरूपककार धनञ्जयादिको रहेको छ। यसरी नौ रसको रूपमा प्रसिद्ध शृङ्गारादि रसहरू संस्कृत साहित्यबाट नेपाली, हिन्दी आदि साहित्यमा पनि प्रसिद्ध बनेका देखिन्छ। तिनै रसहरूको सुन्दर समायोजनाबाट नै काव्य रसमय र रमणीय बन्न पुग्दछ भन्ने मान्यता सत्रौँ शताब्दीका पूर्वीय काव्यचिन्तक जगन्नाथको रहेको छ। रसको नौ स्थायी भाव र त्यसको सहचारीका रूपमा ३४ भावहरूको चर्चा पूर्वीय साहित्य शास्त्रमा गरिएको पाइन्छ। हुन त ३३ वटा मात्र सञ्चारी भावहरू मम्मटादि आचार्यहरूले चर्चा गरेका छन्, तर आचार्य जगन्नाथले नृपपुत्रादिविषयक रति भनी ३४ औँ रतिभावलाई पनि स्विकारी वात्सल्य रसलाई खण्डन गरेका छन्। त्यसैगरी देवादिविषयक रति भनी भक्तिरसलाई पनि खण्डन गरेका छन्। यसरी यिनै सञ्चारी र स्थायी भावहरूद्वारा नै मानवीय मनमा रसानुभूति हुने नाट्यसूत्रकार भरतकै मान्यता कालकालान्तरसम्म अविभाजित रही स्थापित भएको पाइन्छ। त्यसैगरी भरतमुनिको रससूत्रको व्याख्याको विविधताले पनि पूर्वीय काव्यशास्त्र अनुसन्धान गर्न योग्य बनेको देखिन्छ। यिनै पूर्वीय रसहरू, रसका मान्यताहरू र भावहरूको राम्ररी अध्ययन गरी कवि गोविन्दराजद्वारा लिखित कैकेयी महाकाव्यको रससम्बन्धी

मूल्याङ्कन गर्दा कैकेयी महाकाव्य रसको उत्कृष्ट प्रयोगभूमि बनेको देखिन्छ। विशेषतः यस महाकाव्य करुणरसकै प्रमुखतामा अघि बढेको छ भने वीर र शान्त रसले अन्य रसहरूभन्दा बढी भूमिका खेलेको देखिन्छ। करुणरसको प्रधानतामा वीर र शान्तरसद्वारा संवर्धित हुँदै रौद्रादि रसहरूसँग पनि स्पर्श गर्दै कैकेयी महाकाव्य भावकको हृदयमा परमानन्दको अनुभूति गराउन सफल भएकै देखिन्छ। रामको राज्याभिषेक, वनगमन, दशरथको मृत्यु, भ्रातृपितृवियोग आदि सन्दर्भहरूको कारणले कैकेयी महाकाव्य शोकको केन्द्रविन्दु बनी करुणरसको समुद्र बनेको छ भने कहीँ कतै कैकेयी र दशरथका वीरतामय शब्दको झङ्कारले झङ्कृत पनि बन्न पुगेको देखिन्छ। त्यस्तै कतै जीवन र जगत्प्रतिको विमोह, वितृष्णा अभिव्यक्त छ भने कतै सुन्दर जीवनलाई सुन्दरतामय ढङ्गले नै बिताउनुपर्ने रमणीय कथन उल्लसित भएको छ जसद्वारा शान्तरसको पनि सुन्दर प्रयोग महाकाव्यमा देखिन्छ। यसबाहेक शृङ्गारादि रसहरूको प्रयोगबाट पनि महाकाव्य उत्कृष्ट बन्न पुगेको देखिन्छ। नेपाली महाकाव्यको परम्परामा कैकेयी महाकाव्यले पनि उत्कृष्ट स्थान हासिल गरेको देखिन्छ। त्यस्तै रसप्रयोगका दृष्टिले रसिक काव्यका रूपमा अमूल्य योगदान पनि दिएको देखिन्छ।

यसरी कैकेयी महाकाव्य रसप्रयोगका दृष्टिले समृद्ध महाकाव्य बनेको छ जसमा अङ्गी रसको रूपमा करुण रस प्रयुक्त छ भने वीररस र शान्तरस अन्य अङ्गरसहरूभन्दा बढी सबल भएको देखिन्छ। त्यस्तै शृङ्गार, रौद्र, भयानक, बीभत्स, हास्य रसहरूको प्रयोगका दृष्टिले पनि महाकाव्य अछुतो भने रहन सकेको देखिँदैन। महाकाव्यमा जेजस्तो किसिमले जति मात्रामा रसको परिपुष्टि भएको छ, त्यो सफल रूपमा नै भएको देखिन्छ। रसका अतिरिक्त स्वतन्त्र व्यभिचारी भावहरू पनि विविध परिवेशमा अभिव्यक्त भएका छन् जसद्वारा काव्यमा आनन्दानुभूति भएको देखिन्छ। यसरी रसप्रयोग र भावप्रयोगका दृष्टिले कैकेयी महाकाव्य अत्यन्त सबल र सक्षम देखिन्छ।

## ५.३ समग्र निष्कर्ष

समग्र भाषाको विस्तृत रूप नै वाङ्मय हो । संस्कृतवाङ्मयको छत्रछायामा हुर्किएको नेपाली वाङ्मयको इतिहास पनि निकै लामो छ । नेपाली भाषाको लिखित अभिलेखको इतिहासलाई नियाल्दा ११ औँ शताब्दीदेखि आजसम्म आइपुग्दा यसले विविध तह र सीमालाई पार गरिसकेको देखिन्छ । प्रबन्ध, काव्य र आख्यानका क्षेत्रमा उत्कृष्टता हासिल गरिसकेको नेपाली साहित्यमा पौरस्त्य परम्परा र पाश्चात्त्य परम्पराका प्रभाव स्वाभाविक रूपमा परेकै देखिन्छ । यिनै सन्दर्भमा पौरस्त्य साहित्यका सिद्धान्तहरू र पाश्चात्त्य सिद्धान्तका वाद तथा प्रणालीहरू पनि नेपाली साहित्यले यथासम्भव ग्रहण गरेको देखिन्छ ।

यसै सन्दर्भमा नेपाली काव्यसाहित्यले पूर्वीय रससिद्धान्तलाई पनि प्रशस्त मात्रामा अङ्गीकार गरेको देखिन्छ ।

रससिद्धान्त पूर्वीय काव्यसिद्धान्तमध्ये सबैभन्दा पुरानो सिद्धान्त हो । भरतमुनिद्वारा प्रतिपादित रससूत्रका आधारमा रसनिष्पत्तिको विषयमा भट्टनायक, भट्टलोल्लट, श्रीशङ्कुक र अभिनवगुप्त आदि आचार्यहरूले आआफ्नो धारणा अभिव्यक्त गरेका छन् । भरतमुनिले ८ वटा रसहरूमात्र स्विकारेता पनि उनकै सङ्केतानुसार आचार्य उद्भटले सर्वप्रथम नवौँ शान्तरसको उल्लेख गरेको देखिन्छ । त्यसैगरी वात्सल्य र भक्ति जस्ता अतिरिक्त रसहरूको पुत्रादिविषयक रति र देवादिविषयक रति भावको स्वीकार गरी आचार्यहरूले निराकरण गरेका छन् । अतः समग्रमा नौ वटा रसहरूमात्र निर्दोषरूपमा बहुआचार्यसम्मत देखिन्छन् । ती रसहरूका विभाव, अनुभाव र व्यभिचारिभावका सन्दर्भमा पनि आचार्यहरूले विशेष रूपमा उल्लेख गरेका छन् । रससंख्याका अनुसार स्थायिभाव पनि नौ वटै स्विकारिएको छ । त्यही रससिद्धान्तका आधारमा कैकेयी महाकाव्य पनि रसमय महाकाव्यको रूपमा देखिएको छ । यसमा अङ्गी रसको रूपमा करुणरस प्रयोग भएको छ भने विशेष रूपमा शान्त र वीर रसले प्रतिनिधित्व गरेका छन् । रामको राज्यविभ्रष्ट, दशरथको मृत्यु, भरतको विलाप, कैकेयीको पश्चात्ताप आदि घटना र परिवेशबाट करुण रस विशेषरूपमा परिपाकावस्थामा पुगेको देखिन्छ । यसै रसको अन्तरालमा जीवन, जगत् र विषयहरूप्रति वितृष्णा भाव जगाउने अभिव्यक्तिहरूद्वारा शान्तरस पनि परिपुष्ट अवस्थामा पुगेको देख्न सकिन्छ । कथाका सुरुवाती चरणहरूमा भने कैकेयीका पूर्वस्मृति आदिमा शृङ्गार र वीररसको सन्दर्भ देखिन्छ । त्यस्तै रौद्र, अद्भुत, भयानक रस भने काव्यमा विभिन्न परिवेशमा सामान्यरूपमा प्रयोग भएका देखिन्छन् तर हास्य र बीभत्स रस भने अत्यन्त न्यून स्थानमा समाविष्ट भएका छन् । हास्य रस व्याङ्ग्यात्मक रूपमा मात्र आएको देखिन्छ भने बीभत्स रस वर्षाकालिक वर्णनको सन्दर्भमा देखिएको छ । कहीँकतै रसहरूको विभावादि देखिएता पनि स्थायी भाव परिपुष्टिको अवस्थामा नपुग्दा भावध्वनिको अभिव्यक्ति मात्र दिएको देखिन्छ । यसरी समग्रमा रसप्रयोगका दृष्टिले कैकेयी महाकाव्य समृद्ध देखिएको छ ।

# सन्दर्भग्रन्थसूची

# सन्दर्भग्रन्थसूची


अज्ञात कपिल. (२०७५).“काव्यिक उत्कर्षका रूपमा कैकेयी”. डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. ६०-६४). नवलपरासी: ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

अधिकारी पूर्णप्रसाद. (२०७५).“श्री गोविन्दराज विनोदी र कैकेयी महाकाव्यको संक्षिप्त अवलोकन”. डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. २९६-३०५). नवलपरासी: ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

अन्नम्भट्ट. (सन् १९८९). *तर्कसंग्रह*. नर्वदेश्वर तिवारीद्वारा अनूदित. वाराणसी: भारतीय विद्या प्रकाशन.

अभागी सदानन्द. (२०७५).“शूर्पणखा खण्डकाव्य र कैकेयी महाकाव्यका गोविन्दराज विनोदी”. डी. आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. ४७२-४८५). नवलपरासी: ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

अभिनवगुप्त. (सन् १९५६). “अभिनवभारती”. भरतमुनिद्वारा लिखित, रामकृष्णकविद्वारा सम्पादित, *नाट्यशास्त्रम्*. प्रथम संस्करण. बारोडा: ओरिन्टल इन्स्टिच्युट.

अमरसिंह. (२०७७). *अमरकोश*. चिरञ्जीवी खतिवडाद्वारा अनूदित. देवघाट: ॐ नमः शिवाय प्रकाशन.

आचार्य भानुभक्त. (२०७६). *भानुभक्तको रामायण*. आठौँ संस्करण. ललितपुर: साझा प्रकाशन.

आमोदी केशवराज. (२०७५). “कविवर गोविन्दराज विनोदी र महाकाव्यको सन्दर्भ”. डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. ८६-९२). नवलपरासी: ज्येष्ठनागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

ईशादि दश उपनिषद्. (२०७३). रामानन्द गिरिद्वारा अनूदित. देवघाट: महेश संस्कृत गुरुकुल.

कोइराला धनपति. (२०७५). "कैकेयी अलङ्कारका दृष्टिले पनि कालजयी". डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. १८९-२०१). नवलपरासी: ज्येष्ठनागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

खनाल नारायणप्रसाद. (२०७५). "कवि गोविन्दराज विनोदी : व्यक्ति र कृति". डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. २१९-२८४). नवलपरासी: ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

जगन्नाथ. (सन् १९८८). *रसगङ्गाधर*. भट्टमथुरानाथशास्त्रीद्वारा संम्पादित. वाराणसी: मोतीलाल वनारसीदास.

ज्ञवाली रामप्रसाद, र अन्य. (२०७०). *ऐच्छिक नेपाली कक्षा ११*. सातौँ संस्करण. काठमाडौँ: भुँडीपुराण प्रकाशन.

ढकाल वेणीमाधव. (२०७५). "शुभाशीर्वचनका शब्दावली". डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. ३-५). नवलपरासी: ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

ढुङ्गेल भोजराज र दाहाल दुर्गाप्रसाद. (२०६५). *साहित्यशास्त्र र नेपाली समालोचना*. काठमाडौँ: एम् के पब्लिसर्स एण्ड डिष्टिव्युटर्स.

देवकोटा लक्ष्मीप्रसाद. (२०२५). *नवरस*. मोहनराज शर्माद्वारा सम्पादित. वाराणसी: नेपाली साहित्य घर.

नगेन्द्र. (सन् १९६९). *रससिद्धान्त*. द्वितीय संस्करण. दिल्ली: नेशनल पब्लिसिङ हाउस.

परिश्रमी घनश्याम न्यौपाने. (२०७५). "कैकेयी महाकाव्यको अनुगमनात्मक अध्ययन". डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. १४२-१५२). नवलपरासी: ज्येष्ठनागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

पौड्याल एकनारायण. (२०७५). "कैकेयी महाकाव्यमा रसविधान". डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. ४६-५३). नवलपरासी: ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

प्रभात रमेश. (२०७५). “चितवनको महाकाव्य यात्रामा कैकेयी महाकाव्यको योगदान”. डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. ३९६-४०३). नवलपरासी: ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

भरतमुनि . (सन् १९४३). *नाट्यशास्त्रम्*. केदारनाथद्वारा सम्पादित. मुम्बई: निर्णयसागर प्रेस.

भरतमुनि. (सन् १९५६). *नाट्यशास्त्रम्*. प्रथम संस्करण. रामकृष्णकविद्वारा सम्पादित. बारोडा: ओरिन्टल इन्स्टिच्युट.

भवभूतिः. (सन् १९९९). *उत्तररामचरितम्*. चतुर्थ संस्करण. रमाकान्त त्रिपाठीद्वारा अनूदित. वाराणसी: चौखम्बा सुरभारती प्रकाशन.

भास. (२०५६). *प्रतिमानाटकम्*. गङ्गासागररायद्वारा अनूदित. वाराणसी: चौखम्बा संस्कृत संस्थान.

मम्मट. (२०५८). काव्यप्रकाश. शिवजी उपाध्यायद्वारा सम्पादित. वाराणसी: सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय.

मम्मट. (सन् १९८६). काव्यप्रकाश. पारसनाथ द्विवेदीद्वारा अनूदित. आगरा: विनोद पुस्तक मन्दिर.

विनोदी गोविन्दराज. (२०७४). *कैकेयी*. काठमाडौँ: शिखा बुक्स्.

विश्वनाथः. (२०१४). *साहित्यदर्पणः*. सत्यव्रतसिंहद्वारा सम्पादित. वाराणसी: चौखम्बा विद्या भवन.

शर्मा मोहनराज . (२०२५). “रसचिनारी”. लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित. *नवरस* (पृ. १-९२). वाराणसी: नेपाली साहित्य घर.

शर्मा मोहनराज र लुइटेल खगेन्द्रप्रसाद. (२०६७). *पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्त*. तेस्रो संस्करण. काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार.

श्रेष्ठ कृष्णादेवी शर्मा. (२०७५). “कैकेयी महाकाव्यमा नारीवाद”. डी.आर् पोखरेलद्वारा सम्पादित, *गोविन्दराज विनोदी : जीवन र सृष्टि* (पृ. १०४-१०९). नवलपरासी: ज्येष्ठनागरिक कल्याणकारी प्रतिष्ठान नेपाल.

सिग्देल भुवनहरि. (२०७४). “?”. गोविन्दराज विनोदीद्वारा लिखित. *कैकेयी* (पृ. आवरणपृष्ठ). काठमाडौँ: शिखा बुक्स्.

सिग्देल दीपककुमार. (२०७४). *‘कैकेयी’ महाकाव्यको विधातात्त्विक अध्ययन* (अप्रकाशित शोधप्रबन्ध)।

हेमचन्द्राचार्य. (१९८५). *अनेकार्थसंग्रह*. बनारस: चौखम्बा संस्कृत सिरीज अफिस.